# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## प्रदेश नं. २




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# प्रदेश नं. २



# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८
# प्रदेश नं. २

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# Serving the Nation and the People

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

नेपालका
महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्याः २०७८।७९
च.नं. ४८

मितिः २०७८।०५।४

**विषयः वार्षिक प्रतिवेदन**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं.२, जनकपुर ।

नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश नं. २ को आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छ ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| महालेखापरीक्षकको भनाइ | | |
| लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | | |
| सञ्चितकोष उपर राय | | |
| परिच्छेद १ | लेखापरीक्षण गरिएका निकायको विवरण | १ |
| परिच्छेद २ | लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति | ४ |
| परिच्छेद ३ | लेखापरीक्षणबाट देखिएको व्यहोरा | ७ |
| | लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा | ७ |
| | मन्त्रालय र निकायगत व्यहोरा | २० |
| | १. प्रदेश सभा सचिवालय | २० |
| | २. प्रदेश लोक सेवा आयोग | २४ |
| | ३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २५ |
| | ४. आर्थिक मामिला तथा योजना मन्त्रालय | ३२ |
| | ५. आन्तरिक मामिला तथा कानून मन्त्रलय | ४१ |
| | ६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ४४ |
| | ७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ५० |
| | ८. भौतिक पूर्वाधार विकास मन्त्रालय | ५८ |
| | ९. सामाजिक विकास मन्त्रालय | ७५ |
| | १०. मुख्य न्यायाधिवक्ताको कार्यालय | ८६ |
| | ११. प्रदेश योजना आयोग | ८७ |
| परिच्छेद ४ | प्रतिवेदन कार्यान्वयन स्थिति | ८८ |
| परिच्छेद ५ | सुधारका क्षेत्रहरू | ८९ |
| | अनुसूचीहरू | ९३ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठीत संस्था र संघीय कानुन बमोजिम महालेखा परीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लेखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदनमा लेखापरीक्षण गरिएको निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ । प्रस्तुत प्रतिवेदन प्रदेश सभा, सार्वजनिक लेखा समितिमा छलफलद्वारा कार्यान्वयनमा आई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने कुरामा विश्वस्त छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ । सरकारी लेखापरीक्षकहरूको आचारसंहिता लागु गरी सो को पालना सुनिश्चित गर्न अनुगमनको समेत व्यवस्था मिलाईएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १२८ निकायको रु.३१ अर्ब ९८ करोड ६२ लाख २८ हजार लेखापरीक्षण सम्पन्न भएकोमा रु.१ अर्ब ८० करोड ५९ लाख १८ हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको ५.६५ प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको ७.०९ प्रतिशत बेरुजु कायम रहेकोमा यस वर्ष ५.६५ प्रतिशत भई बेरुजु प्रतिशत घटेको छ । यो वर्ष म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु मानिएको छैन ।

प्रदेश अन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्य रूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्न एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गरिनुपर्ने देखिएको छ । प्रदेश र स्थानीय तहका पदाधिकारीले प्राप्त गर्ने सेवा सुविधामा एकरुपता कायम गर्नुपर्ने, राजस्व सङ्कलनलाई प्रभावकारी बनाई संघीय सरकारबाट प्राप्त हुने अनुदानप्रतिको निर्भरतालाई न्यूनिकरण गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गर्ने, दिगो विकास

लक्ष्यलाई प्राप्त गर्न योजना तथा कार्यक्रममा समावेश गरी संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्दछ ।

विकास निर्माणतर्फ परियोजना बैंकमा संकलित योजनामध्ये बढी उपलब्धीमुलक छनौट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरू सम्पादन भई दोहिरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनमा लगानी नगर्ने, अनुदान र सहायता जस्ता वितरणमुखी कार्यक्रमहरूमा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरू समेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी जनसहभागिता जुटाई कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । त्यस्तै फजुल खर्च घटाउने, अनावश्यक खर्च कटौती गर्ने, प्रदेश सरकार र मातहतका निकायमा हुने अनियमितता, भ्रष्टचारजन्य क्रियाकलाप नियन्त्रण गर्न नियमित अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गरी सुशासन कायम गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहलाई नमुनाको रूपमा सञ्चालन गर्न सकिने देखेको छु । यस प्रतिवेदनमा प्रदेश सरकारको कार्य क्षेत्र र मन्त्रालय तथा निकायहरुको विस्तृत विश्लेषण सहित समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष पेश गरेको प्रतिवेदन यथासमयमा प्रदेश सभामा पेश हुनुपर्दछ । यसबाट जनप्रतिनिधिको थलोमा समयमै प्रतिवेदनउपर छलफल भई समस्या समाधान गर्न सहज हुने भएकोले यस्तो प्रतिवेदन पेश भएपछि प्रदेश सभामा तत्काल पेश गरी छलफलको व्यवस्था हुनुपर्दछ ।

प्रदेश सरकारलाई संघ र स्थानीय तहबीच समन्वय कायम गरी वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकत्तम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने अवसर प्राप्त भएको छ । नेपालको संविधान बमोजिम आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरू, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू, प्रदेश सभा सदस्यज्यूहरू लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, कोरोना भाइरसको महामारीको बाबजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्ने तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानूनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता कार्यदक्षता र प्रभाकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,
- कोभिड १९ को विश्वब्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानूनसम्मत एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत **१२८** निकायको २०७६।७७ को र एक कार्यालयको २०७५/७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति** : लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरुलाई जोखिम मूल्यांकनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ६१ निकायको विस्तृत लेखापरीक्षण, मध्यम जोखिमयुक्त **३०** निकायको प्रदेश एकल

कोष खाताबाट छनौट गरिएका कारोवारको परीक्षण र न्यून जोखिमयुक्त **३७** निकायको सम्बन्धमा दूर लेखापरीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तर्क्रिया :** महालेखापरीक्षकको २०७६/७७ को लेखापरीक्षणको सिलसिलामा प्रदेश नं. २ का सम्पूर्ण निकायका उच्च पदस्थ पदाधिकारीहरुसँग लेखापरीक्षणमा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता, पारदर्शिता र लेखापरीक्षण कार्यक्रम सम्बन्धमा भर्चुअल माध्यमबाट छलफल भएको थियो ।

६. **वार्षिक प्रतिवेदन :** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा **१४ अनुसूची** रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौ, नेपाल
Babar Mahal, Kathmandu, Nepal
२०१६

पत्र संख्या : २०७८।७९
च.नं. : ३२

मिति : २०७८।५।३

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नं. २, जनकपुरधाम, धनुषा।

विषय : प्रदेश सञ्चित कोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले प्रदेश नं. २ प्रदेश सञ्चित कोष को आर्थिक वर्ष २०७६।७७ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु (अनुसुचि १४) को लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधी र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानून बमोजिम सारभुत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. प्रदेश सञ्चित कोषको स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन।
२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु. १ अर्ब ७२ करोड ३२ लाख १० हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु. १५ करोड ९ लाख ५२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ७० करोड ४६ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु. ४९ करोड २० लाख ८५ हजार र पेश्की बाँकी रु. ३७ करोड ५५ लाख १७ हजार रहेको छ। यसैगरी अन्य संस्था एवं समिति तर्फ रु. ८ करोड २७ लाख ८ हजार बेरुजु देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रु. १ करोड ५५ लाख ७६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड ८८ लाख २६ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ३७ लाख ८५ हजार र पेश्की बाँकी रु. १ करोड ४५ लाख २१ हजार रहेको छ।
३. प्रदेश सरकारले स्थिर सम्पतीको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन। सम्पतिको विस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।
४. प्रदेश सरकारको लागि रु. ७ अर्ब ८ करोड ५९ लाख समानीकरण अनुदान प्राप्त भएको मध्ये रु. १ अर्ब ५६ करोड ३० लाख खर्च भै रु. ५ अर्ब ५२ करोड २९ लाख प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ। समानिकरण अनुदान रकम २२.०५ प्रतिशत मात्र खर्च हुँदा कार्यक्रम संचालनमा असर पर्न गएको छ।
५. संघिय सरकारबाट प्रदेश सरकारको लागि रु. ६ अर्ब ९५ करोड ७० लाख ३२ हजार सर्शत अनुदान, रु. २३ करोड ३७ लाख समपुरक अनुदान र रु. ६५ करोड विशेष अनुदान समेत रु. ७ अर्ब ८४ करोड ७ लाख ३२ हजार अनुदान प्राप्त भएकोमा बर्षान्तसम्म खर्च हुन नसकी रु ३ अर्ब ५८ करोड १० लाख १३ हजार बचत रहेको छ। उक्त रकम संघीय संचितकोषमा फिर्ता भएको छ। सर्शत अनुदान पनि खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा प्रभाव पर्न गएको छ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

६. प्रदेश र स्थानीय तह बिच बाँडफाड हुने राजश्व जम्मा हुने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले विभाज्य कोषको आय-व्यय विवरण तयार गरेको छ। साविक जिम्मेवारी समेत जम्मा रु. ८८ करोड ६१ लाख ९३ हजार आय देखिएकोमा रु. ६३ करोड ६ लाख २ हजार विभाजन गरी २५ करोड ५५ लाख ९१ हजार प्रदेश विभाज्य कोषमा बाँकी रहेको छ। उक्त रकम ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत स्थानीय संचित कोषमा विभाजन गर्नुपर्दछ।

७. प्रदेश सरकारको श्रोतबाट वित्तीय हस्तान्तरण मार्फत समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान रु. २ अर्ब ६८ करोड २८ लाख ९५ हजार १३६ स्थानीय तहलाई निकासा गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७६ आषाढ मसान्त सम्मको सम्बन्धित स्थानीय तह अनुसार वास्तविक खर्च तथा फिर्ता गर्नुपर्ने रकम भिडान नगरी हस्तान्तरण गरेको सबै रकमलाई खर्चमा खुलासा गरेको छ। यथार्थ खर्चको विवरण लिई बाँकी हुने रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्दछ।

८. प्रदेश संचित कोषले देखाएको प्राप्ती तथा भुक्तानी विवरणमा प्रदेशको आन्तरिक श्रोत हिसाब मध्ये रु. ३ करोड ७८ लाख ४३ हजार साटन बाँकी चेक रहेकोमा पुर्ण आय लेखाङ्कन गरी हिसाब मिलान गरेको देखिएन।

९. प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको एकीकृत प्रदेश धरौटी हिसाबमा साविक जिम्मेवारी बाँकी रु. ४३ करोड ७४ लाख रहेकोमा यो वर्ष साविक जिम्मेवारी ४७ करोड ९७ लाख देखाएबाट रु. ४ करोड २३ लाख बढी जिम्मेवारी देखाएको छ। त्यसैगरी धरौटी बाँकीमा श्रेस्ता र बैंक बिच रु. १४ लाख फरक परेकोमा हिसाब मिलान गरेको छैन।

१०. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग,बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन्।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। संचितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसङ्ग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

### वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभुत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ। प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरु प्रदेश संचितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(ईश्वर नेपाल)
उप-महालेखापरीक्षक

## परिच्छेद-१

# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण :** यो वर्ष प्रदेश मातहत सरकारी निकाय १२० को रु.२९ अर्ब ९९ करोड ४ लाख ११ हजार र समिति तथा अन्य संस्था ८ को रु.१ अर्ब ९९ करोड ५८ लाख १७ हजार समेत रु.३१ अर्ब ९८ करोड ६२ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(रु. हजारमा)

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय | संख्या | रकम |
|---|---|---|---|
| १. | सरकारी कार्यालय | १२० | २९९९०४११ |
| २. | अन्य संस्था र समिति | ८ | १९९५८१७ |
| | **जम्मा** | **१२८** | **३१९८६२२८** |

लेखापरीक्षण गरिएका निकायहरुको विवरण **अनुसूची- १ (क)** मा उल्लेख छ ।

१. **सरकारी निकाय :** यो वर्ष १२० सरकारी निकाय र बक्यौता १ को विनियोजन/राजश्व/धरौटी र अन्य तर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः-

(रु. हजारमा)

| क्र.सं. | कारोबार | चालु वर्ष | बक्यौता रकम | जम्मा |
|---|---|---|---|---|
| १. | विनियोजन | १८०१७१९२ | १०००३४३ | १९०१७५३५ |
| २. | राजश्व | ९८०९७४१ | ३९२ | ९८१०१३३ |
| ३. | धरौटी | ८०१४८५ | ३९६७३ | ८४११५८ |
| ४. | अन्य (विविध) | ३२१५८५ | ० | ३२१५८५ |
| | **जम्मा** | **२८९५०००३** | **१०४०४०८** | **२९९९०४११** |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छ ।

२. **समिति र अन्य संस्था :** यो वर्ष ८ समिति र अन्य संस्थाको रु.१ अर्ब ९९ करोड ५८ लाख १७ हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण **अनुसूची- ३ र ४** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ ।

- **प्रदेश बजेट र राजश्वको कार्यान्वयन स्थिति**

३. **प्रदेश बजेट तथा खर्च :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७६/७७ को बजेट अनुमान र यथार्थ खर्च (संघीय कार्यालयमा भएको खर्च समेत) निम्नानुसार छः-

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७६/७७ को | | |
|---|---|---|---|
| | संशोधित बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु | २२०६६४६५ | ९७८१९६२ | ४४.३३ |
| पुंजीगत | २२४४६१५३ | ८२३५२३० | ३६.६९ |
| **जम्मा** | **४४५१२६१८** | **१८०१७१९२** | **४०.४८** |

४. **खर्चको स्थिति :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको कूल चालु र पुँजीगत खर्चको निकायगत विवरण निम्नानुसार छः-

(रु. हजारमा)

| सि.नं | निकाय | संशोधित बजेट | | यथार्थ खर्च | |
|---|---|---|---|---|---|
| | | चालु खर्च | पुँजीगत खर्च | चालु खर्च | पुँजीगत खर्च |
| १ | प्रदेश सभा सचिवालय | ३९०९९० | १४१७९३ | २८६३७२ | ११७००९ |
| २ | मुख्य न्यायधिवक्ताको कार्यालय | ३२४८३ | १११५० | २२३४४ | ११०२१ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १११३१५१ | ३३७७३१६ | ५२०५८१ | २६३३१५५ |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ८८४६९९० | ४१४०३३८ | ३६४८४८८ | ५६१८९ |
| ५ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २९४५९५ | ७९४५७५ | १६८१५७ | २००९२० |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १७०२९९४ | १९९५२२५ | १११६१४८ | ६०७०९६ |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २३४५१३२ | १३४३७२८ | ९३८५४२ | २७७९६० |
| ८ | भौतिक पुर्वाधार विकास मन्त्रालय | २६३३९५१ | ९६४१२७४ | ९६७५६६ | ४२५०१२५ |
| ९ | सामाजिक विकास मन्त्रालय | ४६५८३२३ | ९९२३७४ | २१०२७६७ | ८३४३९ |
| १० | प्रदेश नीति तथा योजना आयोग | ४७८५६ | ८३८० | ८५८२ | ७३१ |
| | **जम्मा** | **२२०६६४६५** | **२२४४६१५३** | **९७७९५४७** | **८२३७६४५** |

आर्थिक मामिला तथा योजना मन्त्रालयमा अर्थ विविध, आन्तरिक ऋण र स्थानीय तहको बजेट खर्च समेत समावेश छ। लोकसेवा आयोगको चालु तथा पुँजीगत खर्च अर्थ विविधमा समावेश छ ।

५. **स्रोतगत अनुमान र यथार्थ खर्च :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७६/७७ को शुरु बजेट अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. हजारमा)

| स्रोत | २०७६/७७ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| | शुरु बजेट अनुमान | यथार्थ खर्च | |
| **संघीय सरकार तर्फ** | | | |
| समानीकरण अनुदान | ७०८५९०० | १५६२९५८ | २२.०५ |
| सःशर्त अनुदान | ८१८७८३४ | ३९७३८४६ | ४८.५३ |
| समपूरक अनुदान | १५००००० | ३२९८२ | २.१९ |
| विशेष अनुदान | ५००००० | २५२८९१ | ५०.५७ |
| **प्रदेश सरकार तर्फ** | | | |
| प्रदेश सरकार अनुदान | २१४५१९२७ | १२१९४५१५ | ५६.८४ |
| **जम्मा** | **३८७२५६६१** | **१८०१७१९२** | **४६.५२** |

कूल खर्चको ३२.३१ प्रतिशत संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान र प्रदेश सरकारको श्रोत ६७.६८ प्रतिशत रहेको छ ।

६. **संघीय निकायलाई बजेट :** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट संघीय सरकारका कार्यक्रम संचालन गर्न बजेट अख्तियारी दिएको मध्ये ४४ संघीय कार्यालयले रु.४५ करोड ७७ लाख ३३ हजार बजेट खर्च गरेका छन् । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित जिम्मेवार अधिकृतलाई उपलब्ध गराईएको छ। यसको विवरण **अनुसूची-१२** मा समावेश छ ।

७. **राजश्व असुलीः** प्रदेश सरकार सञ्चालनको मूल आधार राजश्व संकलन र परिचालन रहेको छ । प्रदेश विनियोजन ऐन, २०७५ अनुसार यो वर्षको लागि राजश्व तर्फ रु.१३ अर्ब ५४ करोड ३२ लाख प्राप्त हुने अनुमान गरेकोमा रु.९ अर्ब ८० करोड ९७ लाख प्राप्त भई अनुमानको तुलनामा ७२.४३ प्रतिशत असुल भएको छ । आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारले प्राप्त गरेको राजश्व तथा आयको विवरण निम्न अनुसार छः

(रु. हजारमा)

| शीर्षक | राजश्व संकेत | राजश्व असुली | कूल असुलीको प्रतिशत |
|---|---|---|---|
| कर राजश्व | ११००० | ७०४१९८९ | ७१.७८ |
| गैर कर राजश्व | १४००० | १७०९४७३ | १७.४२ |
| बेरुजु र अनुदान फिर्ता | १५१०० | २२६०६३ | २.३१ |
| बाँडफाँट हुने राजश्व | ३३१०० | ८३२६०८ | ८.४९ |
| **जम्मा** | | **९८१०१३३** | **१००** |

यसको विवरण **अनुसूची – ८** मा समावेश छ ।

# परिच्छेद-२

# लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजुः** प्रदेश नं २ आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजु रु.१ अर्ब ८० करोड ५९ लाख १८ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा | कुल बेरुजुको प्रतिशत |
|---|---|---|---|---|
| **जम्मा बेरुजु** | **१७२३२१०** | **८२७०८** | **१८०५९१८** | **१००** |
| १. **असुल गर्नुपर्ने** | **१५०९५२** | **१५५७६** | **१६६५२८** | **९.२२** |
| २. **नियमित गर्नुपर्ने** | **११९६७४१** | **५२६११** | **१२४९३५२** | **६९.१८** |
| ● अनियमित भएको | ४९२०८५ | २३७८५ | ५१५८७० | २८.५७ |
| ● प्रमाण कागजात पेश नभएको | ७०४६५६ | २८८२६ | ७३३४८२ | ४०.६१ |
| ● जिम्मेवारी नसारेको | | | | |
| ● शोधभर्ना नलिएको | | | | |
| ३. **पेश्की** | **३७५५१७** | **१४५२१** | **३९००३८** | **२१.५९** |
| ● कर्मचारी पेश्की | २५५२७ | १०४३१ | ३५९५८ | १.९९ |
| ● मोविलाइजेशन पेश्की | ० | ० | ० | |
| ● अन्य पेश्की | ३४९९९० | ४०९० | ३५४०८० | १९.६० |

बेरुजु वर्गीकरणको विवरण **अनुसूची ९ र १०** मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजुः** गत वर्ष सम्म रू.१ अर्ब ९९ करोड ८ हजार बेरुजु रहेकोमा यो वर्ष रू.१० करोड ६७ लाख ९ हजार सम्परीक्षण भै रू.१ अर्ब ८८ करोड ३२ लाख ९९ हजार बाँकी रहेको र यो वर्ष रू. १ अर्ब ८० करोड ५९ लाख १८ थप भई जम्मा बेरुजु रू.३ अर्ब ६८ करोड ९२ लाख १७ हजार कायम भएको छ । यस सम्बन्धी विवरण **अनुसूची -११** मा रहेको छ ।

(रु.हजारमा)

| क्र.स | विवरण | गत वर्षसम्म | यो वर्ष | जम्मा रकम |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारी निकायको बेरुजु | १८०००८५८ | १७२३२१० | ३५२४०६८ |
| २ | समिति तथा अन्य संस्थाको बेरुजु | ८२४४१ | ८२७०८ | १६५१४९ |
| | **जम्मा** | **१८८३२९९** | **१८०५९१८** | **३६८९२१७** |

३. **बेरुजु विश्लेषण** : प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

३.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ मा बेरुजु फर्स्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। औंल्याइएको बेरुजु ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७६/७७ को बेरुजु फर्स्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजु रकम **अनुसूची १३** मा समावेश गरिएको छ ।

३.२. प्रदेश मातहत सरकारी कार्यालय १२० को लेखापरीक्षण गरिएकोमा ९९ कार्यालयमा रु.१ अर्ब ७२ करोड ३२ लाख १० हजार बेरुजू देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची -१** मा रहेको छ ।

३.३. प्रदेश मातहत सरकारी कार्यालय, अन्य संस्था र समिति समेतको यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालय निम्नानुसार छन्:

(रु.हजारमा)

| क.स | मन्त्रालय | लेखापरीक्षण अंक | बेरुजु अंक | | | | कूल बेरुजुमा मन्त्रालयको प्रतिशत | ले.प. अंकको तुलनामा बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| १. | भौतिक पुर्वाधार विकास मन्त्रालय | १०९४६४६५ | ८५३०५ | ५९७७७१ | ३३२३१७ | **१०१५३९३** | ५६.२५ | ९.२७ |
| २. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १२५७७९७ | ४७९१४ | १७३५४१ | ३३३० | **२२४७८५** | १२.४४ | १७.८७ |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९०७६७६ | ८७९ | १९१९७० | १० | **१९२८५९** | १०.६७ | २१.२५ |
| ४. | सामाजिक विकास मन्त्रालय | ४३२७२५६ | २३७६८ | ८७५५१ | ५१३९३ | **१६२७१२** | ९.०० | ३.७६ |
| ५. | अन्य मन्त्रालय र निकाय | १२३२५८२९ | १४८२ | १०८०८४ | ९४० | **११०५०६** | ६.१२ | ०.८९ |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २२२१२०५ | ७१८० | ९०४३५ | २०४८ | **९९६६३** | ५.५२ | ४.४९ |
| | **जम्मा** | **३१९८६२२८** | **१६६५२८** | **१२४९३५२** | **३९००३८** | **१८०५९१८** | **१००.००** | **५.६४** |

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार विकास मन्त्रालयको सबैभन्दा बढी (५६.२५ प्रतिशत) र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सबैभन्दा कम (५.५२ प्रतिशत) बेरुजु रहेको छ ।

३.४. यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १२० को लेखापरीक्षण गरेकोमा २१ कार्यालय (१७.५० प्रतिशत) मा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था ८ तर्फ सबै निकायमा लगती बेरुजु देखिएको छ ।

३.५. यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय ९९ को २ हजार ५५ दफा बेरुजु देखिएकोमा २८ दफा फर्स्यौट भई १ हजार ९९ दफा सैद्धान्तिक र ९ सय २८ दफा लगती बेरुजु कायम भएको छ ।

३.६. प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.६४ करोड ३१ लाख ८ हजार बाँकी रहेकोमध्ये रु.६ करोड ८ लाख ५७ हजार (९.४६ प्रतिशत) फस्यौंट भई बाँकी रु.५८ करोड २२ लाख ५१ हजार र यो वर्ष थप रु.६० करोड ६५ लाख ४९ हजार समेत कुल पेस्की रु.१ अर्ब १९ करोड १८ लाख बाँकी रहेको छ । यो वर्ष थप भएकोमध्ये म्याद ननाघेको पेस्की रु.२३ करोड १० लाख ३२ हजार र म्याद नाघेको पेस्की रु.३७ करोड ५५ लाख १७ हजार रहेको छ । सोमध्ये कर्मचारीतर्फ रु.३ करोड ३३ लाख २५ हजार (२.७९ प्रतिशत), मोबिलाइजेशनतर्फ रु.६९ करोड ५१ लाख ५३ हजार (५८.३३ प्रतिशत) र अन्य पेस्की रु.४६ करोड ३३ लाख २२ हजार (३८.८८ प्रतिशत) रहेको छ ।

त्यस्तै समिति, अन्य संस्थातर्फ गत वर्ष सम्मको पेस्की रु.१ करोड ६६ लाख ८५ हजार रहेको मध्ये रु.३५ लाख १२ हजार फस्यौंट भई रु.१ करोड ३१ लाख ७३ हजार बाँकी देखिएको र यो वर्ष थप रु.१ करोड ४५ लाख २१ हजार समेत कुल पेस्की रु.२ करोड ७६ लाख ९४ हजार बाँकी रहेको छ । यो वर्ष थप भएकोमध्ये म्याद नाघेको पेस्की रु.१ करोड ४५ लाख २१ हजार रहेको छ । सोमध्ये कर्मचारी रु.२ करोड १ लाख २२ हजार (७२.६६ प्रतिशत) र अन्य पेस्की रु.७५ लाख ७२ हजार (२७.३४ प्रतिशत) रहेको छ । पेस्की बाँकीको अध्यावधिक विवरण **अनुसूची ५** मा रहेको छ ।

३.७. सरकारी कार्यालय ३१ र समिति तथा अन्य संस्था १ समेत ३२ कार्यालयबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रु.४२ लाख ६९ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.४१ लाख ६३ हजार र सम्परीक्षणको क्रममा रु.२२ लाख ५० हजार समेत रु.१ करोड ६ लाख ७२ हजार असुल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-६**मा उल्लेख छ ।

३.८. यो वर्ष सरकारी कार्यालय ३४ र समिति तथा अन्य संस्था २ समेत ३६ निकायमा रु. ५८ लाख ६३ हजार अग्रिम कर कट्टी नगरेको बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट कुनै पनि रकम फस्यौंट नभएकोले सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

३.९. प्रदेश कार्यालय र अन्य संस्था तथा समितितर्फ यो वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

| प्रतिवेदन | लेखापरीक्षण अंक | बेरुजु अंक | प्रतिशत | पेश्की बाहेकको बेरुजु | पेश्की बाहेकको बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|
| २०७५ | ६९४३९५ | १६४६०९ | २३.७१ | ५७६०९ | ८.३० |
| २०७७ | २५७३१४२६ | १८२५३९९ | ७.०९ | १२७२७०६ | ४.९४ |
| २०७८ | ३१९८६२२८ | १८०५९१८ | ५.६४ | १४१५८८० | ४.४३ |

# परिच्छेद —३
# लेखापरीक्षणबाट देखिएका व्यहोरा

## लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१. **कानुन, नीति र मापदण्ड** : प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले मन्त्रालयगत रुपमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने नीति, कानुन तथा मापदण्ड उल्लेख गरेको छ । प्रदेशले यो वर्षसम्म विभिन्न मन्त्रालयसँग सम्बन्धित ३९ कानुन स्वीकृत गरेको, १३ कानुन विधेयकको रुपमा प्रदेश सभामा टेवल गरेको र २१ कानुन तयार गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सैद्धान्तिक समर्थन प्राप्त भई निर्माणको चरणमा रहेका छन् । हालसम्म प्रदेशले बनाउनु पर्ने कानुनका संख्या एकीन गरेको छैन । मन्त्रालयगत रुपमा तर्जुमा गर्नुपर्ने नीति तर्जुमा नभएका प्रमुख व्यहोरा निम्नानुसार छन्:-

१.१. आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश स्तरको आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति, प्रदेश राजश्व सम्बन्धी राजश्व चुहावट नियन्त्रण तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा तर्जुमा गरेको देखिएन ।

१.२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी नीति, खाद्य सुरक्षा, खाद्य अधिकार एवं खाद्य गुणस्तर कायम गर्ने नीति, कृषि, पशुपन्छीजन्य औषधि विषादि र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको व्यवस्थापन सम्बन्धी नीति, भूमि व्यवस्थापन, जग्गा नापजाँच, भू-उपयोग सम्बन्धी नीति, घर जग्गा रजिस्ट्रेसन, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति एवं सुकुम्वासी, दलित, मुक्त कमैया सम्बन्धी नीति तर्जुमा गरेको देखिएन ।

१.३. भौतिक पुर्वाधार विकास मन्त्रालयले उर्जा, विद्युत, सिंचाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रबर्द्धन सम्बन्धी नीति, राष्ट्रिय जलस्रोत नीति, प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति एवं सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा गरेको देखिएन ।

१.४. सामाजिक विकास मन्त्रालयले प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, पोषण सम्बन्धी नीति, महिला हक सम्बन्धी प्रादेशिक नीति, लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरीक लक्षित आवास सम्बन्धी नीति, रोजगारी प्रबर्द्धन सम्बन्धी नीति, भाषा, संस्कृति, धर्मको संरक्षण र प्रयोग सम्बन्धी नीति एवं सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति तर्जुमा गरेको देखिदैन ।

समयमै नीति, कानुन तथा मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **संगठन र कर्मचारी व्यवस्थापन** : प्रदेश नं २ अर्न्तगत १ संवैधानिक निकाय, ७ मन्त्रालय, एक प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्य मातहत १२० कार्यालय रहेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त प्रदेश नं २ अन्तर्गतका निकायको कूल दरवन्दी ३ हजार २४

रहेकोमा २ हजार ९४ पदपूर्ति भई ९३० दरवन्दी रिक्त रहेको छ । रिक्त मध्ये अधिकृत एघारौं तहको १७, नवौं/दशौं अप्राविधिक तहको ३२, सातौं र आठौं तहको अप्राविधिक ७०, प्राविधिक १५८, पाँचौं तह प्राविधिक ८० र अन्य ५७३ दरवन्दी रिक्त रहेका छन् । रिक्त दरवन्दी पदपूर्ति गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ ।

३. **बजेट खर्च एवं रकमान्तर :** प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले अगामी आर्थिक वर्षको प्रदेश सरकारको राजश्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते भित्र प्रदेश सभामा पेश गर्नुपर्ने र सो साथ राजश्व संकलन, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीतिगत व्यवस्था सहितको बजेट अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ को आय-व्ययको अनुमान २०७६ आषाढ १ गते प्रदेश सभामा पेश गरेको देखियो । वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति निम्नानुसार देखिएको छः

३.१. प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले बजेट वक्तव्य मार्फत प्रदेश सरकारको लागि रु.३८ अर्ब ७२ करोड ५६ लाख बजेट स्वीकृत गरेकोमा रु.१८ अर्ब १ करोड ७२ लाख खर्च (४६.५३ प्रतिशत) गरेको छ । खर्च मध्ये चालुतर्फ संचित कोषमा व्यभार पर्ने रकम समेत रु.९ अर्ब ७७ करोड ९६ लाख (५४.२८ प्रतिशत) तथा पुँजीगत खर्च तर्फ रु.८ अर्ब २३ करोड ७६ लाख (४५.७२ प्रतिशत) रहेको छ। बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्यिन गर्न नसक्दा पुँजीगत खर्चको स्थिति न्यून रहेको देखिन्छ ।

३.२. नेपालको संविधानको धारा २०८ मा शुरु विनियोजित बजेट बमोजिम खर्च गर्दा रकम अपर्याप्त भएमा, विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा पूरक अनुमान पेश गरी बजेट थप गर्नसक्ने व्यवस्था छ । प्रदेश सरकारको रु.३८ अर्ब ७२ करोड ५६ लाखको बजेट पेश भएकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले पटक पटक रकमान्तरबाट थप घट गरेको र संघीय सरकारबाट वित्तीय हस्तान्तरणमा रु.१ अर्ब ९ करोड २३ लाख थप बजेट प्राप्त भएको समेत प्रदेश लेखा नियन्त्रक कार्यालयले रु.४४ अर्ब ५१ करोड २६ लाखको संशोधित मन्त्रालयगत बजेट र खर्चको विवरण पेश गरेको छ । आर्थिक विवरण अनुसार शुरु विनियोजित बजेट भन्दा रु.५ अर्ब ७८ करोड ७० लाख (१४.९४ प्रतिशत) बढी बजेट कायम गरेको देखियो । पूरक अनुमान पेश नगरी शुरु विनियोजित बजेट बढ्नसक्ने आधार देखिदैन ।

३.३. बजेट वक्तव्यमा अर्थ विविधमा चालु खर्च तर्फ रु.७ अर्ब ५६ करोड र पुँजीगत खर्च तर्फ रु.६ अर्ब ८६ करोड समेत रु.१४ अर्ब ४२ करोड (कूल बजेटको ३७.२९प्रतिशत) एकमुष्ट बजेट विनियोजन गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गरी विभिन्न मन्त्रालयमा चालु खर्च तर्फ रु.३ अर्ब ६७ करोड र पुँजीगत खर्च तर्फ रु.२ अर्ब ८० करोड गरी जम्मा रु.६ अर्ब ४७ करोड खर्च गरेको छ। उक्त रकम कूल बजेटको १६.७० प्रतिशत हुन आउँदछ । मन्त्रालयहरुमा शुरु बजेट विनियोजन कम गरी पछि अर्थ विविधबाट निकासा एवं रकमान्तर गरी रकम थप गर्ने परिपाटी बजेट सिद्धान्त विपरीत देखिन्छ ।

४. **राजश्व :** बजेट वक्तव्यमा आन्तरिक श्रोतबाट रु.१३ अर्ब ५४ करोड ३२ लाख राजश्व आर्जन गर्ने उल्लेख गरेकोमा रु.९ अर्ब ८० करोड ९७ लाख (७२.४३ प्रतिशत) आर्जन गरेको छ । उक्त राजश्व मध्ये संघबाट बाँडफाँट मार्फत प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क समेतको रु.६ अर्ब ५२ करोड ६४ लाख (६६.५३ प्रतिशत) रहेको छ । प्रदेश सरकारले प्रक्षेपण अनुसार राजश्व आर्जन गर्न सकेको देखिएन ।

५. **संघीय अनुदान निकासा र खर्च :** बजेट वक्तव्यमा प्रदेश सरकारले सङ्घीय अनुदान मार्फत रु.१६ अर्ब १७ करोड ७४ लाख प्राप्त गर्ने अनुमान गरेकोमा सशर्त अनुदानमा रु.६ अर्ब ९५ करोड ७० लाख□□विशेष अनुदान रु.६५ करोड□□ समानीकरण अनुदान रु.७ अर्ब ८ करोड ५९ लाख र समपूरक अनुदान रु.२३ करोड ३७ लाख समेत रु.१४ अर्ब ९२ करोड ६६ लाख (९२.२६ प्रतिशत) प्राप्त गरेको छ । सो मध्ये सःशर्तमा रु.३ अर्ब ९७ करोड ३८ लाख□ विशेष अनुदान रु.२५ करोड २९ लाख, समानिकरण अनुदान रु.१ अर्ब ५६ करोड २९ लाख र समपूरकमा ३ करोड ३० लाख समेत जम्मा रु.५ अर्ब ८२ करोड २७ लाख (३९.०० प्रतिशत) खर्च गरेको छ । अनुदान रकम खर्च गर्न नसक्दा लक्ष्य अनुसार प्रतिफल प्राप्त हुन सकेको देखिँदैन ।

६. **कार्य सञ्चालनस्तरको कार्य :** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले निर्दिष्ट गरे अनुसार मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवं नीति तर्जुमा एवं कार्यान्वयन, कार्यक्रम बजेट तर्जुमा एवं कार्यान्वयन, मन्त्रालयहरु बीच समन्वय, केन्द्रीय लेखा तयार गर्ने, प्रगति प्रतिवेदनको मूल्यांकन गर्ने, मातहत कार्यालयबाट संचालित कामको अनुगमन गर्ने, वित्तीय प्रतिवेदन जारी गर्ने रहेको देखिन्छ । नीति निर्माण एवं अनुगमनको जिम्मेवारी रहेको मन्त्रालयले मातहत निकायबाट सञ्चालन हुने विभिन्न कार्यक्रम समेत प्रदेश मन्त्रालय आफैले सञ्चालन गरेका छन् । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा यस प्रकार छन्ः-

६.१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पोखरी तथा नदी सौन्दर्यीकरण एवं शौचालय निर्माण, आठ जिल्लामा मठ, मन्दिर र मस्जिद निर्माण, प्रदेश स्थित सामुदायिक विद्यालयका कक्षा ८ मा अध्यायनरत छात्रालाई साइकल खरिद एवं वितरण, ८ जिल्लामा १६ छात्रा शौचालय निर्माण लगायतका रु.५७ करोड ४५ लाखको कार्य सञ्चालन गरेको छ ।

६.२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले मातहत कार्यालयबाट सम्पादन गराउनु पर्ने पर्यटन पुर्वाधार निर्माणमा रु.४५ करोड, सिमसार क्षेत्र संरक्षणमा रु.१० करोड, अन्य निर्माणमा रु.१६ करोड जस्ता विभिन्न बिकास कार्यक्रम सञ्चालन गरेको छ ।

६.३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सहकारीमार्फत तालिम दिने, ट्युवेल जडान गर्ने, ट्रयाक्टर बाँड्ने लगायतका कार्यक्रम आफैंले सञ्चालन गरी रु.५९ करोड १२ लाख ५० हजार खर्च गरेको छ ।

६.४. भौतिक पुर्वाधार विकास मन्त्रालयले विभिन्न पुल-बाटो निर्माण, परामर्श सेवा खरिद आदि कार्य सञ्चालन गरी रु.३५ करोड ५० लाख खर्च गरेको छ ।

६.५. सामाजिक विकास मन्त्रालयले दलित छात्रावासको निर्माण तथा स्तरोन्नति, प्रादेशिक छापाखानाको निर्माण तथा सञ्चालन, आठै जिल्लामा नमुना विद्यालय भवन निर्माण, प्रदेश भित्रका क्याम्पस, सामुदायिक विद्यालय निर्माण, जनकपुर अस्पतालको भवन निर्माण तथा वि.एस.सी नर्सिङ्ग सञ्चालन, प्रदेश भित्रका सबै जिल्लामा रंगशाला निर्माण, सामुदायिक भवन, धर्मशाला एवं बस्ती निर्माण, लहान, सिराहा, जलेश्वर, गौर, मंलगवा र कलैया अस्पतालको स्तरोन्नति र बीउ पूँजीको व्यवस्थापन समेत गरी रु.६६ करोडको कार्यक्रम राखी आफैं सञ्चालन गरेको देखियो।

कार्य सञ्चालनस्तरको कार्य मातहत निकायबाट सञ्चालन गरी मन्त्रालय तथा निकायहरु अनुगमन, निरीक्षण, नियमन र नियन्त्रणमा केन्द्रित हुनुपर्दछ ।

७. **वित्तीय हस्तान्तरण अनुदान -** आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकार मार्फत प्रदेश २ का १३६ स्थानीय तहलाई वित्तीय हस्तान्तरण अनुदानमा एकमुष्ट रु.२ अर्ब ९७ करोड ६९ लाख ९८ हजार विनियोजन गरेकोमा संशोधित बजेट रु.४ अर्ब ४० करोड ९१ लाख ७५ हजार कायम गरी वित्तीय हस्तान्तरणमार्फत रु.२ अर्ब ६८ करोड २८ लाख ९५ हजार र अन्य निकासा मार्फत रु.८१ करोड ९ लाख १ हजार समेत रु.३ अर्ब ४९ करोड ३७ लाख ९६ हजार निकासा गरेको देखियो । स्थानीय तहबाट खर्चको विवरण नलिएकोले वास्तविक खर्च र बाँकी रकम एकिन गर्न सकिएन । खर्चको विवरण लिई बाँकी रहेको रकम फिर्ता गर्नुपर्दछ ।

८. **एकीकृत वित्तीय विवरण** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसिकने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । वित्तीय विवरण पेश नगरेमा प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत हुनसक्ने व्यवस्था छ । प्रदेश अन्तर्गतका कुनैपनि मन्त्रालयले तोकिएको अविधिमा एकीकृत वित्तीय विवरण पेश गरेका छैनन् । यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम वित्तीय विवरण पेश गर्नुपर्दछ ।

९. **दीगो विकास लक्ष्य :** पन्ध्रौ योजना अनुसार दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्न आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्य अनुसार तयार गर्ने र अनुगमन गर्दा सो अनुसार भए नभएको मूल्यांकन गर्नुपर्दछ । यसको लागि संघ, प्रदेश, स्थानीय तह र सरोकारवालासँग समेत समन्वय गर्ने, प्रदेश र स्थानीय तहहरुमा योजना छनौट एवं कार्यान्वयन गर्दा दिगो विकास लक्ष्यसँग आबद्ध हुने योजना छनौट गर्नुपर्नेमा ग्याँस चुल्हो वितरण, साइकल वितरण, ईनार निर्माण, बाटोको ट्र्याक खोल्ने, स्यालो ट्युवेल जडान जस्ता स-साना कार्यक्रम सञ्चालन गरेको पाइयो । दिगो विकाससँग मेल नखाने यस्ता कार्यक्रम सञ्चालनमा नियन्त्रण गर्नुपर्दछ।

१०. **सम्पत्ति व्यवस्थापन :** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३(७) मा प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकारअन्तर्गत रहेका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत हस्तान्तरण भएकोमा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी संरक्षण एवं असुल उपर गर्ने कार्य भएको छैन । कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

११. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला

बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गतका ६ निकायले रु.११ करोड ३५ लाख ४९ हजारको सोझै खरिद गरेका छन् । सोझै खरिद गर्ने परीपाटीमा नियन्त्रण गरी नियमावलीको व्यवस्था अनुसार खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्दछ ।

१२. **सवारी साधन खरिद :** प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, नीति आयोग तथा मुख्य न्यायाधिवक्ताको कार्यालयले गत वर्ष ३५ सवारी साधन तथा मोटरसाईकल खरिद गरी रु.२८ करोड ९८ लाख २५ हजार खर्च गरेकोमा यो वर्ष प्रदेश सभा सचिवालयले १३, आर्थिक मामिला तथा योजना मन्त्रालयले १ र मुख्य न्यायाधिवक्ताको कार्यालयले १ समेत १५ सवारी साधन खरिद गरी रु.९ करोड ६० लाख ८५ हजार खर्च लेखेको छ । सवारी साधन खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **आन्तरिक नियन्त्रण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, अनुगमन र नियन्त्रण जस्ता विषय समेटिनुपर्ने उल्लेख छ । प्रदेश अन्तर्गत कुनै पनि मन्त्रालययले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१४. **सेवा प्रवाह :** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गिकार गरिएको संघीय शासन व्यवस्था बमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न विभिन्न मन्त्रालयको लागि यो वर्षसम्म ३९ कानुन पारीत भएको छ। स्वीकृत दरबन्दीमध्ये विभिन्न पदहरु रिक्त रहेको, वार्षिक कार्यक्रम एवं बजेट कार्यान्वयनको अवस्था कमजोर रहेको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयले सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माण गरी सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य गरी प्रदेश सरकारबाट प्रवाह हुने सेवा प्रभावकारी बनाउनुपर्ने देखिन्छ । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

१५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । ऐनमा योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको उत्तरदायित्व निकाय प्रमुखले र मन्त्रालयको हकमा विभागीय मन्त्रीले लिनुपर्ने, बेरुजु फस्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतले, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाव केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसार समयमा केन्द्रिय आर्थिक विवरण तयार गर्ने लगायतका कार्य भएको पाइएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना गर्नु गराउनु पर्दछ ।

१६. **एकीकृत प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ मा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने उल्लेख छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा मन्त्रालयले मातहत कार्यालयबाट बार्षिक प्रगतिको विवरण लिई नियम २६ अनुसार एकीकृत केन्द्रीय प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण खर्च र उपलब्धिको अवस्था मूल्यांङ्कन गर्न सकिएन । नियमावलीको नियम २६ (४) मा प्रगति विवरण तोकिएको समयमा नपठाउने कार्यालय प्रमुखको तलब समेत रोक्का गर्न सकिने व्यवस्था भएकोमा समेत मन्त्रालयले प्रगति विवरण नपठाउने कार्यालयलाई कुनै कारवाही गरेको छैन । एकीकृत प्रगति विवरण तयार गरी समयमै आर्थिक मामिला तथा योजना मन्त्रालयमा समेत पठाउनुपर्दछ । केन्द्रीय प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई कानुन बमोजिम कारवाही हुनुपर्छ ।

१७. **बजेट तथा कार्यक्रमको मूल्यांकन :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० अनुसार प्रगति समीक्षा प्रतिवेदन समेतका आधारमा समग्र प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्यांङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा राजश्व वैदेशिक अनुदान एवं ऋणको प्राप्ति र परिचालन प्रदेश सरकारका नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन अवस्था समेतको मूल्यांङ्कन गरी आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र सार्वजनिक गरिसक्नुपर्ने व्यवस्था छ ।यो वर्ष विभिन्न मन्त्रालयको लागि रु.३८ अर्ब ७२ करोड ५६ लाखको बजेट पेश भएकोमा रु.१८ अर्ब १ करोड ७२ लाख (४६.५२ प्रतिशत) खर्च गरेको छ । सःशर्त अनुदान शीर्षकबाट भौतिक पुर्वाधार विकास मन्त्रालयलाई पुर्वाधार निर्माण गर्न दिएको रु.३७ करोड २७ लाख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई वातावरण संरक्षण र सार्वजनिक निर्माणमा दिएको रु.१५ करोड ९८ लाख र सामाजिक विकास मन्त्रालयलाई गैरआवासीय भवन निर्माण एवं खरिद गर्न दिएको रु.३ करोड ६५ लाखको कुनै पनि काम गरेको छैन । लेखापरीक्षण अवधि २०७७ पौषसम्म मन्त्रालयगत केन्द्रीय आर्थिक विवरण नै तयार नगरेको अवस्था छ भने सबै मन्त्रालयको खर्च र भौतिक प्रगतिको मूल्यांङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले समेत वार्षिक प्रतिवेदन सार्वजनिकीकरण गरेको छैन । वार्षिक प्रतिवेदन सार्वजनिक नगरेकोले पारदर्शिता कायम हुन सकेको पाइएन ।

१८. **अनुदानको विवरण :** प्रदेशको श्रोतबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र आषाढ मसान्तमा बुझाई सक्नुपर्ने व्यवस्था रहेकोमा उक्त हिसाब २०७७ मंसिर मसान्तसम्म पनि प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाएको देखिएन । यसरी हिसाब नबुझाउँदा स्थानीय तहले वित्तीय समानीकरण अनुदानको उपयोग गरेको सम्बन्धमा मूल्यांङ्कन गर्न सकिएन । तोकिएको मितिमा खर्चको विवरण प्राप्त गरी कार्यान्वयन गर्नुपर्दछ ।

१९. **आन्तरिक लेखापरीक्षण :** प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको प्रत्येक चौमासिक पछिको हिसाबको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ । चौमासिक रुपमा लेखापरीक्षण सम्पन्न नगरेको, कतिपय कार्यालयमा अन्तिम लेखापरीक्षण गर्दासम्म आन्तरिक लेखापरीक्षण प्रतिवेदन जारी नभएको, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आश्विन मसान्तभित्र तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा नपठाएको आदि कारणबाट आन्तरिक लेखापरीक्षणबाट देखिकएको बेरुजु, फस्यौंट भएको र बाँकी बेरुजु एकिन गर्न सकिएन ।

समयमै आन्तरिक लेखापरीक्षण सम्पन्न गर्न गराउन प्रदेश लेखा नियन्त्रक कार्यालय एवं मन्त्रालयले ध्यान दिनुपर्दछ ।

२०. **वार्षिक आर्थिक प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । प्रदेश स्थित कुनै पनि मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । यसले गर्दा मन्त्रालयको आर्थिक कारोबार, फस्यौंट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था एकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन तयार गरी समयमै पठाउनुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

२१. **अनुदानको अनुगमन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ (३) मा विशेष प्रकारका पटके कार्यालय आयोजना सञ्चालनमा कुनै संस्थालाई अनुदान, समानीकरण, सःशर्त तथा विशेष अनुदान दिँदा भएको प्रगति विवरण लिई जुन कामको लागि रकम दिएको हो सो काममा खर्च भए नभएको र लेखापरीक्षण गराए/नगराएको अनुगमन तथा मूल्यांङ्कन गर्ने व्यवस्था छ । यो वर्ष संघीय सरकार तथा प्रदेश सरकार तर्फ सःशर्त, विशेष र समपूरक अनुदानबाट विभिन्न मन्त्रालयमा रु.४ अर्ब २५ करोड ९७ लाख खर्च भएको छ । मन्त्रालयहरुले आफू र मातहत कार्यालयबाट भएको अनुदान खर्चको अनुगमन एवं मूल्यांङ्कन गरी प्रतिवेदन तयार गर्ने गरेको देखिएन । अनुदान मध्ये विभिन्न संघ संस्थालाई उपलब्ध गराएको पटके अनुदानको लेखापरीक्षण प्रतिवेदन पेश गराउने नगरेको कारण खर्च एवं अनुदान उपयोगको सुनिश्चत गर्न सकिएन ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि ज्ञान केन्द्र र पशु सेवा विज्ञ केन्द्रबाट दिइने शितभण्डार निर्माण, खोर निर्माण, मत्स्य एवं कृषि उपज संकलन केन्द्र निर्माण एवं सहकारी संस्थालाई दिइने अनुदान एवं गैह्र सरकारी संस्थालाई दिइने अनुदानको प्रचलित कानुन बमोजिम खर्चको अभिलेख राखी तोकिएको प्रगति हासिल गरे नगरेको सम्बन्धमा अनुगमन नगरेको एवं लेखापरीक्षण नगराएकोले अनुदानको सदुपयोग भएको सम्बन्धमा सुनिस्चित हुन सकिएन ।

२२. **वित्तीय हस्तान्तरण :** आर्थिक वर्ष २०७६/७७ मा प्रदेश संचित कोष मार्फत १३६ स्थानीय तहमा समानीकरण, विशेष, सःशर्त र समपूरक अनुदान स्वरुप वित्तीय हस्तान्तरण गर्न शुरु बजेट रु. २ अर्ब ९७ करोड ७६ लाख २० हजार ब्यवस्था भएकोमा संशोधित बजेट रु.३ अर्ब ५८ करोड ७९ लाख ७० हजार कायम भई निम्नानुसार रु.२ अर्ब ६८ करोड २९ लाख ९५ हजार निकासा भएको छ । लेखापरीक्षण अवधिसम्म खर्चको विवरण लिई यथार्थ खर्च कायम गरेको छैन ।

(रु. हजारमा)

| श्रोत | बजेट | निकासा रकम | अनुदान प्रतिशत |
|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | ९९५९९८ | ९७३३५९ | ९७.७२ |
| विशेष अनुदान | ३९७६५२ | २९८४०० | ७५.०४ |
| सःशर्त अनुदान | १६९४३२० | ९९५१८६ | ५८.७३ |
| समपूरक अनुदान | ५००००० | ४१५९५० | ८३.१९ |
| **जम्मा** | **३५८७९७०** | **२६८२८९५** | **७४.७७** |

वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा रु.२ अर्ब ६८ करोड २८ लाख ९५ हजार अनुदान निकासा भएतापनि आर्थिक मामिला तथा योजना मन्त्रालयको अर्थ बजेटबाट सिधै रु.८१ करोड ९

लाख १ हजार थप निकासा भएबाट स्थानीय तहमा रु.३ अर्ब ४९ करोड ३७ लाख ९६ हजार निकासा भई खर्च भएको छ ।

२३. **कर तथा शुल्क** : प्रदेशले बनाएको कानुन बमोजिम कर लगाउने र आफ्नो अधिकार क्षेत्र भित्रको स्रोतहरुबाट राजश्व उठाउन सक्ने व्यवस्था छ। प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना आदी कर तथा शुल्क तोकी असुल गर्न सक्ने व्यवस्था छ। प्रदेश सरकारले कानुन निर्माण गरी यि सबै क्षेत्रबाट राजश्व संकलन गर्न सकेको देखिएन। प्रदेशलाई चलायमान बनाउन राजश्वका श्रोत पहिचान गरी राजश्व असुलीमा वृद्धि गर्नुपर्दछ।

## कोभिड-१९ को व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा

२४. **कोभिड कोष** - सामाजिक विकास मन्त्रालयले कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारमा प्रदेश सरकारबाट कोषमा यो वर्ष रु.२८ करोड ९७ लाख ६० हजार बजेट विनियोजन गरेकोमा रु.१८ करोड ५४ लाख ८० हजार निकासा खर्च गरी रु.१० करोड ४२ लाख ८० हजार मौज्दात राखेको छ। निकासामध्ये प्रदेश कार्यालयलाई रु.१६ करोड ७५ लाख ९७ हजार र सङ्घीय स्वास्थ्य कार्यालय ३ र सुरक्षा निकाय २ समेत ५ लाई रु.१ करोड ७८ लाख ८३ हजार निकासा दिएको छ।

कोभिड कोषबाट निकासा भएको रु.१६ करोड ७५ लाख ९७ हजार र प्रदेश संचित कोषबाट निकासा भएको रु.६६ करोड ७ लाख १३ हजार समेत ३२ कार्यालयमा रु.८२ करोड ८३ लाख १० हजार निकासा भएकोमध्ये रु.६८ करोड ८७ लाख ७३ हजार खर्च भई रु.१३ करोड ९५ लाख ७६ हजार बाँकी रहेको छ। खर्चमध्ये प्रदेश कार्यालय एवं स्थानीय तहबाट राहत सामग्री खरिदमा रु.१३ करोड ६३ लाख, कृषि व्याज मिन्हामा रु.२४ करोड २८ लाख, क्वारेन्टिन तथा आइसोलेशन केन्द्र निर्माणमा रु.३ करोड ९५ लाख, डाक्टर र बिरामीको खाना खर्चमा रु.१ करोड २८ लाख, जोखिम भत्तामा रु.३ करोड ४७ लाख, स्वास्थ्य सामग्री, उपकरण, औषधि खरिदमा रु.२० करोड ६४ लाख र सूचना सम्प्रेषणमा रु.१ करोड ६१ लाख खर्च गरेको छ ।

२५. **जोखिम आकलन र पूर्व तयारी** - नेपालमा पहिलोपटक २०७६ माघमा कोरोना पुष्टि भए पश्चात नेपाल सरकारले महामारी आउन सक्ने अनुमान गरी भविष्यमा हुनसक्ने क्षति, संक्रमित हुनसक्ने संख्या, आवश्यक औषधि उपकरणको व्यवस्थापन आदि पूर्व तयारीको काम गर्नुपर्नेमा प्रदेश नं. २ ले कोभिड-१९ नियन्त्रण र रोकथाम सम्बन्धी क्रियाकलापको अध्ययन गरी जोखिम आकलन र पुर्व तयारीको काम यथेष्ट गर्न सकेको देखिएन। महामारी फैलिन थाले पछि मात्र क्वारेन्टिनहरू निर्माण गर्ने, अस्पताललाई कोभिड नियन्त्रण गर्न थप व्यवस्थापन गर्ने जस्ता कार्य सुरु गरेको देखिन्छ।

योजनाबद्ध रुपमा काम नहुँदा बजेट व्यवस्था पनि एकद्वार प्रणालीबाट नभई केही रकम कोभिड नियन्त्रण तथा रोकथाम कोषबाट, केही रकम भूमि व्यवस्था तथा कृषि मन्त्रालय र केही रकम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत निकाशा गरी खर्च गरेको छ । फलस्वरुप वास्तविक खर्चको अवस्था प्रदेशबाट मात्र यकिन हुन सक्ने अवस्था देखिँदैन । प्रदेश सरकारले क्वारेन्टिईन, आइशोलेसन वार्ड सेन्टर कहाँ-कहाँ बनाउने, कुन-कुन अस्पताललाई कोभिड अस्पताल बनाउने त्यसको आधिकारीक निर्णय गरेको देखिँदैन। बिरामी बढ्दै गएपछि विद्यालय, नर्सिङ क्याम्पस आदिलाई क्वारेन्टिनको रुपमा सञ्चालन गरेको, छुट्टै आइशोलेसन सेन्टर निर्माण नगरी पहिचान भएका बिरामीलाई अस्पताल पठाउने गरेको देखियो। कोभिड अस्पताल

नतोकिँदा एउटै अस्पतालबाट एकातर्फ कोभिडका बिरामी र अर्को तर्फ अन्य बिरामीको उपचार भएको अवस्था छ।

२६. **अनुगमन एवं लेखा परीक्षण** - सामाजिक विकास मन्त्रालयमा रहेको कोभिड कोषबाट यो वर्ष रु.१८ करोड ५४ लाख ८० हजार निकासा खर्च गरेकोमध्ये विविध खातामा ट्रान्सफर गरेको रु.७२ लाख समेत रु.१ करोड ५७ लाख ७६ हजार मन्त्रालयले खर्च देखाइ रु.१६ करोड ९७ लाख ४ हजार कोभिड-१९ रोकथाम तथा उपचार सम्बन्धी विभिन्न कार्य गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने गरी मध्य पूर्वी पृतना हेडक्वाटर, बर्दिवास, प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, गजेन्द्र नारायण सिंह सगरमाथा अस्पताल सप्तरी, विभिन्न प्रादेशिक अस्पतालहरू र स्वास्थ्य कार्यालयलाई निकासा दिएको देखियो । उक्त रकमबाट भएको खर्च र लेखापरीक्षणबारे मन्त्रालयले अनुगमन गरेको छैन ।

२७. **मिडिया ब्रिफिङ** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा परामर्शदाताबाट लिखित दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) वमोजिम खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । सामाजिक विकास मन्त्रालयले कोरोना भाइरस महामारी रोकथाम, नियन्त्रण र उपचारको सम्बन्धमा सरकारले गरेका कार्यसम्पादन तथा कोरोना भाइरसका सन्दर्भका तथ्य, तथ्याङ्क र सूचना सम्प्रेषण गर्न एवं कोरोना भाइरसको वस्तुस्थितिबारे जानकारी गराउन र महामारी रोकथाम र नियन्त्रण सम्बन्धी श्रव्यदृष्य सामग्री उत्पादन गर्न मौजूदा सूची तयार नगरिकन सोझै ४ फर्मसंग सम्झौता गरी रु.३५ लाख ४० हजार खर्च गरेको छ । प्रशारण हुने उक्त सामग्री टेलिभिजन इटहरी, रेडियो नेपाल वर्दिवास र सामुदायिक रेडियो प्रशारण संघ लगायतका सञ्चारका माध्यमबाट समेत निःशुल्क प्रत्यक्ष प्रशारण गर्ने व्यवस्था मिलाउने सम्झौतामा उल्लेख छ । ती सामग्री सम्झौतामा उल्लिखित मिडियाबाट प्रशारण गराएको पुष्टि हुने यथेष्ट प्रमाण बेगर भुक्तानी गरेको छ । यसैगरी स्वास्थ्य निर्देशनालय, धनुषाले समेत स्थानीय भाषामा सन्देश प्रसारण गर्न एक फर्मसँग सोझै रु.१३ लाख ७२ हजारको सम्झौता गरी कार्य गराएको नियमित एवं मितव्ययी देखिएन ।

२८. **दाखिला प्रमाण** - सामाजिक विकास मन्त्रालय प्रदेश नं. २ को अनुरोधमा मध्यपूर्वि पृतना हेडक्वाटर वर्दिवासले विभिन्न स्थानमा स्थापना भएका क्वारेन्टिनलाई सामान खरिद गरी मन्त्रालयलाई उपलब्ध गराएको भनी एक ट्रेडर्सको विल अनुसार समर सिरक १ हजार, झुल १ हजार, तन्ना/सिरानीको खोल १ हजार र सिरानी १ हजार थानको रु.२६ लाख ५ हजार भुक्तानी माग गरेको आधारमा मन्त्रालयले उक्त ट्रेडर्सलाई सो रकम भुक्तानी दिएको छ । त्यसैगरी मेट्रेस (३६×७२×३) १ हजार थान खरिद गरी मन्त्रालयमा उपलब्ध गराएको भनी ढुवानी सहित रु.३५ लाख ६३ हजार भुक्तानीको लागि एक इन्डष्ट्रिजको विलको रकम समेत रु.६१ लाख ६८ हजार मन्त्रालयले भुक्तानी दिएको छ । उक्त सामान दाखिला तथा प्रयोग गरेको अवस्था खुलेको छैन । खरिद सामग्रीको दाखिला संरक्षण एवं उपयोग गर्नुपर्दछ ।

२९. **प्रयोगशाला व्यवस्थापन** - प्रदेश-२ अन्तर्गत प्रदेश जनस्वास्थ्य प्रयोगशाला, धनुषा मात्र रहेको छ। प्रयोगशालामा ११ जनाको दरबन्दी रहेकोमा ५ मात्र पूर्ति भई निर्देशक, वरिष्ठ कन्सल्टेन्ट प्याथोलोजिष्ट, वरिष्ठ कन्सल्टेन्ट माइक्रो बायोलोजिष्ट, लगायतका विभिन्न ६ पद रिक्त रहेको छ। यो वर्ष ५ हजार ५२ जनाको पी.सी.आर. टेस्ट गरेकोमा ८०० जनाको रिपोर्ट पोजेटिभ र ४ हजार

२५२ जनाको नेगेटिभ देखिएको छ। कोभिड महामारीको समयमा समेत निर्देशक सहित प्याथोलोजिष्ट र माइक्रो बायोलोजिष्ट पद रिक्त हुँदा प्रयोगशाला सञ्चालनमा प्रभाव परेको

३०. **प्रयोगशाला स्थापना -** सामाजिक विकास मन्त्रालयको कोभिड-१९ नियन्त्रण एवं व्यवस्थापन कोषबाट प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, धनुषालाई रु.३ करोड ५ लाख निकासा गरेकोमा आषाढ मसान्तभित्र रु.२ करोड ८० लाख आम्दानी देखाई रु.२५ लाखको चेक २०७७ श्रावण १२ मा जम्मा गरेको छ । उक्त रकममध्ये केन्द्रले रु.४१ लाख ३८ हजार खर्च गरी रु.२ करोड ३८ लाख ६२ हजार जिम्मेवारी सारेको छ । जनकपुर र राजविराजको प्रयोगशालामा पी.सी.आर. मेसिन जडान गर्ने तथा गौर अस्पतालमा प्रयोगशाला स्थापना गर्ने प्रयोजनको लागि दिएको रकममध्ये रु.२ करोड ३० लाख खर्च नभई मौज्दात रहेको छ । जसले गर्दा ती स्थानमा पिसिआर मेसिन जडान भई प्रयोगशाला स्थापना हुन सकेन । जसको असर कोभिड-१९ नियन्त्रण र रोकथाममा परेको छ ।

३१. **विशेष परिस्थितिमा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ बमोजिम विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद गर्नुपर्ने अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम यथासम्भव प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देहाय बमोजिम देखिएको छः

३१.१. प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, धनुषाले कोभिड-१९ ले सृजना गरेको विशेष परिस्थितिको कारण औल्याई ३ देखी ५ फर्मबाट दररेट माग गरी पि.पि.ई सेट रेगुलर, एन ९५ मास्क, डिस्पोजेवल मास्क, पि.पि.ई सेट डिस्पोजेवल सामानको औषत दरमा रु.७ करोड ३७ लाख ८७ हजार लागत अनुमान तयार गरी २०७६।१२।२४ मा ३ दिने वोलपत्रको सुचना गरेकोमा ४ प्रकारका औषधि तथा उपकरणहरू आईटमवाईज न्यून कबोल गर्ने ४ सप्लायर्ससँग छुट्टा छुट्टै सम्झौता गरी रु.४ करोड ९३ लाख ५७ हजार (३३.११प्रतिशत घटी) मा खरिद गरेको छ ।

३१.२. प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, धनुषाले प्रथम पटक सामान खरिद पश्चात वचत रहेको रकमबाट पुनः उक्त सामानहरू माग भएको भनी २०७७।२।१९ मा सुरुकै दरबाट रु.२ करोड ४५ लाख ४४ हजारको लागत अनुमान तयार गरी ३ दिने वोलपत्र आव्हान गरेकोमा २ पार्टीको आईटमवाइज घटी दरमा रु.६३ लाख ८० हजार (७४ प्रतिशत घटी) को ठेक्का स्वीकृत गरी खरिद गरेको छ । उक्त वोलपत्रदाताहरूसँगको सम्झौताको बुँदा नं. ३९.१ मा कार्यालयले अनुरोध गरेमा थप परिमाण सोही दरमा उपलब्ध गराउनुपर्ने शर्त राखी सम्झौता गरेको छ । सम्झौताको सो शर्त कार्यालयले उक्त आपूर्तकबाट सोही दरमा थप परिमाण खरीद गरी रु.१ करोड ३८ लाख ७५ हजार भुक्तानी गरेको छ।

सम्झौताको शर्तअनुसार थप परिमाण उपलव्ध गराउन अनुरोध गर्दा कोभिड- १९ को विशेष परिस्थिति भनी उल्लेख गरेतापनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार शतप्रतिशत बढी परिमाण आपूर्ति गर्दा पनि भेरिएसन स्वीकृत गरेको देखिएन । स्वास्थ्य सामग्री खरिद गर्दा सुरुमा जुन दरमा खरिद भएको थियो पछि सो दर घट्दै गएको देखिन्छ। उदाहरणार्थ आई आर थर्मीमिटरलाई रु.७ हजार परेकोमा रु.५ हजारसम्म, एन ९६ माक्स रु. ५ सय परेकोमा रु.१ सय २५ सम्म, सर्जिकल माक्स रु.४० परेकोमा रु.८ सम्म घटेर आएको देखिन्छ । कोभिड १९ मा प्रयोग हुने पिपिई सेट, डिस्पोजेवल माक्स र एन ९५ माक्सको बजार मूल्यमा उच्च गिरावट भईरहेको अवस्थामा नयाँ लागत अनुमान तयार गरी सुचना गर्नु पर्नेमा सो गरेको देखिएन।

३२. **खरिद दरमा भिन्नता -** प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, धनुषाले प्रदेशभित्र आवश्यक पर्ने कोभिड-१९ नियन्त्रण सम्बन्धी पिसिआर मेसिन, इक्युपमेन्ट, पिपिई सेट, ग्लोभ्स, एम-२० माक्स, सेनीटाइजर जस्ता सामान विशेष परिस्थित जनाई पटक पटक छोटो अवधिको वोलपत्रको सूचना गरी खरिद गरेको छ।

३३. **होटल खर्च -** आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ३६(८) मा भुक्तानी पुर्व रीत पुगे नपुगेको चेकजाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । प्रादेशिक अस्पताल जनकपुरले करारमा नियुक्त डाक्टर, मेडिकल अफिसर, स्टाफ नर्स लगायत होटल तथा बैङ्ककेटमा बसेको भन्ने एक डाक्टरको सिफारीसमा ठेक्का दर अनुसार प्रति व्यक्ति वासको रु.१ हजार १०० र खाना खाजा चियाको रु.३७० का दरले रु.३८ लाख ९५ हजार खर्च लेखेको छ । होटलमा बस्नुपर्दा खर्च गर्न पाउने मापदण्ड वा निर्देशिका बेगर भुक्तानी भएकोले यकिन गर्न सकिएन ।

३४. **बिरामीको लागि खाना -** प्रदेश अस्पताल जनकपुरले बिरामीको लागि खाना खुवाउने व्यवस्था गर्दा सम्झौता गर्नुपर्नेमा सो अनुसार नगरी एक होटललाई प्रति बिरामी प्रति छाक रु.५० का दरले यस वर्ष रु.१३ लाख ४८ हजार भुक्तानी दिएको छ । प्रत्येक दिन बिरामी र खाना खुवाएको संख्या खुलाउनु पर्नेमा सो नगरी होटलले पेस गरेको निवेदन र विलको आधारमा मात्र भुक्तानी दिएबाट वास्तविक खर्च यकिन गर्न सकिएन। अस्पतालको बिरामी अभिलेखसँग भिडान गरेर मात्र भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

३५. **कृषि ब्याज अनुदान -** कोरोना भाइरसको नियन्त्रण गर्न गरेको लकडाउनका कारण कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न राहत तथा अनुदान प्रवाह निर्देशिका, २०७६ को दफा ४(२) मा कृषि ऋणको हकमा २०७६ चैत्रदेखी २०७७ असारसम्म ब्याज अनुदान दिने उल्लेख छ । सोही निर्देशिकाको दफा ८ मा कुल रु.५ लाखसम्मको ऋण भएका ऋणीको १२ प्रतिशतसम्म ब्याज अनुदान दिने व्यवस्था छ । सो निर्देशिका बमोजिम प्रदेशिभित्रका ४५ हजार ९७८ कृषकलाई रु.२४ करोड २८ लाख ४७ हजार व्याज अनुदान दिएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आदेशमा कृषि ज्ञान केन्द्रबाट भएको व्याज भुक्तानी सम्बन्धमा प्रमुख व्यहोरा देहायअनुसार रहेको छः

३५.१. कृषि ज्ञान केन्द्र, धनुषाले कृषि कार्यकालागि ऋण लिएका ७ हजार ८३० कृषकको निवेदन संकलन गरी व्याज अनुदानको रकम सम्वन्धित वैंक तथा वित्तीय संस्थालाई रु.३ करोड ५० लाख ५७ हजार निकासा दिएको छ । वैंकले कति ऋणिको व्याज रकम मिलान गर्यो विवरण माग गरी अनुदान रकम यकिन गरी वास्तविक भन्दा बढी निकासा दिएको रकम फिर्ता गर्नुपर्दछ ।

३५.२. कृषि ज्ञान केन्द्र, बाराले बैंकमार्फत कृषि ऋणको व्याज मिन्हा गर्न रु.२ करोड ७० लाख ३० हजार सहकारी संस्था ४२ र बैंक १५ समेत ५७ वित्तीय संस्थामा निकासा गरेको छ । अनुदानबाट कति कृषकको व्याज मिन्हा भयो विवरण माग गरी यकिन गरेको देखिएन ।

३५.३. कृषि ज्ञान केन्द्र, रौतहटले ४ हजार १९० कृषकलाई रु.३ करोड १० लाख ५२ हजार व्याज अनुदान रकम ७२ बैंक तथा वित्तीय संस्थाका शाखामार्फत वितरण गर्न पठाएकोमध्ये ३५ शाखाबाट प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधि २०७८।१।३० सम्म वितरण नभएको रु.४२ लाख ९३ हजार असुल हुनुपर्दछ । अन्य ३७ शाखाबाट समेत विवरण लिई वितरण नभएको रकम संचित कोष दाखिला हुनुपर्दछ।

३५.४. कृषि ज्ञान केन्द्र, सप्तरीले कृषकहरूले बैंक तथा वित्तीय संस्थालाई तिरेको ब्याजको अभिलेख नै नराखी ४ हजार ४९२ ऋणी कृषकलाई रु.३ करोड ८ हजार ब्याज अनुदान दिएको देखियो। उक्त कृषकहरूमध्ये १० कृषकको नमूना परीक्षण गर्दा बैंक तथा वित्तीय संस्थालाई तिरेको ब्याज रु.१० हजार देखिएकोमा रु.४१ हजार अनुदान दिई रु.३१ हजार बढी खर्च गरेको देखियो। यही अनुपातमा बाँकी ४ हजार ४८२ कृषकलाई रु.२ करोड ९९ लाख ६७ हजार अनुदान वितरण गर्दा बढी अनुदान निकासा हुने अवस्था देखिएकोले छानविन गरी बढी देखिएमा असुल गर्नुपर्दछ।

३५.५. कृषि ज्ञानकेन्द्र पर्साले ४ हजार ६६५ कृषकलाई ७२ बैंक तथा वित्तीय संस्था मार्फत रु.२ करोड ९६ लाख ४६ हजार ब्याज अनुदान उपलव्ध गराएको छ । बैंक तथा वित्तीय संस्थाहरूले लाभग्राही कृषकहरूको खातामा रकम जम्मा गरेको प्रमाण श्रेस्तासाथ संलग्न गरेको छैन। कृषिमा दिएको व्याज अनुदान लाभग्राही कृषकहरूको वैंक खातामा रकम जम्मा भएको र तोकिएको उद्धेश्य अनुरुप खर्च भएको देखिने प्रमाण पेस गर्नुपर्दछ ।

कोभिड-१९ को कारण कृषि क्षेत्रभन्दा व्यापार, होटल, उद्योग क्षेत्र बढी प्रभावित भएको तथ्य सार्वजनिक भएको छ । तर प्रदेश सरकारले अन्य क्षेत्रलाई कुनै राहत अनुदानको व्यवस्था नगरी कृषि क्षेत्र विशेषलाई मात्र व्याज मिन्हाको नीति लिएको छ । नेपाल सरकारले बैंक तथा वित्तीय संस्था मार्फत २०७७ वैशाखदेखि आषाढ मसान्तसम्म कायम व्याजदरमा २ प्रतिशत विन्दुले कम गर्ने निर्णय गरे बमोजिम व्याज मिन्हा भएकोमा यी कृषकहरूलाई पुनः प्रदेश सरकारले व्याज मिन्हा गरे वापत बैंक वित्तीय संस्थाले दोहोरो सुविधा नलिएको सम्बन्धमा यकिन हुनुपर्दछ । साथै वितरण गरेको अनुदान लक्षित वर्गले प्राप्त गरे नगरेको यकिन हुन सकेको छैन ।

**३६. प्रमाण कागजात -** कोभिड-१९ प्रभावित मजदुर, श्रमिक, गरिब तथा आर्थिक रुपमा बिपन्न किसानलाई राहत बितरण तथा अनुगमन निर्देशिका, २०७६ को बुँदा ३ (२) मा प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको लक्षित समुह पहिचानको एकिकृत विवरण र अनुसूची १ को बुँदा ३(५) बमोजिम लक्षित समुहलाई बितरण गरेको राहतको विवरण प्रत्येक स्थानीय तहले एकिकृत गरी घरेलु तथा साना उद्योग कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । घरेलु तथा साना उद्योग कार्यालयहरूबाट भएको राहत वितरण सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्ः

३६.१. घरेलु तथा साना उद्योग कार्यालय धनुषाले कोभिड-१९ को प्रभाव नियन्त्रण गर्न गरिएको लकडाउनका कारण रोजगार गुमाएका मजदुरहरूलाइ राहत वितरण गर्न ८ हजार ५६५ प्याकेट राहत सामग्री रु.१ करोड ५१ लाख ३२ हजारमा खरिद गरेको छ । उक्त राहत सामग्री धनुषा जिल्लाका सवै स्थानीय तहका १४२ वडामा ६० प्याकेटका दरले सम्वन्धित वडा अध्यक्षहरूलाई हस्तान्तरण गरेको देखिन्छ । वडा अध्यक्षहरूबाट सम्वन्धित मजदुरलाई वितरण गरेको भरपाई नभएकोले सोको प्रमाण पेस गर्नुपर्दछ।

३६.२. घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीले रु.१ करोड ७५ लाख ८४ हजारको राहत सामग्री एक सप्लायर्ससँग प्रतिस्प्रर्धाको माध्यमबाट खरिद गरी महोत्तरी जिल्लाका स्थानीय तह र बडा कार्यालयलाई राहत प्याकेज बुझाएकोमा निर्देशिका बमोजिम वडा कार्यालयहरूले लक्षित समूहलाई वितरण गरेको भरपाई पठाएको नदेखिएकोले तोकिएअनुसार वितरण गरेको भरपाई सबै स्थानीय तहले पेस गर्नुपर्दछ।

३६.३. घरेलु तथा साना उद्योग कार्यालय, रौतहटले बोलपत्रमार्फत राहत सामग्री खरिद गरी रु.१ करोड ८० लाख ४४ हजार खर्च गरेको छ। कार्यालयले प्रति प्याकेट रु.१ हजार ६२२।१५ मूल्य बराबरका १० हजार ५९० पाकेट राहत सामग्री वितरण गरेको जनाए पनि वितरणको फाँटवारी पेस गरेको छैन। राहतको सामानको किसिम, परिमाण, राहत पाउनेको परिवार संख्या आदि खुलाई खर्चको तेरिज तयार गरेको छैन । राहत वितरण सम्बन्धमा यकिन हुनुपर्दछ ।

३६.४. घरेलु तथा साना उद्योग कार्यालय, पर्साले एक आपुर्तकलाई विभिन्न ६ प्रकारका राहत सामग्रीको रु.१ करोड २० लाख १४ हजार भुक्तानी गर्दा स्थानीय तहका प्रमुख (प्रमुख, अध्यक्ष र वडाध्यक्ष) लाई बुझाएको प्रमाणको आधारमा खर्च लेखेको छ। खरिद भएका सामानको गुणस्तर परीक्षण नभएको तथा सम्बन्धित लाभग्राहीले बुझेको भरपाई संलग्न नगरी खर्च लेखेको छ । स्थानीय तहले जिन्सी दाखिला तथा लाभग्राहीलाई सामान वितरण गरे नगरेको अनुगमन गरी सम्बन्धितले बुझेको भरपाई संलग्न गर्नुपर्दछ ।

३६.५. घरेलु तथा साना उद्योग कार्यालय, बाराले एक आपुर्तकबाट विभिन्न राहत सामग्री १० हजार ६७० प्याकेट प्रतिप्याकेट रु.१ हजार ६१३।४० का दरले खरिद गरी रु.१ करोड ७२ लाख १५ हजार भुक्तानी गरेको छ। कार्यालयले पालिकाको माग फारमको आधारमा सम्बन्धित पालिका तथा वडाहरूलाई राहत सामग्री बुझाएको भएतापनि पालिका तथा वडाहरूले १ हजार ४७ प्याकेटमात्र वितरण गरी ९ हजार ६२३ प्याकेट वितरणको भरपाई पेस गरेको छैन । वितरणको अनुगमन गरी सुनिश्चित हुने सबै वितरणको प्रमाण पेस गर्नुपर्दछ।

उपरोक्त बमोजिम प्रदेश सरकारले रु. ८ करोडको राहत सामग्री खरिद गरी स्थानीयतहका वडाहरूलाई वितरण गरेको देखियो । स्थानीय तहहरूले समेत आफै राहत सामग्री खरिद गरी वितरण गरेका छन् । यसबाट राहत सामग्री खरिदमा दोहोरो नपरेको एवं खरिद भएका सबै राहत सामग्री लक्षीत वर्गलाई वितरण गरेको सुनिश्चित हुने अवस्था छैन ।

# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १६४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं २ ले प्रदेश सभाको कार्य सञ्चालन, बैठकको सुव्यवस्था र समितिहरुको गठन, काम, कारवाही र समिति सम्बन्धी अन्य विषय नियमित एवं प्रभावकारी बनाउन प्रदेश सभाले २०७४।११।२५ मा प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७४ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । प्रदेश नं २ को प्रदेश सभामा पहिलो हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने ६४ जना, समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने ४३ जना गरी १०७ जना सभासद निर्वाचित हुने व्यवस्था छ । प्रदेश सभाको काम कारवाही सञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई संञ्चालनमा रहेको छ ।

यो वर्ष विनियोजन तर्फ रु.४० करोड ३३ लाख ८१ हजार, राजश्व रु ७ लाख १३ हजार, धरौटी रु.६६ लाख ९३ हजार समेत रु.४१ करोड ७ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्ः

१. **कानुन, नीति र मापदण्ड :** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले मन्त्रालयगत रुपमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने नीति, कानुन तथा मापदण्ड उल्लेख गरेको छ । प्रदेशले यो वर्षसम्म विभिन्न मन्त्रालयसँग सम्बन्धित ३९ कानुन स्वीकृत गरेको, १३ कानुन विधेयकको रुपमा प्रदेश सभामा टेवल गरेको र २१ कानुन तयार गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सैद्धान्तिक समर्थन प्राप्त भई निर्माणको चरणमा रहेका छन् । हालसम्म प्रदेशले बनाउनु पर्ने कानुनका संख्या एकीन गरेको छैन ।

२. **बजेट कार्यान्वयन अवस्था** : प्रदेश नं २ अन्तर्गत विनियोजन ऐन,२०७६ बमोजिम प्रदेश संचित कोषबाट व्ययभार हुने समेत रु.४४ करोड ४० लाख विनियोजन गरेकोमा रकमान्तरबाट रु.८ करोड ८८ लाख थप गरी रु.५३ करोड २८ लाख कायम गरेको छ । उक्त बजेटबाट रु.४० करोड ३४ लाख (शुरु बजेटको ९०.८६ प्रतिशत र अन्तिम बजेटको ७५.९० प्रतिशत) खर्च गरेको छ। शुरु बजेट पनि खर्च नभएकोमा बजेट थप गर्नु औचित्यपूर्ण देखिएन ।

३. **रकमान्तर** : प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ तथा विनियोजन ऐन,२०७६ अनुसार तोकिएको कुनै एक भन्दा बढी शीर्षकमा विनियोजित रकम बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्नसक्ने व्यवस्था छ । कूल बजेट रु.४४ करोड ४० लाख विनियोजन गरेकोमा पटक पटक रकमान्तरबाट रु.८ करोड ८० लाख (२० प्रतिशत) थप गरी रु.५३ करोड २८ लाख कायम गरेको छ। रकमान्तरबाट बजेट थप गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।

४. **प्रगति मूल्यांङ्कन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ र २६ मा सम्बन्धित कार्यालयले कार्यान्वयन गरेको कार्यक्रमको प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको समीक्षा गरी प्रगति हुन नसकेकोमा सोको कारण र जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि कदम चाल्नुपर्ने व्यवस्था छ । सचिवालय आफैंले सञ्चालन गरेका कार्यक्रमको भौतिक एवं वित्तीय प्रगति विवरण तयार गरेको देखिएन । नियमावली अनुसार सभाको वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

५. **बजेट सीमा र मार्गदर्शन :** प्रदेश आर्थिक ऐन, २०७४ को दफा ७ मा बजेटको सीमा र मार्गदशन निर्धारणको लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रस्तावित बजेटको पुष्ट्याईंका लागि आवश्यक विवरण खुल्नेगरी खाका तयार गर्नुपर्ने व्यवस्था छ । सचिवालयले सो अनुसारको खाका तयार नगरेकोले बजेट विनियोजन दक्षता पूर्ण रुपमा भएको मान्न सकिएन ।

६. **वार्षिक कारोबार प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९०(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । प्रदेश सभा सचिवालयले प्रतिवेदन तयार गरेको नदेखिएबाट सचिवालयको आर्थिक कारोबार, फस्यौंट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था एकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार वार्षिक प्रतिवेदन तयार गरी समयमै पठाउनुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

७. **दरबन्दी र पदपूर्ति :** सचिवालयलाई तोकेको जिम्मेवारी पूरा गर्न आवश्यकतानुसार कर्मचारीको दरवन्दी स्वीकृत गरी पदपूर्ति हुनुपर्दछ । सचिवालयको स्वीकृत स्थायी दरवन्दी ३६ मध्ये २१ जनाको पदपूर्ति भई १५ पद रिक्त रहेको छ । माननीय सभामुखज्यूको सभापतित्वमा २०७५/८/३ मा सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको बैठकबाट विज्ञ चिकित्सक, सहायक कर्मचारी, कार्यालय सहयोगी लगायत ४१ अस्थायी दरवन्दी सिर्जना गरी पदपूर्ति गरेको छ । सचिवालयले व्यवस्थापन र सर्वेक्षण मार्फत आवश्यक दरवन्दी एकीन गरी स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्नुपर्नेमा आफैं अस्थायी दरवन्दी सिर्जना गरी नियुक्ति गर्नु कानुन सम्मत देखिएन । कानुन अनुसार कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाह प्रभावकारी तुल्याउनुपर्दछ ।

८. **व्यक्तिगत प्रयोजनका सामान :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी गर्दा रीत पुगे नपुगेको चेकजाँच गरेर मात्र भुक्तानी दिनुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम रु.५ लाख भन्दा बढी रकमको सामान खरिद गर्नुपर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । सचिवलयले स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएको व्यक्तिगत प्रयोजनका लागि प्रयोग हुने जुत्ता, ट्र्याकसुट, तौलिया, गम्छा लगायतका खेलकुदका लगायतका सामान माननीयज्यूहरुले खरिद गरेका बिल सम्लग्न गरी रु.१६ लाख ७१ हजार विविध खर्च शीर्षकबाट भुक्तानी गरेको छ । स्वीकृत कार्यक्रम बेगर व्यक्तिगत प्रयोगका सामान सिधै खरिद गरी भुक्तानी दिएको अनियमित देखियो ।

९. **दोहोरो सुविधा :** प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम २०१(१) मा माननीय सभामुखको सभापतित्वमा गठन भएको पाँच सदस्यीय सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले सचिवालयका कर्मचारीको लागि थप सुविधा दिनसक्ने उल्लेख छ । समितिको बैठकले सचिवालयका

कर्मचारीहरुको लागि कार्यसम्पादनको आधारमा शुरु तलब स्केलको ८० प्रतिशतसम्म प्रोत्साहन भत्ता, प्रतिदिन खाजा-खाना खर्च रु.५००, सार्वजनिक विदाको दिन काम गरेको प्रति दिन रु.७०० र बजेट विशेष भत्ता एक महिनाको दिने निर्णय गरेको छ । प्रोत्साहन भत्ताको सूचक तयार गर्दा १० बजेदेखि ५ बजेसम्म काम गरेको ५० अंक र कार्यालय समय बाहेक अतिरिक्त समय काम गरेको अर्को ५० अंक दिई शुरु तलब स्केलको ८० प्रतिशत प्रोत्साहन भत्ता पाउने सूचक निर्धारण गरेको छ ।

अतिरिक्त समयमा काम गर्दा दोहोरो नपर्ने गरी खर्च लेख्नुपर्नेमा १० देखि ५ बजेसम्म काम गरेकोमा ५० प्रतिशत र कार्यालय समय बाहेक काम गरेको अर्को ५० प्रतिशतले हुने रु.१ करोड ५० लाख ८१ हजार प्रोत्साहन भत्ता खर्च लेखी सकेपछि कार्यालय समय पश्चात अतिरिक्त समय काम गरेको खाजा-खाना भत्ता भनी रु.३८ लाख २४ हजार समेत र सोही अवधिभित्र बजेटको समयमा काम गरेको एक महिनाको तलब रु.९ लाख ५५ हजार खर्च लेखेको छ । कार्यसम्पादन सूचक अनुसार प्रोत्साहन भत्ता दिई सकेपछि सोही समयमा दोहोरो-तेहेरो सुविधा दिनमिल्ने नदेखिँदा थप व्ययभार परेको रु.४७ लाख ७९ हजार असुल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ५३ बमोजिम निर्णय गर्ने पदाधिकारिलाई समेत जिम्मेवार बनाउनुपर्दछ ।

१०. **राजनीतिक सल्लाहकार** : सचिवालयलको दरवन्दीमा राजनीतिक सल्लाहकारको व्यवस्था नभएको, कार्यालयको कार्यप्रकृति अनुसार सभामुख, उपसभामुख तथा अन्य सभासदहरुले पाउने सेवा सुविधामा कानुनी सल्लाहकार राख्न पाउने व्यवस्था छैन । सचिवालय व्यवस्थापन तथा संचालक समितिको २०७६।१०।१५ को निर्णयले २०७६ माघ १५ देखि २०७७ आषाढसम्म सभामुखको लागि अधिकृतस्तर एघारौं तहको पारिश्रमिक पाउने शर्तमा एक राजनैतिक सल्लाहकार नियुक्ति गरी रु.५ लाख १ हजार खर्च लेखेको छ । नियुक्ति गर्दा निजले सञ्चालन कार्य र सेवा अवधि खुलाई सम्झौता समेत गरेको छैन । यसरी दरवन्दी नभएको पदमा राजनीतिक सल्लाहकार राखी खर्च लेख्ने कार्य नियमसम्मत देखिएन ।

११. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१) मा स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयासम्म लागत अनुमान भएको मालसमान ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नसक्ने व्यवस्था छ । कार्यालयले मसलन्द तथा कार्यालय सञ्चालन सम्बन्धी फिनेल, हार्पिक लगायतका विभिन्न सामग्री टुक्रा-टुक्रा गरी विभिन्न ३५ आपुर्तकबाट सिधै खरिद गरी रु.६७ लाख ४९ हजार भुक्तानी दिएको नियमित देखिएन । नियमको पालना गरी खरिद गर्नुपर्दछ ।

१२. **विविध खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा कार्यालय मातहतबाट समेत सम्पादन गरिने कार्यक्रमलाई मितव्ययी बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने र नियम ३६(३) अनुसार खर्चको पुष्ट्यांई हुने प्रमाण कागजात संलग्न गरेर खर्च लेख्नुपर्ने व्यवस्था छ । सभाले विविध खर्च अन्तर्गत अतिरिक्त समयमा काम गरेको खाजा-खाना, होटल तथा पार्टिप्यालेसमा भएका सभा समारोहको भुक्तानी बाहेक यसवर्ष रु.१ करोड ३१ लाख ३६ हजार खर्च गरेको छ । खर्च लेख्दा खर्चको बिल संलग्न गरेतापनि खर्च गर्नुपर्ने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता पुष्टि हुने प्रमाण बेगर खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **थप व्ययभार** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने र खरिद ऐनको दफा ६३(१)(ख) मा छनौट भएको प्रस्तावदाता सम्झौता गर्न नआएमा कालो सूचिमा राख्न सकिने व्यवस्था छ । सचिवालयले बोलपत्रको माध्यमबाट ल्यापटप खरिद गर्दा सबैभन्दा घटीवाला विराटनगर स्थित एक फर्मले ११८ थान ल्यापटपको प्रति थान रु.९९ हजार ५७४ का दरले रु.१ करोड १७ लाख ५० हजारको बोलपत्र पेश गरेकोमा २०७५।११।२१ मा उक्त बोलपत्र स्वीकृत गरी सम्झौता गर्न २०७५।१२।५ मा पत्राचार गरेकोमा सम्झौता गर्न नआएकाले निजको विडवण्ड रु.४ लाख २६ हजार जफत गरी दोस्रो घटीवाला एक व्यवसायीको रु.१ करोड ५९ लाख (३५.३२ प्रतिशत बढी) को बोलपत्र स्वीकृत गरेबाट रु.४१ लाख ५१ हजार थप व्ययभार परेको छ । सम्झौता गर्न नआउने बोलपत्रदातालाई ऐनको दफा ६३ (१) (ख) बमोजिम कालोसूचिमा राखिनु पर्दछ ।

१४. **कालो सूचिमा राख्नुपर्ने** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१)ख मा बोलपत्रबाट छनौट भएको बोलपत्र दाता सम्झौता गर्न नआएमा कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनुपर्ने व्यवस्था छ । सचिवालयले प्रिफ्याव स्टेट भवन निर्माण गर्न रु.१ करोड १३ लाख २० हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र आव्हान गरेकोमा प्रथम घटीवाला एक निर्माण व्यवसायीको रु.६७ लाख ७१ हजारको ठेक्का २०७६।११।८ मा स्वीकृत गरेको छ । स्वीकृत बोलपत्रदाता सम्झौता गर्न नआएकोले निजले राखेको बोलपत्र जमानत रु.३ लाख ९ हजार जफत गरी दोस्रो घटीवाला अर्को एक निर्माण व्यवसायीको रु.९३ लाख ६७ हजारको बोलपत्र स्वीकृत गरी २०७७।३।१५ सम्म निर्माण कार्यसम्पन्न गर्नेगरी २०७७।२।११ मा सम्झौता गरेको छ । स्वीकृत बोलपत्रदाता सम्झौता गर्न नआएका कारण रु.२५ लाख ९६ हजार थप व्ययभार पर्न गएको छ । बोलपत्र स्वीकृत भईसकेपछी सम्झौता गर्न नआउने निर्माण व्यवसायीलाई ऐनको व्यवस्था अनुसार कालोसूचिमा राख्न आवश्यक कारवाही गर्नुपर्दछ ।

१५. **सिधै निर्माण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद ऐनको दफा ८(२) मा लागत अनुमानलाई टुक्रा टुक्रा गरी कार्य गर्न नहुने उल्लेख छ । सचिवालयले विभिन्न ८ निर्माण कामको अलग अलग गरी रु.८२ लाख ४७ हजार लागत अनुमानको काम प्रतिस्पर्धा बेगर एक निर्माण व्यवसायीसँग कार्यसम्पन्न गर्ने अवधि समेत उल्लेख नगरी २०७६/१/२७ मा सम्झौता गरेको छ । निर्माण व्यवसायीले सभा हल मर्मत, रङ्गरोगन, क्यान्टिन भवन मर्मत, सुरक्षा गार्ड भवन मर्मत लगायतका विभिन्न १० निर्माण कार्य गरेको बिजक पेश गरेको आधारमा रु.७७ लाख ८ हजार भुक्तानी भएको छ । लागत अनुमान टुक्रा टुक्रा गरी प्रतिस्पर्धा बेगर गराएको निर्माण कार्य नियमित एवं मितव्ययी देखिएन ।

१६. **भुक्तानी दिन बाँकीको विवरण** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमीत हुनेगरी टुक्रा टुक्रा पारी काम गर्न नहुने, आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४०(७)मा गत वर्षको भुक्तानी दिँदा म.ले.प.फा.नं २२१ प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । सचिवालयले रु.२९ लाख १७ हजारको माइक साउण्ड सिष्टम लगायत सभा व्यवस्थापन सामग्री सिधै खरिद गरी भुक्तानी बाँकीको स्वीकृत प्रमाण बेगर गत वर्षको भुक्तानी दिएको नियमित देखिएन ।

- **बेरुजु स्थिति** : प्रदेश सचिवालय तर्फ रु.३ करोड १६ लाख ८३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ । सो मध्ये रु.४० हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

# प्रदेश लोकसेवा आयोग

नेपालको संविधानको धारा २४४ मा भएको प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी समेत बनाउन योग्यता प्रणालीलाई अवलम्वन गर्ने गरी प्रदेश लोक सेवा आयोगको स्थापना भएको हो ।

यो वर्ष आयोगको विनियोजन रु.१ करोड २२ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्ः

१. **कार्यालय स्थापना** : प्रदेश निजामती सेवा, प्रहरी सेवा, सँगठित संस्था, अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायि, सेवामुखी र समावेशिता बनाई योग्यता प्रणालीलाई अवलम्वन गर्न प्रदेश सभाबाट २०७६।५।४ मा प्रदेश लोकसेवा आयोग ऐन २०७६ पारित गरे पश्चात २०७६ भाद्र २२ गते आयोगको स्थापना भएको छ ।

२. **कार्यक्रम तथा निर्णय** : आयोगले यो वर्ष २८ पटक बैठक बसी ६४ वटा निर्णय र २३ पदका पाठ्यक्रम निर्माण गरेको छ ।

३. **सिधै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । आयोगले डेक्सटप कम्प्युटर, ल्यापटप र फर्निचर शिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्नेमा टुक्रा पारी १४ लाख ८९ हजारको सोझै खरिद गरेको नियमित देखिएन ।

- **बेरुजु स्थिति** : कार्यालयतर्फ यो वर्ष रु.१४ लाख ८९ हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रिया प्राप्त नभई सोही बेरुजु बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपालको संविधानको धारा २३२ तथा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणिकरण गर्ने प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्यांकन, प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय व्यवस्था सम्बन्धी कानुन तर्जुमा र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मातहत समेत ३ कार्यालयको विनियोजनतर्फ रु.३ अर्ब १५ करोड ३७ लाख ३६ हजार, राजश्व रु.७ लाख १८ हजार, धरौटी रु.१ करोड ८६ लाख ८४ हजार र अन्य कारोबार रु.३ करोड १ लाख १२ हजार समेत रु.३ अर्ब २० करोड ३२ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:-

१. **बजेट, रकमान्तर र खर्च** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम विनियोजित बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्दछ । सो अनुसार खर्च नभएमा लेखा उत्तरदायी अधिकृत जिम्मेवार हुनुपर्ने व्यवस्था छ । कार्यालयको लागि चालु एवं कार्यक्रम बजेट रु.८९ करोड १९ लाख ११ हजार विनियोजन भएकोमा रकमान्तर समेतबाट रु.४ अर्ब ४९ करोड ४ लाख ६७ हजार संशोधित कार्यक्रम बजेट कायम गरी रु.३ अर्ब २० करोड ३२ लाख ५० हजार (७१.३३ प्रतिशत) मात्र खर्च गरेको छ । खर्चमध्ये मन्त्रिपरिषद्को कार्यालयले रु.९० करोड ७६ लाख ७६ हजार र रु.२ अर्ब २९ करोड ५५ लाख ७४ पुर्वाधार विकास कार्यालयले खर्च गरेका छन् । शुरु कार्यक्रममा न्यून बजेट विनियोजन गर्ने, रकमान्तर गरी थप गर्ने र अन्त्यमा न्यून बजेट खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२. **बजेट स्विकृती** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० (२) मा बजेट प्रस्ताव गर्दा कार्यान्वयन गरिने कृयाकलाप र सोको लागत खुलाउनु पर्ने व्यवस्था छ । कार्यालयले क्षेत्रगत लक्ष्य एवं उद्देश्य अनुसार एकमुष्ट बजेट प्रस्ताव गरेको छ । उक्त बजेट कहाँ कुन कुन आयोजनामा कति खर्च गर्ने स्पष्ट नगरी एकमुष्ट स्वीकृत गरेबाट निश्चित अवधिमा आयोजना कार्यान्वयन नहुने, पछि गरेपनि हुने आयोजना पहुँचको आधारमा पहिले कार्यान्वयन हुने अवस्था रहेको देखियो । यो वर्ष निर्माण हुने स्थान नखुलाई मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत १८५ सरसफाई संरचना निर्माण, आठवटै जिल्लामा ३० वटा सार्वजनिक ऐतिहासिक पुरातात्विक मठ, मन्दिर मस्जिद पोखरी निर्माण र २४ छात्रा शौचालय निर्माणमा एकमुष्ठ रु.४५ करोड २५ लाख १२ हजार बजेट स्वीकृत गरेको छ। जुन कार्यक्रम बजेट सिद्धान्त विपरीत देखिन्छ।

३. **कार्य सञ्चालनस्तरको कार्य** : प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले निर्दिष्ट गरे अनुसार मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवं नीति तर्जुमा एवं कार्यान्वयन, कार्यक्रम बजेट तर्जुमा एवं कार्यान्वयन, मन्त्रालयहरु बीच समन्वय, केन्द्रीय लेखा तयार गर्ने, प्रगति प्रतिवेदनको मूल्यांकन गर्ने, मातहत कार्यालयबाट संचालित कामको अनुगमन गर्ने, वित्तीय प्रतिवेदन जारी गर्ने लगायत जिम्मेवारी उल्लेख भएको देखिन्छ । नीति निर्माण एवं अनुगमनको जिम्मेवारी रहेको निकायले विषयगत मन्त्रालयहरुबाट सम्पादन गरिनु पर्ने निम्नानुसारका कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यान्वयन गरेको उपयुक्त देखिएन ।

(रु.हजारमा)

| सि.न | कामको विवरण | परिमाण | कार्यक्रम बजेट |
|---|---|---|---|
| १ | सरसफाई संरचना अन्तर्गत पोखरी संरक्षण,सौन्दर्यीकरण तथा शौचालय निर्माण | १८५ वटा | ३१,३३,२४ |
| २ | प्रदेश मातहत आठवटै जिल्लामा मठ मन्दीर मस्जिद सार्वजनिक स्थल मर्मत संभार | ३० वटा | १०,३१,८८ |
| ३ | आठवटै जिल्लाका सामुदायिक विद्यालयका कक्षा ८ मा अध्ययनरत छात्रालाई साइकल खरिद एवं वितरण | लक्ष्यअनुसार | ७,१९,८१ |
| ४ | आठवटै जिल्लामा २ वटाका दरले सार्वजनिक शौचालय निर्माण | १६ वटा | ५,००,०० |
| ५ | छात्रा शौचालय निर्माण, आठवटै जिल्लामा ३ वटाको दरले | २४ वटा | ३,६०,०० |

४. **वार्षिक कारोबार एवं कार्यसम्पादन प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रतिवेदन तयार नगरेकोले कार्यालयको आर्थिक कारोवार, फस्यौंट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था एकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

५. **संगठन र कर्मचारी व्यवस्थापन** : संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा प्रदेश वा स्थानीय तहले गर्ने कार्यको स्पष्ट मार्गचित्र तयार नगरेका कारण कार्यक्रम सञ्चालन गर्न आवस्यक कार्यालय र कर्मचारी संख्या समेत हालसम्म एकीन गरेको छैन । प्रदेश नं २ अन्तर्गत २ संवैधानिक निकाय, ७ मन्त्रालय, एक प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्य मातहत १२० कार्यालय रहेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त प्रदेश नं २ अन्तर्गतका निकायको कुल दरवन्दी ३ हजार २४ रहेकोमा २ हजार ९४ पदपूर्ति भई ९३० रिक्त रहेको छ । रिक्तमध्ये अधिकृत एघारौं तहको १७, नवौं/दशौं अप्राविधिक तहको ३२, सातौं र आठौं तहको अप्राविधिक ७०, प्राविधिक १५८, पाँचौं तह प्राविधिक ८० र अन्य ५७३ दरवन्दी रिक्त रहेका छन् । सो दरवन्दी रहने मन्त्रालय खुलाएको छैन । रिक्त दरवन्दी पदपूर्ति गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ ।

६. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख मन्त्रिपरिषद्को कार्यालयले अद्यावधिक गरेको छैन । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कर्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फस्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक मूल्यांङ्कन प्रणाली मूल्यांङ्कन गर्दा कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरिक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणालीको प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतिय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको स्थिति देखियो । ऐन नियमले तोकिएका कार्यहरु तोकिएको मापदण्ड अनुसार गुणस्तरीय रुपमा समयमै सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **साइट सुपरभाइजरको खर्च :** "मुख्यमन्त्री स्वच्छता अभियान" एवं "मुख्यमन्त्री बेटी पढाउ वेटी बचाउ कार्यक्रम" अन्तर्गत निर्माण हुने मन्दिर, पोखरी सौन्दर्यीकरण,भवन मर्मत संभार, मस्जिद निर्माण, कब्रिस्थान निर्माण, ईनार निर्माण, महिला शौचालय निर्माण, चापाकल जडान लगायतका कार्यक्रम अन्तर्गत ८ जिल्लामा ४ ईन्जिनियर, ४ सव ईन्जिनियर र ठेक्का सम्झौता अनुसारको प्रति काम एक जना सुपरभाइजर राखी कन्टिन्जेन्सीबाट रु.५१ लाख ५९ हजार खर्च लेखेको छ । ईन्जिनियर र सव ईन्जिनियर प्राविधिक विषय अध्ययन गरेका र अन्य सुपरभाइजर तिनीहरुको रेखदेखमा रही काम गर्ने उल्लेख छ । उक्त कर्मचारीहरु २०७६ भाद्र महिना देखि काम गर्दै आएकोमा त्यसको नीतिगत निर्णय २०७६ चैत्र २३ मा मुख्यमन्त्रीबाट समर्थन भएको देखिन्छ । यसरी कर्मचारी सुपरभाइजर राख्दा कामको परिमाण, कार्यक्षेत्र अनुसार आवश्यक सख्या एकिन गरी निश्चित योग्यता निर्धारण गरी नियुक्ति दिएर काममा लगाउनुपर्नेमा ईन्जिनियर र सव ईन्जिनियर बाहेक अरुको योग्यता समेत निर्धारण नगरी नियुक्ति पत्र विना भुक्तानी दिएको रकम नियमित एवं मितव्ययी देखिदैन । तोकिएको प्रकृया बमोजिम आवश्यकताको आधारमा नियुक्ति गरी खर्च गर्नुपर्दछ ।

९. **अधुरा आयोजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन, नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने तथा नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्ति लिई काम गराउने व्यवस्था रहेको छ । मिति २०७६/१/२३ मा रु.१८ करोड २० लाख ५४ हजारमा सम्झौता भएका नगुवा पोखरी, पर्सा र मुर्ली पोखरी, पर्सा सौन्दर्यीकरण कार्य सम्पन्न गर्नुपर्ने म्याद २०७७/१/२२ मा समाप्त भएकोमा १३.९ प्रतिशत र ३४.५१ प्रतिशत मात्र भौतिक प्रगति भएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ अनुरुप आवश्यक कारवाही गरी समयमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

१०. **नन फाइलर :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयसँग ठेक्का सम्झौता गरेका १० निर्माण व्यवसायीहरुले कर विजक पेश गरी मू अ कर भुक्तानी लिएकोमा लेखापरीक्षण अवधिसम्म आन्तरिक राजश्व कार्यालयमा मासिक कर विवरण समेत नबुझाई ननफाइलर देखिएकोले रु.३३ लाख २६ हजार मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश गर्नुपर्दछ ।

११. **परामर्श सेवा खर्च** : प्रदेश २ का ८ जिल्लामा रहेका ३४ पोखरी र मझौलास्तरका १६ नदी खोलाहरुको बाढी पहिरो नियन्त्रणको लागि विस्तृत आयोजना प्रतिवेदन र मास्टर प्लान तयार गर्न रु.४ करोड २१ लाख २८ हजार खर्च गरेको छ । परामर्शदाताले पेश गरेको प्रतिवेदन अनुसार ३४ पोखरी सौन्दर्यीकरण तथा अन्य निर्माण गर्न रु.१ अर्ब ९० करोड ७ लाख र १६ नदीको रिभर ट्रेनिङ्गको कार्य गर्न रु.७ अर्ब ३३ करोड ७२ लाख लागत लाग्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्

११.१. मन्त्रिपरिषद्को कार्यालयले प्रदेश २ अन्तर्गत ८ जिल्लाका विभिन्न ३४ पोखरीको "रिनोभेसन तथा व्युटिफिकेसन गर्न विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य गर्न रु.५/५ लाखको बजेट स्वीकृत गरी मौजुदा सूचिमा रहेका अलग अलग परामर्शदाताबाट काम गराएको छ । एकै जिल्लामा एकभन्दा बढी पोखरीको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको देखिँदा कामको प्रकृति अनुसारको प्याकेज बनाई प्रतिस्पर्धाको माध्यमबाट परामर्श सेवा लिन सकिनेमा सो नगरी रु.१ करोड २७ लाख ४२ हजारको काम सोझै सम्झौता गरी गराएकोले नियमित देखिएन ।

११.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ८ जिल्लामा पर्ने १६ नदीहरुको रिभर ट्रेनिङ्गको मास्टर प्लान र टेक्निकल प्रतिवेदन तयार गर्न सिंचाई विभागको नर्म्स प्रयोग गरी रु.२० लाख नबढ्नेगरी रु.३ करोड ३ लाख ८९ हजारको लागत अनुमान स्वीकृत गरेको छ । प्रत्येक नदीकोलागि ३ सूचिकृत परामर्शदाताबाट आर्थिक र प्राविधिक प्रस्ताव माग गरी रु.२ करोड ८६ लाख ७७ हजार (लागतको ९४.३६ प्रतिशत) भुक्तानी गरेको छ ।

वार्षिक कार्यक्रम स्वीकृत भएपछि उपयुक्त प्याकेज बनाई बोलपत्रको माध्यमबाट परामर्शदाता छनौट गर्नुपर्नेमा बोलपत्रको सीमाभन्दा घटीको स-साना प्याकेजको लागत अनुमान तयार गरी खरिद गरेको उपयुक्त देखिएन । खरिद कार्य प्रतिस्पर्धात्मक बनाउनु पर्दछ ।

१२. **चौमासिक तथा आषाढ महिनाको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति तयार गर्नुपर्ने र कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम वा क्रियाकलाप सञ्चालन गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयले यो वर्ष पुँजीगत जम्मा रु.९० करोड ७६ लाख ७६ हजार पुँजीगत खर्च गरेकोमा प्रथम चौमासिकमा १७ प्रतिशत, दोश्रो चौमासिकमा १४ प्रतिशत, तेश्रो चौमासिकमा ६९ प्रतिशत र आषाढ महिनामा कूल खर्चको २५ प्रतिशत खर्च गरेको छ । निर्माण कार्यलाई व्यवस्थित, गुणस्तरीय र मितव्ययी बनाउन तेश्रो चौमासिकमा बढी खर्च गर्ने परिपाटी अन्त्य गरी तोकिएको अवधिमा तोकिएको काम सम्पन्न गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

१३. **प्रगति मूल्यांङ्कनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार चौमासिक एवं वार्षिक प्रगति विवरण तयार गर्नुपर्ने, नियम २६ अनुसार भौतिक तथा वित्तीय पक्षको समीक्षा गरी प्रगति कम हुनुका प्रमुख कारण र सोको जिम्मेवार व्यक्ति समेत पहिचान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रगति विवरण तयार नगरेकोले लक्ष्य अनुसारको प्रगति मूल्यांङ्कन गर्न सकिएन । नियम अनुसार प्रगति विवरण तयार गरी मूल्यांङ्कन गर्नुपर्दछ ।

१४. **प्रमाण कागजातः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (७) र (८) मा आफूले जिम्मा लिएको सरकारी रुपैयाँ र त्यसको हिसाब किताव बिल भरपाई वा सक्कल प्रमाण लेखा प्रमुखद्वारा राख्ने वा राख्न लगाउने समेतको सम्पूर्ण दायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । कार्यालयले बिल भरपाई वा सक्कल प्रमाण बेगर एक कन्स्ट्रक्सन मार्फत नेपाली सेना जितपुर बारामा भएको निर्माण कार्यको प्रतिलिपि बिलको आधारमा रु.१ करोड ८४ लाख २२ हजार भुक्तानी दिएको छ । सक्कल श्रेस्ता पेश गर्नुपदछ ।

१५. **आर्थिक सहायता :** सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनैपनि सरकारी तथा गैह्रसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्डभित्र रहेर मात्र आर्थिक सहायता प्रदान गर्ने, त्यस्तो सहायता पाउने व्यक्ति वा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउन नहुने व्यवस्था उल्लेख छ । साथै उपरोक्त व्यवस्था प्रदेश सरकारका सबैं कार्यालयले पालना गर्ननुपर्ने व्यवस्था छ । मन्त्रिपरिषद्को बैठकका निर्णयहरुको आधारमा विभिन्न १७ संघ संस्थालाई सभा, उत्सव, प्रदर्शन, मेला, प्रवचन, खेल, खरिद, महाधिवेशन, सम्मेलन, प्रकाशन, प्रतियोगित लगायतका कार्यक्रम संचालन गर्न रु.१ करोड २९ लाख ५० हजार बिना बिलभरपाई आर्थिक सहायता प्रदान गरेको छ । आर्थिक सहायता प्रदान गर्दा कार्यविधि बनाएर मितव्ययी हुनेगरी तोकिएको मापदण्ड अनुसार प्रदान गर्नुपर्दछ ।

१६. **विविध खर्च :** कार्यालयले यो वर्ष चियापान, नास्ता, अतिथि सत्कार, खाना लगायत विविध खर्चमा रु. ८८ लाख ४४ हजार खर्च लेखेको छ । यस्तो खर्च गर्ने मापदण्ड तयार गरेको छैन । शुभ दिपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रमको लागि हाइटि खाना, स्वागत टेन्ट, कुर्ची टेवलको भाडा लगायत समाग्रीको लागि एक टेन्ट हाउसलाई रु.२७ लाख ३४ हजार भुक्तानी गरेको पाइयो । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१७. **तलबी प्रतिवेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) मा तलवी प्रतिवेदन पारीत गरी तलव खर्च लेख्नुपर्ने उल्लेख छ । कार्यालयले यस आर्थिक वर्षमा तलवी प्रतिवेदन पारीत नगरी कर्मचारी पारिश्रमिक शीर्षकबाट रु.१ करोड ९५ लाख ४३ हजार तलब भुक्तानी दिएको छ । प्रतिवेदन पारीत गरेर मात्र खर्च लेख्ने गर्नुपर्दछ ।

१८. **ग्रेड :** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ । पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितिय, राजपत्र अनंकित प्रथम, राजपत्राङ्कित द्वितिय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरु प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा माथिल्लो तहको स्केल पाउने र त्यस्मा तल्लो तहमा खाईपाई आएको ग्रेड समायोजन गर्न पाउने व्यवस्था छैन । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यो वर्ष माथिल्लो तहमा समायोजन भएका ७ कर्मचारीहरुलाई माथिल्लो स्केलमा ग्रेड थप गरी रु.५ लाख १० हजार भुक्तानी गरेकोले ऐन विपरीत भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

१९. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को २१ औं संसोधनले सम्झौता अनुसारको भुक्तानी गर्दा ५० प्रतिशत मूल्य अभिवृद्धिकर कट्टा गरी राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २ निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा ५० प्रतिशतले हुन आउने रु.२५ लाख ३ हजार कट्टी गरी भुक्तानी गर्नुपर्नेमा पुरै भुक्तानी दिएकोले उक्त मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश हुनुपर्दछ ।

२०. **ट्युवेल जडान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सामग्री प्रयोग गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्षमा एक जे.भि बाट ५०० थान हातेपम्प रु.९८ लाख ७० हजारमा खरिद गरी मौज्दात राखेको पाइयो । मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिनुका साथै उक्त पम्म सम्बन्धित स्थानमा जडान भएको कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्दछ ।

२१. **वितरणमुखी कार्यक्रम** : मुख्यमन्त्रीको अध्यक्षतामा २०७६।३।१६ मा बसेको बैठकले सामुदायिक विद्यालयमा अध्यनरत छात्रालाई साइकल वितरण गर्ने निर्णय गरी रु.९ करोड ८४ लाख १८ हजार मूल्यका १४ हजार थान साइकल २६२ विद्यालयका प्रधानाध्यापक वा विद्यालयका प्रतिनिधीलाई ८ कक्षामा पढ्ने छात्रा संख्याको आधारमा उपलव्ध गराएको देखियो । आठ जिल्लाका सामुदायिक विद्यालय र कक्षा ८ मा पढ्ने छात्रा विद्यार्थी संख्याको लगत अद्यावधिक नगरेकाले सबै विद्यालयका सबै छात्राले साइकल प्राप्त गरेको एकिन भएन । विद्यालयले बुझेका साइकल विद्यार्थीलाई बुझाएको सुनिश्चितता गर्नुपर्ने देखिन्छ। यस्तो कार्यक्रम सञ्चालन गर्दा आर्थिक अवस्था कमजोर भएका परिवारका विद्यार्थीलाई मात्र वितरण गरेमा उपलब्ध सीमित श्रोतको न्यायोचित उपयोग गर्न सकिने देखिन्छ ।

२२. **छोरी शिक्षा बीमा** : छोरी शिक्षा बीमा/मुद्दति वचत कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ मा २०७५ माघ १ गते पछि जन्मिएका प्रदेश २ का आठवटै जिल्लाका बालिकाहरुलाई कार्यक्रममा आवद्ध गरी मुद्धति खाता बाहकले २० वर्ष उमेर पूरा गरेपछि निजले मुद्धति अवधिभित्रै विद्यालय शिक्षा वा १२ कक्षा वा सो सरह पूरा गरेको र २० वर्ष उमेर पूरा नगरी विवाह नगरेको अवस्थामा सेवा प्रदायक सस्थाले एकमुष्ट रु.३ लाख भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालय र एक बैंकसँग भएको सम्झौताको बुँदा नं १ मा एक छोरी मुद्धति बीमा रकम जम्मा गर्न एक पटकमा रु ३७ हजारका दरले सेवा प्रदायक सस्थालाई २ हजार ७७८ जना बालिकाको नाममा रु.१४ करोड ९९ लाख ८७ हजार उपलव्ध गराएको छ । सो रकम प्राप्त भएपछि बैंकले छोरी मुद्धति खाता खोली सो खाता सम्बन्धी सम्पूर्ण विवरण मन्त्रालयलाई दिनुपर्नेमा बालिकाको खातामा रकम जम्मा भएको, खाता सञ्चालन गरेको वा कुनै बीमा पोलिसि जारी गरेको प्रमाण पेश गरेको छैन । बीमा गरिएको रकम दीर्घकालमा हिनामिना र दुरुपयोग नहुनेगरी सुनिश्चित गरिनु पर्दछ

२३. **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा १२३ (४) बमोजिमको धरौटि फिर्ता गर्दा सम्बन्धित आपुर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गरेपछि भुक्तानी गर्नुपर्नेमा विभिन्न ५ निर्माण व्यवसायीहरुलाई कर समायोजनको प्रमाण बेगर रु.४४ लाख १५ हजार भुक्तानी दिएकोले कर समायोजन पेश गर्नुपर्दछ ।

२४. **महशुलमा जरिवाना :** आर्थिक कार्यविधि ऐन तथा नियमावली, मितव्ययिता सम्बन्धी निर्देशिकाहरु एवं अख्तियारी निर्देशिका अनुसार कार्यालयले समयमै मितव्ययी तवरले खर्च गर्ने व्यवस्था अपनाउनु पर्दछ । कार्यालयले समयमा महशुल भुक्तानी गरी छुट लिनसक्नेमा ढिला गरी विद्युत महसुल भुक्तानी गर्दा रु.१५ लाख ८८ हजार र सवारी कर भुक्तानी गर्दा रु.१० हजार समेत गरी रु.१५ लाख ९८ हजार थप दस्तुर तिरी व्ययभार पारेको देखियो । व्ययभार पर्नेगरी खर्च गर्ने गराउनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

२५. **राहत सामग्री खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा आकस्मिक परिस्थितिको सामान खरिद गर्नुपर्दा आवश्यक परिमाण र समयावधिका लागि यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र आपुर्तिकर्तासँग लिखित दरभाउ लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नसक्ने उल्लेख छ । कार्यालयले ८ वटै जिल्लामा २०७६।३।२६ देखि ४।२५ सम्म वाढीको कारण विशेष परिस्थिति परेको भनी राहत व्यवस्थापनका लागि २०७६।३।३० मा मन्त्रीस्तरीय निर्णय गरी चामल, दाल, नुन, त्रिपाल, तेल लगायतका राहत सामग्री फरक फरक १२ आपूर्तकबाट रु.२ करोड ७७ लाख ९० हजारमा खरिद गरी वितरण गरेको छ । खरिद गर्दा छोटो सूचना वा आपूर्तकसँग बार्ता गरी दर कायम गरेको छैन । यसरी वितरण गर्दा विशेष परिस्थिति परेको पुष्टि हुने विवरण, बाढीबाट प्रभावितहरुको विवरण पेश गरेको छैन । विशेष परिस्थितिमा सिधै खरिद गर्नुपर्दा पनि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को प्रक्रिया पुरा गर्नुपर्नेमा सो नगरी आपूर्तकसँग वार्ता गरी खरिदलाई मितव्ययी गर्नेतर्फ ध्यान नदिएको, राहत पाउने र वितरणको अभिलेख अद्यावधिक नगरेको कार्य नियमित एवं मितव्ययी देखिएन ।

- **बेरुजु स्थिति :** कार्यालयतर्फ निकायको रु.२६ करोड ४२ लाख ४० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.७ करोड १३ लाख ८१ हजार बेरुजु फस्यौंट भई रु.१९ करोड २८ लाख ५९ हजार बाँकी रहेको छ । सो मध्ये रु.१० हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ९ इकाइको विनियोजनतर्फ रु.३ अर्ब ६९ करोड २४ लाख ९ हजार, राजश्व तर्फ ९ इकाइको रु.७ अर्ब ७१ करोड २५ लाख ७४ हजार, धरौटी तर्फ ७ इकाइको रु.३६ लाख ६६ हजार र अन्य कारोबारतर्फ ६ इकाइको रु.१६ लाख ८७ हजार समेत रु.११ अर्ब ४१ करोड ३ लाख ३६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालयबाट संघ अन्तर्गतका २ निकायमा निकासा दिएको रु.२३ लाख ९३ हजार विनियोजन खर्च रकममा समावेश छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

१. **नीति तर्जुमा एवं कार्यान्वयन :** प्रदेश सरकार (कार्यविभाजन) नियमावली,२०७४ अनुसार मन्त्रालयले तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने काममध्ये प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा एवं कार्यान्वयन, प्रदेश स्तरको आर्थिक स्थायीत्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन प्रदेश राजश्व सम्बन्धी नीति र कानुनको तर्जुमा एवं कार्यान्वयन, राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा लगायतको काम हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **आवधिक योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयन :** प्रदेश नं २ को स्वीकृत पंञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा प्रगति मन्त्रालयगत रुपमा सम्बन्धित मन्त्रालयले र समग्र योजनाको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले वार्षिक रुपमा समीक्षा गरी कार्यान्वयन हुन नसकेका कारण सहित आगामी आर्थिक वर्षमा गर्नुपर्ने सुधार सहित मूल्यांकन गर्नुपर्नेमा यस मन्त्रालय लगायत अन्य मन्त्रालयको योजना कार्यान्वयन अवस्थाको मूल्यांकन गरेको देखिएन । यसले गर्दा पञ्चवर्षिय योजनाको लक्ष्य प्रगतिको विश्लेषण तथा मूल्यांकन गर्न सकिएन ।

२.१. आवधिक योजना अनुसार प्रथम वर्षमा देहायको परिमाणात्मक लक्ष्य राखेकोमा प्रगति मूल्यांकन गरेको छैन

| प्रमुख सूचक | आधार वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ |
|---|---|---|
| प्रादेशिक वार्षिक आर्थिक वृद्धिदर | ६.५३ प्रतिशत | ७ प्रतिशत |
| गरिबीको रेखामुनि रहेको जनसंख्या | २६.६९ प्रतिशत | २५ प्रतिशत |
| कूल ग्राईस्थ उत्पादन (रु.अर्बमा) | ४४४ | ४७५ |
| आन्तरिक राजश्व वृद्धि (रु.अर्बमा) | ९ | ११ |
| पुँजीगत खर्च (रु.अर्बमा) | १५.०५ | १७.२० |
| बनले ढाकेको क्षेत्रफल | २७.२९ प्रतिशत | २७.४२ प्रतिशत |
| खानेपानी सुविधा पुगेको घरपरिवार | ८९ प्रतिशत | ९१ प्रतिशत |
| सिंचाईयोग्य क्षेत्रमा सिंचाई सुविधा | ४३.२ प्रतिशत | ४७ प्रतिशत |

२.२. **प्रादेशिक क्षेत्रगत यो वर्षको आर्थिक वृद्धिदरको लक्ष्य प्रतिशत निम्नानुसार रहेको छः-**

| क्षेत्र | २०७६/७७ |
|---|---|
| कृषि | ४.३ |
| उद्योग | ११.१ |
| सेवा | ८.१ |
| **कूल** | **७.०** |

योजनाले लक्ष्य अनुसार २०७६/७७ मा पुँजीगत खर्च रु.१७ अर्ब २० करोड खर्च गर्ने लक्ष्य रहेकोमा रु.८ अर्ब २३ करोड ७६ लाख (४७.८९प्रतिशत) मात्र खर्च गरेकोले योजनाको लक्ष्य अनुसार प्रगति हुने अवस्था छैन । योजनाले निर्दिष्ट गरेका लक्ष्य र प्रगतिको सम्बन्धमा प्रतिवेदन तयार गरी समीक्षा हुनुपर्दछ ।

३. **बजेट खर्च एवं रकमान्तर :** प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सरकारको राजश्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते भित्र प्रदेश सभामा पेश गर्नुपर्ने र सोसाथ राजश्व संकलन, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्था सहितको बजेट अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ को आय-व्ययको अनुमान र सोको कार्यान्वयन स्थिति निम्नानुसार रहेको छः

३.१. प्रदेश सरकारको लागि रु.३८ अर्ब ७२ करोड ५६ लाख बजेट स्वीकृत गरेकोमा रु.१८ अर्ब १ करोड ७२ लाख खर्च गरेको छ । उक्त खर्च कूल बजेटको ४६.५३ प्रतिशत रहेको छ । खर्च मध्ये चालुतर्फ संचित कोषमा व्ययभार पर्ने समेत रु.९ अर्ब ७७ करोड ९६ लाख तथा पुँजीगततर्फ रु.८ अर्ब २३ करोड ७६ लाख रहेको छ । खर्चको अनुपातमा चालुतर्फ ५४.२८ प्रतिशत र पुँजीगततर्फ ४५.७२ प्रतिशत खर्च रहेको छ। बजेट वक्तव्य मार्फत पुँजीगत बजेट रु.१९ अर्ब २६ करोड ७४ लाख विनियोजन गरेकोमा ४२.७५ प्रतिशत मात्र खर्च गरेको छ । बजेट तथा कर्यक्रमको समुचित परिचालन गर्न नसक्दा पुँजीगत खर्चको स्थिति न्यून रहेको देखिन्छ ।

३.२. नेपालको संविधानको धारा २०८ मा शुरु विनियोजित बजेट बमोजिम खर्च गर्दा रकम अपर्याप्त भएमा, विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा पूरक अनुमान पेश गरी बजेट थप गर्नसक्ने व्यवस्था छ । प्रदेश सरकारको रु.३८ अर्ब ७२ करोड ५६ लाखको बजेट पेश भएकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले पटक पटक रकमान्तरबाट थप घट गरेको र संघीय सरकारबाट वित्तीय हस्तान्तरणमा रु.१ अर्ब ९ करोड २३ लाख थप बजेट प्राप्त भएको समेत प्रदेश लेखा नियन्त्रक कार्यालयले रु.४४ अर्ब ५१ करोड २६ लाखको संशोधित मन्त्रालयगत बजेट र खर्चको विवरण पेश गरेको छ । आर्थिक विवरण अनुसार शुरु विनियोजित बजेट भन्दा रु.५ अर्ब ७८ करोड ७० लाख (१४.९४ प्रतिशत) बढी बजेट कायम गरेको देखियो । पूरक अनुमान पेश नगरी शुरु विनियोजित बजेट बढ्नसक्ने आधार देखिदैन ।

४. **अर्थ विविधबाट खर्च :** अर्थ विविधमा चालु खर्च तर्फ रु.७ अर्ब ५६ करोड र पुँजीगत खर्च तर्फ रु.६ अर्ब ८६ करोड समेत रु.१४ अर्ब ४२ करोड (कूल बजेटको ३७.२९प्रतिशत) एकमुष्ट बजेट विनियोजन गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गरी विभिन्न मन्त्रालयमा चालु खर्चतर्फ रु.३ अर्ब ६७ करोड र पुँजीगत खर्च तर्फ रु.२ अर्ब ८० करोड गरी जम्मा रु.६ अर्ब ४७ करोड खर्च गरेको छ । उक्त रकम कूल बजेटको १६.७० प्रतिशत हुन आउँदछ । मन्त्रालयहरुमा शुरु बजेट विनियोजन कम गरी पछि अर्थ विविधबाट निकासा एवं रकमान्तर गरी थप गर्ने परिपाटी बजेट सिद्धान्त विपरीत देखिन्छ ।

५. **राजश्व प्रक्षेपण तथा असुली** : आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्यमा प्रदेशको कूल आन्तरिक श्रोतबाट १३ अर्ब ५४ करोड ३१ लाख राजश्व संकलन हुने उल्लेख गरेकोमा रु.९ अर्ब ८० करोड ९८ लाख (७२.४३प्रतिशत) संकलन भएको छ । सो मध्ये राजश्व बाडँफाडँ मार्फत संघबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको योगदान रु.६ अर्ब ५२ करोड ६४ लाख (६६.५३ प्रतिशत) रहेको छ । प्रदेश सरकारले बजेटमा गरेको प्रक्षेपण अनुसार राजश्व संकलनको स्थिति संन्तोषजनक देखिएन ।

६. **बजेट स्रोतको यर्थाथता** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक श्रोत समेतलाई मध्येनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ । प्रदेश सभामा पेश गरेको बजेटमा रु.३८ अर्ब ७२ करोड ५६ लाख खर्च हुने अनुमान गरेकोमा राजश्वबाट रु.१३ अर्ब ५४ करोड ३१ लाख र संघीय सरकारको अनुदान रु.१६ अर्ब १७ करोड ७४ लाख र चालु आर्थिक वर्षको विनियोजनमा खर्च नभई बचत बाट रु.७ अर्ब ७० करोड ५१ लाख समेत रु.३७ अर्ब ४२ करोड ५६ लाख हुने र बाँकी रु रु.१ अर्ब ३० करोड आन्तरिक ऋण बाट पुर्ति गर्ने गरी बजेट तयार गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको विवरण अनुसार राजश्वबाट रु.९ अर्ब ८० करोड ९७ लाख संघीय सरकारको अनुदानबाट रु.१४ अर्ब ९२ करोड ६६ लाख र विनियोजन मा खर्च नभई बचत रु.६ अर्ब ३० करोड १६ लाख समेत रु.३१ अर्ब ३ करोड ७९ लाख (अनुमानित बजेटको ८०.१४ प्रतिशत) प्राप्त गरेको छ । आन्तरिक ऋणबाट कुनै रकम प्राप्त भएको छैन । श्रोत र बजेट यथार्थमा आधारीत भई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

७. **एकीकृत वित्तीय विवरण** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसिकने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । त्यति गर्दा पनि वित्तीय विवरण पेश नगरेमा विभागीय कारवाही समेत हुनसक्ने व्यवस्था छ । मन्त्रालयले तोकिएको अवधिमा एकीकृत वित्तीय विवरण तयार नगरेको, म्याद थपका लागि पत्राचार पनि नगरेको अवस्था छ । यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम समयमै वित्तीय विवरण पेश गर्नुपर्दछ ।

८. **वार्षिक कारोबार एवं कार्यसम्पादन प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । जसबाट मन्त्रालयको आर्थिक कारोबार, फस्यौंट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था एकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन तयार गरी समयमै पठाउनुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

९. **बजेट तथा कार्यक्रमको मूल्यांङ्कनः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० अनुसार प्रगति समीक्षा प्रतिवेदन समेतका आधारमा समग्र प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्यांङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा राजश्व वैदेशिक अनुदान एवं ऋणको प्राप्ति र परिचालन प्रदेश सरकारका नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन अवस्था समेतको मूल्यांङ्कन गरी आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र सार्वजनिक गरिसक्नुपर्ने व्यवस्था छ । यो वर्ष रु.३८ अर्ब ७२ करोड ५६ लाख बजेट विनियोजन भएकोमा रु.१८ अर्ब १ करोड ७२ लाख मात्र खर्च भएको छ । लेखापरीक्षण अवधि २०७७ पौषसम्म मन्त्रालयगत केन्द्रीय आर्थिक विवरण नै तयार नगरेको तथा सबै मन्त्रालयको खर्च र भौतिक प्रगतिको मूल्यांङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले वार्षिक प्रतिवेदन सार्वजनिकीकरण गरेको छैन ।

१०. **दिगो विकास लक्ष्य कार्यान्वयन** : पन्ध्रौं योजना (२०७६-८०) मा दिगो विकास लक्ष्य उल्लेख गर्दा गरिबी निवारण, आर्थिक वृद्धि र रोजगारी, औद्योगिकरण, शहरी विकास, लैङ्गिक समानता, समावेशीकरण, खानेपानी, ऊर्जा, स्वास्थ्य, शिक्षा, सार्वजनिक/निजी साझेदारीसँग सम्बन्धित लक्ष्य र रणनीति निर्धारण गरेको छ ।

चौधौं योजनाको समीक्षा गर्दा नेपालले दिगो विकासको लक्ष्य अनुसार राष्ट्रिय गरिबी १८.६ प्रतिशत, बहुआयामिक गरिबी २८.६ प्रतिशतमा झारेको, कूल गार्हस्थ उत्पादन वृद्धिदर ५.६ प्रतिशत कायम गरेको, प्राथामिक तहमा विद्यार्थी भर्नादर ९७.२ प्रतिशत पुगेको, ८८ प्रतिशत जनसंख्याले आधारभूत खानेपानी र २१ प्रतिशतले सुरक्षित खानेपानी सुविधा उपभोग गरेको ८८ प्रतिशत जनसंख्याले विद्युत सुविधा प्राप्त गरेको, वन जङ्गलले ढाकेको क्षेत्रफल ४७.७४ प्रतिशत पुऱ्याएको जस्ता प्रगति उल्लेख गरेको छ ।

दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्न पन्ध्रौं योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्य अनुसार तयार गर्ने र अनुगमन गर्दा सो अनुसार भए नभएको मूल्यांकन गर्ने व्यवस्था गर्नुपर्दछ । यसको लागि संघ, प्रदेश र स्थानीय तह र सरोकारवालासँग समेत समन्वय गर्ने, प्रदेश र स्थानीय तहहरुमा योजना छनौट एवं कार्यान्वयन गर्दा दिगो विकास लक्ष्यसँग आबद्ध हुने योजना छनौट गर्नुपर्नेमा प्रचारमुखी र दिगो नहुने खालका ससाना कार्यक्रम जस्तै ग्याँस चुल्हो वितरण, साइकल वितरण, ईनार निर्माण, बाटोको ट्र्याक खोल्ने, स्यालो ट्युवेल जडान जस्ता कार्यक्रम छनौट गरेको देखिँदा दिगो विकाससँग मेल नखाने यस्ता कार्यक्रम सञ्चालनमा नियन्त्रण गर्नुपर्दछ ।

११. **सेवा प्रवाह** : राज्यबाट जनताले प्राप्त गर्ने सेवा प्रवाह चुस्त र भरपर्दो बनाउन आर्थिक पक्षसँग सम्बन्धित मन्त्रालयले निभाउनुपर्ने भूमिकालाई सवल तथा अनुशासित बनाउन सेवा प्रवाह व्यवस्थित हुनुपर्दछ । आर्थिक कार्यविधि नियमावली नबनेको, विभिन्न कर तथा शुल्कको उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा गर्न बाँकी रहेको तथा राजश्व चुहावट सम्बन्धी नीतिको कानुन तथा मापदण्ड तर्जुमा गर्न बाँकी देखिएको छ । संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षेत्रमा दक्षता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी तुल्याउनुपर्दछ ।

१२. **राजश्वको लेखाङ्कन र आधार :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २१ मा विनियोजन, राजश्व, धरौटी तथा अन्य कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप नगदमा आधारीत हुने व्यवस्था छ । राजश्वको लेखाङ्कन गर्दा राजश्व व्यवस्थापन सूचना प्रणालीमा जम्मा देखिएका रकमलाई आधारमानी तयार गरिएको छ । यो वर्ष प्रदेश विभाज्य कोषमा जम्मा भएको सवारी साधन कर मध्ये रु.२५ करोड ५५ लाख ९१ हजार प्रदेश विभाज्य कोषमा मौज्दात रहेको छ । उक्त रकम वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम ६० प्रतिशत प्रदेश संचित कोष र ४० प्रतिशत स्थानीय संचित कोषमा ट्रान्सफर गरी हिसाब मिलान गर्नुपर्दछ ।

१३. **संघीय अनुदान खर्च :** बजेट वक्तव्यमा संघीय अनुदान मार्फत रु.१६ अर्ब १७ करोड ७४ लाख प्राप्त गर्ने अनुमान गरेकोमा सशर्त अनुदानमा रु.६ अर्ब ९५ करोड ७० लाख ३२ हजार, विशेष अनुदान रु.६५ करोड□□समानीकरण अनुदान रु.७ अर्ब ८ करोड ५९ लाख र समपूरक अनुदान रु.२३ करोड ३७ लाख समेत रु.१४ अर्ब ९२ करोड ६६ लाख ३२ हजार प्राप्त गरेकोमा क्रमशः सशर्तमा रु.३ अर्ब ९७ करोड ३८ लाख ४५ हजार□ विशेष अनुदान रु.२५ करोड २८ लाख ९१ हजार समानिकरण अनुदान रु.१ अर्ब ५६ करोड २९ लाख ५८ हजार र समपूरकमा ३ करोड २९ लाख ८२ हजार समेत जम्मा रु.५ अर्ब ८२ करोड २६ लाख ७७ हजार खर्च गरेको छ ।

१४. **वित्तीय हस्तान्तरण** : आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकार मार्फत प्रदेश २ का १३६ स्थानीय तहलाई वित्तीय हस्तान्तरणमा एकमुष्ट बजेट रु.२ अर्ब ९७ करोड ६९ लाख ९८ हजार विनियोजन गरेको मध्ये वित्तीय समानीकरण अनुदान रु.९७ करोड ३३ लाख ५९ हजार□ विशेष अनुदान मार्फत रु.२९ लाख ८४ हजार□ सशर्त अनुदान रु.९९ करोड ५१ लाख ८६ हजार र समपूरक अनुदान रु.४१ करोड ५९ लाख ५० हजार समेत रु.२ अर्ब ६८ करोड २८ लाख ९५ हजार (बजेटको ९०.१२ प्रतिशत) निकासा उपलव्ध गराएकोमा स्थानीय तहबाट खर्चको विवरण नलिएकोले वास्तविक खर्च र बाँकी रकम एकिन गर्न सकिएन । खर्च विवरण लिई सशर्तको अनुदानको बाँकी रकम फिर्ता गर्नुपर्दछ ।

१५. **बाँडफाँट हुने राजश्वको प्रक्षेपण र प्राप्ती** : राजश्वको शीर्षकहरु मध्ये बाँडफाडँबाट प्राप्त हुने घर जग्गा राजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरन्जन कर मूल्य अभिवृद्धि कर, अन्त शुल्क, आदिमा प्रदेश र स्थानीय तह दुवै सरकारको साझा आधिकार क्षेत्रभित्र रहेकोले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने व्यवस्था छ । प्रदेश सरकारले संकलन हुने रकमको अधिकार क्षेत्रमा रहेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रकमको १५ प्रतिशत रु.१० अर्ब ४३ करोड तथा वन रोयल्टीबाट संकलन हुने रकमको २५ प्रतिशत रु.११ करोड १० लाख समेत रु.१० अर्ब ५४ करोड १० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा क्रमश रु.६ अर्ब ५२ करोड ६४ लाख र रु.१३ करोड २६ लाख ४१ हजार गरी जम्मा रु.६ अर्ब ६५ करोड ९० लाख (प्रक्षेपणको ६३ प्रतिशत) संकलन भएको छ । बाँडफाडँ हुने राजश्वलाई यथार्थपरक बनाउनुपर्दछ ।

१६. **सम्पत्तिको एकीकृत विवरण** : प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य भएको छैन । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१७. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख मन्त्रालयले अद्यावधिक गरेको छैन । ऐनको व्यवस्था अनुसार बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतको, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालनाको सुनिश्चितता गर्नुपर्दछ ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

१८. **प्रदेश संचित कोष** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरादायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले स्वीकृत म.ले.प.फा.नं. को ढाँचामा संचित कोषको वित्तीय विवरण तयार गरी २०७७ कार्तिक मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा र महालेखा नियन्त्रक तथा महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्नेमा सोभन्दा ढिला गरी पेश गरेको र तोकिएको स्वीकृत ढाँचामा पेश गरेको छैन। प्रदेश नं. २ को संचित कोषको हिसाब विवरण निम्नानुसार रहेको छः-

(रु.हजारमा)

| (क) प्राप्ती | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७५/७६ |
|---|---|---|
| **१.** गत वर्षको मौज्दात जिम्मेवारी | ६९१२२२९ | ४०८६४३ |
| **२.** राजश्व तथा अनुदान | ० | ० |
| २.१.कर राजश्व | ७०४१९८९ | ७९०४०३० |
| २.२.अन्य राजश्व | १७१९०४८ | ५१०३३९ |
| २.३.गत वर्षको नगद मौज्दात तथा बेरुजू | २२६०६३ | १३५०६ |
| २.४.बाडँफाँड हुने राजश्व | ८२२६४० | ० |
| २.५.समानीकरण अनुदान | ७०८५९०० | ७०१६१०० |
| २.६.समपूरक अनुदान | २३३७०० | २९३३३४ |
| २.७.सःशर्त अनुदान | ६९५७०३३ | ७१९६७४१ |
| २.८.विशेष अनुदान | ६५०००० | ४५८४३३ |
| **३.** अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम | (३५८१०१३) | (२८५९७६५) |
| **४.** विगत आर्थिक वर्षको खुद मौज्दात बचत | (९६३२८७४) | (५८७६६०२) |
| **जम्मा प्राप्ती** | **१८४३४७१५** | **१५०६४७५९** |
| (ख) भुक्तानी | | |
| **१.** चालु वर्षको भुक्तानी | | |
| १.१.संचित कोष माथी व्यभार हुने रकममा खर्च | २५१३०६ | ८६४५८ |
| १.२.विनियोजन ऐनद्धारा भएको खर्च (चालु) | ९५२८२४१ | ६५४१००९ |
| १.३.विनियोजन ऐनद्धारा भएको खर्च (पूँजिगत) | ८२३७६४६ | ८४६४९०८ |
| १.४.वन रोयल्टी संघीय संचित कोष जम्मा | ७४८४८ | ० |

| | | |
|---|---|---|
| १.५.स्थानीय तह राजश्व बाँडफाँड | ३०३१०४ | ० |
| १.६.अनुदान फिर्ता | ७१६७८ | ० |
| १.७.वन रोयल्टी संघीय संचित कोष फिर्ता | ६०४६ | ० |
| १.८.सवारी साधन कर संघीय संचित कोषबाट फिर्ता नभएको | ० | ० |
| १.९.स्थानीय तह राजस्व बाँडफाँड हुन बाँकी | ० | ० |
| २. बैंकबाट भुक्तानी नभएको खर्च समायोजन | (३७८४४) | (२७६१६) |
| ३. बैक हिसाब समायोजन | (३१०) | ० |
| **जम्मा भुक्तानी** | **१८४३४७१५** | **१५०६४७५९** |

१९. **बजेट विनियोजन र संचित कोषबाट खर्च** : अर्थ मन्त्रीले बजेट वक्तव्य मार्फत प्रदेश नं २ सरकारको लागि रु ३८ अर्ब ७२ करोड ५६ लाख बजेट विनियोजन गरेकोमा कूल खर्च १८ अर्ब १ करोड ७२ लाख रहेको छ । कूल खर्च मध्ये चालु खर्च तर्फ संचित कोषमा व्यभार पर्ने रकम समेत रु ९ अर्ब ७७ करोड ९६ लाख तथा पुंजीगत खर्च तर्फ ८ अर्ब २३ करोड ७६ लाख खर्च भएको छ । कूल बजेटको तुलनामा खर्च ४६.५३ प्रतिशत रहेको छ भने कूल खर्चको अनुपातमा चालु खर्च तर्फ ५४.२८ प्रतिशत र पुँजीगत खर्च तर्फ ४५.७२ प्रतिशत खर्च भएको छ । बजेट वक्तव्य मार्फत रु १९ अर्ब २६ करोड ७४ लाख पुँजीगत बजेट विनियोजन गरेकोमा ४२.७५ प्रतिशत मात्र खर्च भएको देखिन्छ । बजेट तथा कर्यक्रमको समुचित परिचालन गर्न नसक्दा पुँजीगत खर्चको स्थिति कमजोर रहेको देखिन्छ ।

२०. **अनुदान, खर्च र बाँकी फिर्ताः** संचित कोषको प्रतिवेदन अनुसार संघीय सरकारबाट सशर्त विशेष र समपूरक अनुदान रु.७ अर्ब ८४ करोड ७ लाख ३२ हजार निकासा प्राप्त भएकोमा रु ४ अर्ब २५ करोड ९७ लाख १९ हजार खर्च भई बाँकी हुने रु.३ अर्ब ५८ करोड १० लाख १३ हजार संघीय संचित कोषमा फिर्ता गर्नुपर्नेमा रु.३ अर्ब ६५ करोड २६ लाख ९१ हजार फिर्ता गरेको छ । बढी फिर्ता देखिएको रु.७ करोड १६ लाख ७८ हजारको सम्बन्धमा संघीय संचित कोषबाट हिसाब मिलान गर्नुपर्दछ ।

२१. **राजश्व प्रक्षेपण तथा असुली** : प्रदेश अर्थ मन्त्रीले २०७७ आषाढ १ मा आर्थिक वर्ष २०७६।०७७ को लागि प्रस्तुत गरेको बजेट वक्तव्यमा प्रदेशको कूल आन्तरिक श्रोतबाट रु.१३ अर्ब ५४ करोड ३२ लाख राजश्व आर्जन हुने उल्लेख गरेको र सो मध्ये कर राजश्व रु.१२ अर्ब २५ करोड ६० लाख र अन्य राजश्व रु.१ अर्ब २८ करोड ७२ लाख हुने अनुमान गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको एकल कोष प्रणालीबाट रु.९ अर्ब ८० करोड ९८ लाख (७२.४३प्रतिशत) विभिन्न राजश्व संकलन भएको छ । प्रदेश सरकारको बजेट प्रक्षेपण अनुसार राजश्व संकलनको स्थिति संन्तोषजनक देखिएन ।

प्रदेश २ को कूल राजश्व आम्दानी रु.९ अर्ब ८० करोड ९७ लाख मध्ये प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र मातहत समेत ९ इकाइ मार्फत रु.७ अर्ब ६८ करोड ९ लाख संकलन गरेको छ। उक्त रकम प्रदेशको कूल राजश्व संकलनको ७८.३० प्रतिशत हुन आउँछ । बाँकी सबै प्रदेश मन्त्रालयको योगदान २१.७० प्रतिशत मात्र रहेको छ । प्रदेश सरकारले राजश्वका नयाँ श्रोत पहिचान, पूरानोको उचित व्यवस्थापन र सोको असुलीलाई व्यवस्थित गरी राजश्व असुलिमा वृद्धि गर्नुपर्दछ ।

२२. **प्रदेश विभाज्य कोष** : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमको ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत स्थानीय संचित कोषमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष विभाज्य कोषमा सवारी साधन कर रु.७५ करोड ७७ लाख ६० हजार संकलन भएको मध्ये पहिलो किस्ता रु ५० करोड २१ लाख ६९ हजार प्राप्त भएकोमा सोको ६० प्रतिशतले हुने रु ३० करोड १३ लाख १ हजार प्रदेश संचित कोषमा र ४० प्रतिशतले हुने २० करोड ८ लाख ६८ हजार स्थानीय विभाज्य कोषमा ट्रान्सफर गरेको छ । बाँकी रु.२५ करोड ५५ लाख ९१ हजार प्रदेश विभाज्य कोषमा मौज्दात रहेको छ । उक्त रकम ऐनको व्यवस्था बमोजिम विभाजन गर्नुपर्दछ ।

२३. **समपूरक अनुदान** : यो वर्ष संघीय समपूरक अनुदान रु.२३ करोड ३७ लाख प्राप्त भएको छ । उक्त रकम खर्च गर्दा प्रदेश सरकार र संघीय सरकारको लागत सहभागितामा योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ । संघीय सरकारबाट प्राप्त रकममा प्रदेश सरकारको योगदान खुल्ने गरी खर्चको अद्यावधिक अभिलेख नभएको कारणले एकिन गर्न सकिएन। संघ र प्रदेशको अनुपात मिल्ने गरी खर्च गर्ने र सोको अभिलेख अद्यावधिक गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

२४. **धरौटी** : प्रदेश अन्तर्गत ११२ कार्यालयमा गतवर्षको बाँकी जिम्मेवारी रु.४७ करोड ९७ लाख रहेकोमा यस वर्ष रु.३२ करोड १८ लाख प्राप्त भई रु.८० करोड १५ लाख जम्मा धरौटी आम्दानी भएकोमा सदरस्याहा र फिर्ता समेत रु.२३ करोड ८६ लाख समायोजन गर्दा आर्थिक वर्षको अन्तमा रु.५६ करोड २९ लाख बाँकी देखिन्छ । गत वर्ष प्रदेश एकल कोष खाताले बाँकी मौज्दात रु.४३ करोड ७४ लाख देखाएकोमा यो वर्षगतको जिम्मेवारी रु.४७ करोड ९७ लाख देखिएबाट रु.४ करोड २३ लाख जिम्मेवारी बढी देखिएकोले धरौटीको केन्द्रीय हिसाब यथार्थपरक देखिएन । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार २०७७ आषाढ मसान्तमा रु.५५ करोड ९७ लाख धरौटी बाँकी देखिँदा स्रेस्ता र कोष अनुसार रु.३२ लाख फरक देखिएको छ । फरक रकम मध्ये रु.१८ लाख श्रावणमा दाखिला भएको छ भने बाँकी १४ लाख फरक देखिएको धरौटी रकम एकिन गरी हिसाब मिलान गर्नुपर्छ ।

२५. **श्रोतगत खर्चको अवस्थाः** संचित कोषको प्रारम्भिक प्रतिवेदन अनुसार कूल खर्च १८ अर्ब १ करोड ७२ लाख मध्ये श्रोतगत विवरणमा प्रदेश सरकारको रु.१२ अर्ब १९ करोड ४५ लाख र संघीय सरकारको रु.५ अर्ब ८२ करोड २७ लाख रहेको छ । संघीय सरकार तर्फ समानीकरण अनुदान रु.१ अर्ब ५६ करोड २३ लाख, सःशर्त अनुदान रु.३ अर्ब ९७ करोड ३८ लाख र समपूरक अनुदानतर्फ रु.३२ करोड ९८ लाख खर्च भएको छ । कूल खर्चमा प्रदेश सरकारको खर्च ६७.३८ प्रतिशत र संघीय सरकारको खर्च ३२.३२ प्रतिशत रहेको छ ।

२६. **विविध कोषः** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २६ मा प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । विविध कोषको मन्त्रालयले पेश गरेको विवरण अनुसार ४५ कार्यालयमा विविध कोषको कारोबार सञ्चालनमा रहेको छ । उक्त कार्यालयहरुमा गतवर्षको मौज्दात २६ करोड ६१ लाख यस वर्षको आम्दानी रु.७२ करोड २८ लाख समेत रु.९८ करोड ८९ लाख जम्मा आयमा रु.३२ करोड १६ लाख खर्च भई रु.६६ करोड ७३ लाख श्रेस्ता अनुसार मौज्दात रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयको अनुसार रु.६६ करोड १२ लाख देखिँदा फरक पर्न गएको रु.६१ लाख मध्ये २०७७ श्रावण महिनामा रु.६० लाख दाखिला भएको छ । बाँकी रु.१ लाख समायोजन गरी हिसाब मिलान गर्नुपर्दछ ।

२७. **आन्तरिक लेखापरीक्षण** : प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको प्रत्येक चौमासिक पछिको हिसाबको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ । कार्यालयले चौमासिक अवधिमा लेखापरीक्षण व्यवस्था नअपनाएको, कतिपय कार्यालयमा अन्तिम लेखापरीक्षण गर्दासम्म प्रतिवेदन जारी नभएको, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आश्विन मसान्तभित्र तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा नपठाएको, आदि कारणबाट आन्तरिक लेखापरीक्षणबाट कति बेरुजु दखियो सो मध्ये कति फस्यौंट भई हालसम्म कति बाँकी छ एकीन गर्न सकिएन । आन्तरिक लेखापरीक्षण व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश लेखा नियन्त्रक कार्यालय एवं मन्त्रालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

२८. **अनुदानको विवरण** : प्रदेशको श्रोतबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र आषाढ मसान्तमा बुझाई सक्नुपर्ने व्यवस्था रहेकोमा श्रोत अनुसारको उक्त हिसाब २०७७ मंसिर मसान्तसम्म पनि प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाएको छैन । यसरी हिसाब नबुझाउँदा प्रदेशबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदानको उपयोग सम्बन्धमा मूल्यांङ्कन गर्न सकिएन। तोकेको अवधिमा खर्चको विवरण पठाउने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** मन्त्रालयतर्फ २ निकायको रु.२० लाख ८१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट बेरुजु फस्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारीत सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने लगायका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालयको विनियोजन रु.३६ करोड ९० लाख ७७ हजार, राजश्व रु.४ लाख ४६ हजार, धरौटी रु.७८ लाख ४१ हजार र अन्य कारोबारतर्फ रु.७ करोड ९ लाख २ हजार समेत रु.४४ करोड ८२ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालयबाट संघ अन्तर्गतका ३४ निकायमा निकासा दिएको रु.२० करोड ६८ लाख ७१ हजार समेत विनियोजन खर्चमा समावेश छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

१. **कानुन निर्माण** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयगत रुपमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने कानुनहरु उल्लेख गरेको छ । प्रदेश सभाले यो वर्षसम्म विभिन्न मन्त्रालयसँग सम्बन्धित ३९ कानुन स्वीकृत गरेको, १३ कानुन विधेयकको रुपमा प्रदेश सभामा टेबल गरेको र अन्य २१ कानुन तयार गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सैद्धान्तिक स्वीकृती दिई निर्माणको चरणमा रहेका छन् । आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन अवस्था** : मन्त्रालयको लागि रु.९२ करोड १३ लाख शुरु बजेट विनियोजन गरेकोमा मन्त्रालयको अनुरोधमा अर्थ मन्त्रालयले पटक पटक रकमान्तर थप घट गरी अन्तिम बजेट रु.७९ करोड ४ लाख कायम गरी शुरु विनियोजित बजेट भन्दा रु.१३ करोड ९ लाख (१४.२१ प्रतिशत घटी) घटी गरेको देखियो । बजेट घट्न गएको कारण स्पस्ट हुन आएन । उक्त बजेटबाट मात्र रु.३६ करोड ९१ लाख खर्च गरी शुरु बजेटको ४०.०६ प्रतिशत र अन्तिम बजेटको ४८.५४ प्रतिशत खर्च गरेको छ ।

३. **एकीकृत वित्तीय विवरण** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसिकने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । त्यति गर्दा पनि वित्तीय विवरण पेश नगरेमा विभागीय कारवाही समेत हुनसक्ने व्यवस्था छ । मन्त्रालयले तोकिएको अवधिमा एकीकृत वित्तीय विवरण तयार नगरेको, म्याद थपका लागि पत्राचार पनि नगरेको अवस्था छ । यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम समयमै वित्तीय विवरण पेश गर्नुपर्दछ ।

४. **आन्तरिक प्रगति मूल्यांङ्कन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ र २६ मा सम्बन्धित कार्यालयले स्वीकृत गरी कार्यान्वयन गरेको कार्याक्रमको नियम २५ अनुसार चौमासिक एवं वार्षिक प्रगतिको भौतिक र वित्तीय पक्षको समीक्षा गरी प्रगति हुन नसकेकोमा सोको कारण र जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि कदम चाल्नुपर्ने व्यवस्था छ । मन्त्रालय आफैंले सञ्चालन गरेका कार्यक्रमको समेत भौतिक एवं वित्तीय प्रगति विवरण तयार गरेको छैन । प्रगति विवरण तयार नगरेबाट उपलब्धी विश्लेषण गर्न सकिने अवस्था रहेन । नियमावलीको व्यवस्था अनुसार वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

५. **धरौटी** : प्रदेशमा मन्त्रालय अन्तर्गत अन्य कार्यालय रहेको देखिंदैन । प्रदेश लेखा नियन्त्रक कार्यालयले धरौटीको केन्द्रीय हिसाब तयार गर्दा प्रदेश अन्तर्गतका अन्य ४ प्रहरी कार्यालय समेतको धरौटी आम्दानी रु.७८ लाख ४२ हजार कायम गरेको छ । हस्तान्तरण भई नसकेका उक्त कार्यालयको रु.६० लाख ६९ हजार धरौटी लेखापरीक्षण अंकमा समावेश गरिएको छैन ।

६. **आन्तरिक नियन्त्रण** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, अनुगमन र नियन्त्रण जस्ता विषय समेटिनुपर्ने उल्लेख छ । मन्त्रालययले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **वार्षिक कारोबार एवं कार्यसम्पादन प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । मन्त्रालयले आर्थिक कारोबार, फर्स्यौट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था देखिने गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

८. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । मन्त्रालयले उक्त जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन । बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

९. **तलवी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) मा तलवी प्रतिवेदन पारीत गरी तलव खर्च लेख्नुपर्ने उल्लेख छ । कार्यालयले यस आर्थिक वर्षमा तलवी प्रतिवेदन पारीत नगरी कर्मचारी पारिश्रमिक शीर्षकबाट रु.१ करोड १४ लाख ३४ हजार तलब भुक्तानी दिएको छ । प्रतिवेदन पारीत गरेर मात्र खर्च लेख्ने गर्नुपर्दछ ।

१०. **बैठक भत्ता भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा रीत पुगे नपुगेको र नियम ९५ मा मन्त्रालयबाट सम्पादन हुने कार्यलाई मितव्ययी गराउन आर्थिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले विभिन्न कानुन मस्यौदा तयार गर्ने क्रममा विभिन्न मितिमा बैठक भत्ता रु.४६ लाख ४० हजार खर्च लेखेको छ । मन्त्रालयको कार्य नै कानुन बनाउने रहेकोमा प्रत्येक काममा बैठक बसी भत्ता खर्च लेख्ने कार्य उचित देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। साथै तयारी मस्यौदा पेश गर्ने सम्बन्धमा बैठक खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

११. **प्रमाण पेश नभएको** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म बोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले रु४३ लाख ६४ हजारको विपद् राहत सामग्री खरिद शीर्षकबाट हरियो मण्डी त्रिपाल ब्ल्याङ्केट लगायतका सामानहरु प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको छ । उक्त सामग्री जिन्सी आम्दानी नगरेको साथै प्रयोग भएको समेत देखिएन । अतः उक्त सामान आम्दानी गरी उपयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

१२. **शान्ति सुरक्षा खर्च** : प्रदेश मन्त्रिपरिषद्को २०७५।२।१० को निर्णयानुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका मन्त्री तथा सचिवलाई भैपरी आउने शान्ति सुरक्षाको काममा खर्च हुनेगरी मन्त्रीलाई प्रतिपटक रु.३० हजार र सचिवलाई रु.१० हजारका दरले प्रति महिना ५ पटकसम्म खर्च गर्नसक्ने व्यवस्था अनुसार मन्त्रिले रु.१ लाख ५० हजार र सचिवले रु.५० हजारमा नबढ्ने गरी खर्च गर्न पाउने र यस्तो रकमको बिल भरपाई पेश गरी रहनु नपर्ने मन्त्रिपरिषद्को निर्णय वमोजिम यो वर्ष माननीय मन्त्रीलाई रु.१८ लाख र सचिवलाई ११ महिनाको रु.५ लाख ५० हजार गरी कूल रु.२३ लाख ५० हजार खर्च लेखेको छ । यस्तो खर्चको औचित्य पुष्टी हुनुपर्दछ ।

१३. **कार्यक्षेत्र बाहिरको कार्यक्रम** : प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ अनुसार मन्त्रालयको मुख्य कार्य प्रदेश भित्र शान्ति सुरक्षा कायम गर्ने, नीति नियम तर्जुमा गर्ने, अन्य मन्त्रालयबाट तर्जुमा हुने ऐन कानुनको राय परामर्श दिने रहेको छ । मन्त्रालयले मन्त्रिपरिषद्को निर्णयानुसार शान्तिका लागि खेलकुद कार्यक्रममा रु.२३ लाख ८४ हजार खर्च गरेको छ । कार्यविभाजन नियमावली अनुसार मन्त्रालयले गर्नुपर्ने कार्यक्षेत्र बाहिरको र मन्त्रालयसँग असम्बन्धित कार्यक्रममा गरेको खर्च नियमित देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१४. **विविध खाता (कोभिड)** : गत वर्षको मौज्दात रु.६ करोड १४ लाख २१ हजार रहेकोमा यो वर्ष रु.३ करोड आम्दानी समेत रु.९ करोड १४ लाख २१ हजार आम्दानी र रु.६ करोड ५० लाख ८० हजार खर्च भई रु.२ करोड ६३ लाख ४१ हजार मौज्दात रहेको छ । उक्त कारोबारको सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छनः

१४.१. मन्त्रालयको चालु खर्च शीर्षकबाट २०७७।३।१० मा रु.३ करोड र २०७७।३।३१ मा रु.५ करोड समेत रु.८ करोड विविध खातामा निकासा दिएकोमा आर्थिक वर्ष २०७६।७७ मा रु ३ करोड मात्र विविध कोषमा आम्दानी जनाएको छ । बाँकी ५ करोड २०७७।४।९ मा मात्र दाखिला भएकोले यस वर्ष कोषको आयमा समावेश भएको छैन । आर्थिक वर्षको अन्तिम दिन निकासा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१४.२. मन्त्रालयले कोभिड-१९ रोकथाम तथा उपचार सम्बन्धी विभिन्न कार्य गर्ने र सोको लेखा राख्ने, लेखापरीक्षण गराउने गरी चेक मार्फत ८ जिल्लाका जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयहरु समेत गरी २३ कार्यालयलाई रु.६ करोड ५० लाख निकासा दिएको छ । उक्त रकम सम्बन्धित निकायले विविध खातामा आम्दानी गरी खर्च गरेको सम्बन्धमा मन्त्रालयले अनुगमन गरी लेखापरीक्षण गराएको सुनिश्चित गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** : मन्त्रालयतर्फ यो वर्ष रु.७ करोड ७३ लाख ९५ हजार हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.२२ लाख ४० हजार बेरुजु फर्स्यौट भई रु.७ करोड ५१ लाख ५५ हजार वेरुजु बाँकी रहेको छ । सोमध्ये रु.९ लाख पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसुची-९** मा समावेश छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २२ कार्यालयको लागि विनियोजनतर्फ रु.१ अर्ब ७२ करोड ३२ लाख ४४ हजार, राजश्व तर्फ १६ कार्यालयको रु.२१ करोड ८१ लाख ३३ हजार, धरौटी तर्फ १९ कार्यालयको रु.१५ करोड ७१ लाख ३ हजार र अन्य कारोबारतर्फ ११ कार्यालयको रु.११ करोड ५० लाख ६२ हजार समेत रु.२ अर्ब २१ करोड ३५ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यसैगरी अन्य संस्था समिति एकको रु.७९ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। मन्त्रालयबाट संघको एक कार्यालयको लागि निकासा दिएको रु.१२ करोड ५ लाख ७२ हजार समेत विनियोजन रकममा समावेश छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **बजेट र खर्चको स्थिति :** मन्त्रालयको लागि रु.२ अर्ब ८० करोड ८९ लाख शुरु बजेट विनियोजन गरेकोमा रकमान्तर थप गरी अन्तिम बजेट रु.३ अर्ब ६९ करोड ८२ लाख कायम गरी शुरु विनियोजित बजेट भन्दा ३१.६६ प्रतिशत बढी बजेट कायम गरेको छ । बजेट बढ्न गएको कारण स्पस्ट गरेको छैन । उक्त बजेटबाट रु.१ अर्ब ७२ करोड ३२ लाख खर्च गरी शुरु बजेटको ६१.३४ प्रतिशत र अन्तिम बजेटको ४६.५९ प्रतिशत मात्र खर्च गरेको छ ।

२. **एकीकृत वित्तीय विवरण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसिकने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । त्यति गर्दा पनि वित्तीय विवरण पेश नगरेमा विभागीय कारवाही समेत हुनसक्ने व्यवस्था छ । मन्त्रालयले तोकिएको अवधिमा एकीकृत वित्तीय विवरण तयार नगरेको, म्याद थपका लागि पत्राचार पनि नगरेको अवस्था छ । यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम समयमै वित्तीय विवरण पेश गर्नुपर्दछ ।

३. **अवण्डा बजेट स्वीकृती :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ (२) मा बजेटमा व्यवस्था भएको रकम पटक पटक बाँडफाँट गर्न नहुने उल्लेख छ । मन्त्रालयले ऐतिहासिक धार्मिक साँस्कृतिक पर्यटन पुर्वाधार निर्माण, अधुरो पर्यटन पुर्वाधार निर्माण, अन्य निर्माण सुधार, सिंसार क्षेत्र संरक्षण तथा प्रवर्द्धन, साना पर्यटकीय पुर्वाधार विकास निर्माण, गजेन्द्र नारायण सिँह औद्योगिक क्षेत्र सुधार कार्यक्रम समेत ६ कार्यक्रममा मात्र रु.६३ करोड एकमुष्ठ बजेट स्वीकृति गरी पछि बाँडफाँट गरेको छ । मन्त्रालयले कार्यक्रमगत बजेट स्वीकृत नगरी क्षेत्रगत एकमुष्ट बजेट स्वीकृत गरी सम्बन्धित मन्त्रीले पछि आवश्यकता एवं कार्यालय अनुसार कार्यक्रम एवं बजेट बाँडफाँट गरी पठाउने गरेको देखियो । यस्तो प्रकृयाले वित्तीय अनुशासन कायम नहुने, पहुँच हुने समुदाय वा व्यक्तिको क्षेत्रमा मात्र कार्यक्रम स्वीकृत गरी आवश्यक स्थानमा कार्यक्रम बजेट नजाने र आर्थिक वर्षकोबीच

वा अन्त्यमा मात्र बजेट बाँडफाँट हुन गई कार्यक्रम कार्यान्वयन नै नहुने, भए पनि हतारमा गुणस्तरहीन काम हुनसक्ने संभावना रहन्छ । कार्यक्रम बजेट सिद्धान्त विपरीत एकमुष्ट बजेट स्वीकृत गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४. **कार्य सञ्चालनस्तरको कार्य :** मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवं नीति तर्जुमा एवं कार्यान्वयन, मन्त्रालयहरुबीच समन्वय, प्रगति प्रतिवेदनको मूल्यांकन, मातहत कार्यालयबाट संचालित कामको अनुगमन, लगायत जिम्मेवारी रहेका छन् । नीति निर्माण एवं अनुगमनको जिम्मेवारी रहेको मन्त्रालयले मातहत निकायबाट सञ्चालन गर्नुपर्ने पर्यटन पुर्वाधार निर्माणमा रु.४५ करोड, सिमसार क्षेत्र संरक्षणमा रु.१० करोड, अन्य निर्माणमा रु.१६ करोड जस्ता विभिन्न विकास कार्यक्रम आफैंले सञ्चालन गरेकोले कामको गुणस्तरमा समेत अनुगमन हुने अवस्था देखिएन । मातहत कार्यालयबाट गराउने कार्य मन्त्रालय आफैंले गरेको उपयुक्त देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५. **एकीकृत प्रगति विवरण** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट बार्षिक प्रगतिको विवरण लिई नियम २६ अनुसार सबै कार्यालयबाट प्राप्त विवरणको एकीकृत रुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले कार्यालयबाट प्रगति विवरण लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण मन्त्रालय र मातहतले सम्पादन गरेको कार्यक्रमको उपलब्धिको अवस्था मूल्यांङ्कन गर्नसक्ने स्थिति रहेन । नियमावलीको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

६. **निष्कृय बजेट :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ (१) मा आफ्नो कार्यालयको बजेट लक्ष्य अनुसार खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । मन्त्रालयले सःशर्त अनुदान पुँजीगत शीर्षकबाट वन तथा वातावरण संरक्षणमा रु.९ करोड ९३ लाख र अन्य सार्वजनिक निर्माणमा रु.६ करोड ५ लाख समेत रु.१५ करोड ९८ लाख बजेट व्यवस्था गरेकोमा यो वर्ष कुनै पनि कार्यक्रम नगरी बजेट निस्कृय राखेको देखियो । यसरी बजेट निस्कृय राख्ने पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण**: प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, अनुगमन र नियन्त्रण जस्ता विषय समेटिनुपर्ने उल्लेख छ । मन्त्रालययले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । यसले गर्दा मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट कार्य सम्पादन भएको छ भनी सुनिश्चित गर्नसक्ने अवस्था भएन । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **सम्पत्तिको एकीकृत विवरण** :प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ वमोजिम मन्त्रालयले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लागत तथा मातहत कार्यालयबाट प्राप्त प्रतिवेदन समेतको आधारमा जिन्सीको एकीकृत प्रतिवेदन तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले आफ्नो र मातहत कार्यालयको एकीकृत जिन्सी प्रतिवेदन तयार गरेको छैन । सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

९. **वार्षिक आर्थिक कारोबार एवं कार्यसम्पादन प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । मन्त्रालयले आर्थिक कारोबार, फर्स्यौट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था देखिने गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

१०. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । मन्त्रालयले उक्त जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन । बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

११. **नन फाइलर** : मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । मन्त्रालयले मूल्य अभिवृद्धिकर भुक्तानी गरेको विभिन्न ३ व्यवसायीले आन्तरिक राजश्व कार्यालयमा कर विवरण नबुझाई ननफाइलर भएको अवस्थामा भुक्तानी भएको रु.७ लाख ६६ हजार मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१२. **पोखरी निर्माण एवं वृक्षारोपणः-** मन्त्रालयले पोखरी तथा जलाधार संरक्षण उपभोक्ता समिति गोलवजार भुक्सारसँग रु.१५ लाख ५ हजारको पोखरी निर्माण र रु.७ लाख ९३ हजारको ३०७२ फलफूलको विरुवा रोपण समेत रु.२२ लाख ९८ हजारमा कार्य गर्ने गरी २०७७/३/१४ मा सम्झौता भएकोमा काम सम्पन्न भई योगदान कट्टा गरी पोखरी निर्माणको रु.११ लाख ३० हजार र वृक्षारोपणको रु.७ लाख ९३ हजार समेत रु.१९ लाख २३ हजार मन्त्रालयबाट भुक्तानी दिएको छ। उक्त कामको २०७७/१०/२९ मा मन्त्रालयको प्राविधिक सहित स्थलगत अवलोकन गर्दा वगाहा खोला वगर किनारामा ५०*५०*२ मिटरको पोखरी खनेको देखिएतापनि उक्त पोखरी सुख्खा रहेको र अन्य श्रोतबाट पानी आपूर्ति गरी जम्मा हुनसक्ने थप प्रविधि प्रयोग हुन नसके पोखरीको जमिन लेवल भन्दा नजिकै रहेको खोलाको बगर लेभल तल रहेकोले उक्त पोखरीमा पानी संकलन हुने अवस्था नभएको साथै पोखरीको वरीपरी तथा आसपासको क्षेत्रमा वृक्षारोपण गरेको भनीएतापनि पोखरी किनारमा पाँच/दश विरुवा मर्ने अवस्थामा रहेको र अन्य वृक्षारोपण गरेको क्षेत्र पहिचान नहुँदा वृक्षारोपणमा भएको खर्चको समेत औचित्य पुष्टि हुने अवस्था देखिएन । यसबाट लगानी प्रतिफल विहिन हुने देखिन्छ ।

१३. **तलवी प्रतिवेदनः-** निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) मा तलवी प्रतिवेदन पारीत गरी तलव खर्च लेख्नुपर्ने उल्लेख छ । कार्यालयले यस आर्थिक वर्षमा तलवी प्रतिवेदन पारीत नगरी कर्मचारी पारिश्रमिक शीर्षकबाट रु.१ करोड ४१ लाख ८९ हजार तलब भुक्तानी दिएको छ । प्रतिवेदन पारीत गरेर मात्र खर्च लेख्ने गर्नुपर्दछ ।

## घरेलु तथा साना उद्योग कार्यालयहरु

१४. **नभएको कामको भुक्तानी :** घरेलु तथा साना उद्योग कार्यालय, धनुषाले प्रदेश नं २ का ८ जिल्लामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि २०७६ पौष २९ देखि २०७७ आषाढ ३१ सम्मको लागि एक प्रा. लि. र एक युवा केन्द्रसँग सम्झौता गरी कार्य सञ्चालन गरेको छ । विश्वव्यापी महामारीको कारणले २०७६ चैत्र २१ सम्म सम्पन्न कार्यक्रमको भुक्तानी दिई दुवै संस्थाले चैत्र २१ पश्चात कार्यक्रम गर्न नसक्ने उल्लेख गरी कार्यक्रम स्थगित भएकोमा २०७६।१२।२१ देखि २०७७।०३।३१ सम्मको उक्त संस्थाका ९/९ जना कर्मचारीको पारिश्रमिक रु.१४ लाख ९१ हजार भुक्तानी दिएको छ । काम नभएको अवधिको रकम असुल गर्नुपर्दछ ।

१५. घरेलु तथा साना उद्योग कार्यालय बाराले एक आपूर्तकबाट विभिन्न राहत सामग्री १० हजार ६७० प्याकेट प्रतिप्याकेट रु.१ हजार ६१३ का दरले खरिद गरी रु.१ करोड ७२ लाख ११ हजार भुक्तानी गरेको छ। कार्यालयले पालिकाको माग फारामको आधारमा सम्बन्धित पालिका तथा वडाहरुलाई राहत सामग्री बुझाएको भएतापनि पालिका तथा वडाहरुले १ हजार ४७ प्याकेट मात्र लाभग्राहीलाई वितरण गरी ९ हजार ६२३ वितरण गरेको भरपाई पेश गरको छैनन्। कार्यालयले अनुगमन गरी वितरण गरेको सुनिश्चित हुने प्रमाण पेश गर्नुपर्दछ।

## कोभिड-१९ तर्फ

१६. **प्रमाण कागजात** : कोभिड-१९ प्रभावित मजदुर, श्रमिक, गरिब तथा आर्थिक रुपमा बिपन्न किसानलाई राहत बितरण तथा अनुगमन निर्देशिका २०७६ को बुँदा ३ (२) मा प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको लक्ष्यित समूह पहिचानको एकीकृत बिबरण अनुसूची १ बमोजिम तयार गरी सो अनुसार लक्षित समूहलाई राहत बितरण गरेको बिबरण प्रत्येक स्थानीय तहले घरेलु तथा साना उद्योग कार्यालयमा पठाउनुपर्ने ब्यबस्था छ ।

घरेलु तथा साना उद्योग कार्यालय धनुषाले रु.१ करोड ५१ लाख ३२ हजारमा राहत सामग्री खरिद गरी धनुषा जिल्लाका सबै स्थानीय तहका १४२ वडा अध्यक्षहरुलाई ६० प्याकेटका दरले भरपाई गराई हस्तान्तरण गरेको र घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीले जिल्लाभरीका लागि रु.१ करोड ७५ लाख ८३ हजारको राहत सामग्री खरिद गरी बितरण गर्न वडा कार्यालय तथा स्थानीय तहलाई राहत प्याकेज बुझाएकोमा निर्देशिका बमोजिम वडा कार्यलयहरुले बितरण गरेको बिबरण घरेलु तथा साना उद्योग कार्यालयमा पठाएको नदेखिएकोले लक्ष्यित समूहलाई बितरण गरेको छ भन्नसक्ने आधार भएन । वितरणको भरपाई पेश गर्नुपर्दछ ।

## डिभिजन वन कार्यालयहरु

१७. **मुद्धा व्यवस्थापन :** वन ऐन,२०७६ अनुसार कार्यालयले आफ्नो क्षेत्राधिकार भित्र परेका मुद्धाको कार्य सम्पादन सम्झौता अनुसार समयमा किनारा लगाउनु पर्दछ । यस सम्बन्धी व्यहोरा यसप्रकार छन्ः-

१७.१. डिभिजन वन कार्यालय धनुषाले पेश गरेको विवरण अनुसार दुई वर्ष नाघेका वन पैदावार चोरी निकासी, वन अतिक्रमण, वन्य जन्तुको अबैध शिकार लगायतका २३ वटा र गत वर्ष दायर भएका १५ मुद्धा समेत जम्मा ३८ मुद्धा जिम्मेवारी सर्न आएकोमा यो वर्ष कुनै पनि मुद्धा फस्यौंट गरेको देखिएन ।

१७.२. डिभिजन वन कार्यालय सर्लाहीले पेश गरेको विवरण अनुसार दुई वर्ष नाघेका ५२ समेत २०६७ साल देखिका वन पैदवार चोरी निकासी, वन अतिक्रम, वन्यजन्तुको अबैध शिकार लागयतका ५८ मुद्धाको जिम्मेवारी सर्न आएकोमा यो वर्ष दायर भएको १५ मुद्धा समेत जम्मा ७३ मुद्धा फैसला हुन बाँकी राखी सोको जिम्मेवारी सारेको देखियो । मुद्दा चलेका ७३ केशमा २ हजार ३०२.८६ क्यूफिट काठ, ट्र्याक्टर-८, ट्रली-१, पिक अप-१, साईकल-२४ तथा औजार १९ वटा बरामद भएको देखिन्छ । समयमा मुद्दा फैसला हुन नसके जफत सम्पत्ति नोक्सानी हुनसक्ने देखिन्छ। अतः समयमा मुद्धाको फैसला गरी सम्पत्तिको संरक्षण एवं न्याय सम्पादनलाई समय सापेक्ष बनाउनुपर्दछ ।

१८. **वन क्षेत्र अतिक्रमण तथा नियन्त्रण :** वन ऐन, २०७६ को दफा १७ मा नेपाल सरकारको अधिकार प्राप्त व्यक्तिबाट पट्टा पूर्जि पाएको बाहेक वन क्षेत्रको जग्गामा कुनै किसिमको हक नहुने उल्लेख छ । साथै वन अतिक्रमण नियन्त्रण नीति, २०६८ मा तोकिएको कार्यविधि अपनाई कार्यालयले वनको अतिक्रमण हुन नदिने र अतिक्रमित भएको अवस्थामा हटाउनुपर्ने उल्लेख छ । सो सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन्ः-

१८.१. डिभिजन वन कार्यालय, धनुषाका विभिन्न इलाका वन कार्यालय अन्तर्गत नदी बेसिनमा समेत ८७२ हेक्टर वन, २ हजार १६२ घर धुरीले ३५/४० वर्ष अगाडी देखि उपभोग गर्दै आएको छ। सो मध्ये मिथिला नगरपालिकामा ६७५ घरधुरीले ४३७ हेक्टर, गणेशमान चारनाथ नगरपालिकामा ६७२ घरधुरीले ३८३.३० हेक्टर, अन्य क्षेत्रमा ८१५ घर धुरीले ५१.७० हेक्टर वन क्षेत्र उपभोग गर्दै आएको छ । अतिक्रमित जग्गामध्ये २०७१।७२ सम्म डिभिजनले ६६२ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरी १९२ हेक्टर क्षेत्रफल जग्गामा वृक्षारोपण गरेकोमा सो पछि अतिक्रमित क्षेत्र हटाई वृक्षारोपण गरेको देखिएन ।

१८.२. डिभिजन वन कार्यालय, सर्लाहीका विभिन्न ईलाका वन कार्यालय अन्तर्गत आर्थिक वर्ष २०७२/७३ सम्म जिल्लाभरी ६३७ हेक्टर अतिक्रमण भएकोमा हालसम्म ५४० हेक्टर अतिक्रमणबाट हटाई ९७ हेक्टर हटाउन बाँकी रहेको छ । वन क्षेत्रबाट अतिक्रमण हटाई वृक्षारोपण गर्नुपर्दछ ।

१९. **मौज्दात काठको राजश्व :** डिभिजन बन कार्यालय महोत्तरीले घाटगद्दी गरेको ७६ हजार ४१७.६६ क्यू फिट काठ र २४९.५० क्यू फिट दाउराको न्यूनतम रोयल्टी बराबरको रकम राजश्वको आर्थिक विवरणमा लगती राजश्व कायम गरी राख्नु पर्नेमा सो अनुसार नगरेकोले काठको दुरुपयोग हुनसक्ने देखिँदा उक्त काठको मूल्य कायम गरी लगती राजश्व आर्थिक विवरणमा समेत कायम गर्नुपर्दछ ।

२०. **आंशिक कार्य :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सम्झौता बमोजिमको कार्य सम्पन्न भएपछि सेवा प्रदायक वा आपूर्तिकर्तालाई अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । डिभिजन वन

कार्यालय, पर्साले मिति २०७६।१२।९ मा सम्झौता गरी ०७७।३।१५ भित्र सम्पन्न गर्ने गरी गढीमाई र बिन्दबासिनी समेत २ वन व्यवस्थापन समूहको बन कार्ययोजना तयारी, प्रारम्भिक वातावरणीय मूल्यांकन र हारभेष्टिङ प्लानको काम गर्न एक कन्सलटेन्सीलाई कार्यदिश दिएकोमा बन कार्ययोजना तयारीको कार्य मात्र सम्पन्न गरेको अवस्थामा सम्झौता अनुसारको रु.१८ लाख ४२ हजार पुरै रकम भुक्तानी गरेको छ । सम्झौता अनुसार प्रारम्भिक वातावरणीय मूल्यांकन र हारभेष्टिङ्गको काम पूरा नगरी पुरै रकम भुक्तानी दिएकोले दामासाहीले रु.१२ लाख २८ हजार असुल गर्नुपर्दछ ।

२१. **रुख कटान र वृक्षारोपण :** राष्ट्रिय प्राथामिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि २०७४ को बुँदा नं १० मा राष्ट्रिय वन क्षेत्र प्रयोग गरी रुख हटाउनु पर्दा कटान भएका रुखको २५ गुणाको दरले सम्बन्धित वन कार्यालयले तोकेको जग्गामा वृक्षारोपण गरी ५ वर्ष संरक्षण पश्चात वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, बाराले जिल्ला भित्र काठमाण्डौं-तराई/मधेश द्रुतमार्गको दाँया बाँया गत विगतमा ३ हजार ८५९ वटा रुख कटान गरेकोमा क्षतिपूर्तिको १:२५ का दरले वृक्षारोपण गर्नुपर्ने भनी वन कार्यालयले आयोजनालाई विभिन्न १८ स्थानमा २७३.२९ हेक्टर क्षेत्रफल उपलव्ध गराएको र उक्त जग्गामा वृक्षारोपण गरी ५ वर्षसम्म संरक्षण र रेखदेख पश्चात वन क्षेत्र पुनः डिभिजन वन कार्यालयलाई हस्तानान्तरण गर्नुपर्ने उल्लेख भएकोमा ५० हेक्टर क्षेत्रफलमा वृक्षारोपण कार्य गरेतापनि बाँकी २२३.२९ हेक्टर क्षेत्रफलमा बृक्षारोपण कार्य समेत गरेको देखिएन । कार्यविधिको पालना गर्नुपर्दछ ।

२२. **रुखको नम्बरिङ्ग:** डिभिजन वन कार्यालय, बाराले वन तथा भूसंरक्षण विभागबाट निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना निर्माणका लागि संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय र नागरिक उड्डयान प्राधिकरणको सहयोग र समन्वयमा वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका, २०७३ बमोजिम रुख विरुवाको यथार्थ विवरण संकलन तथा कटान हुने रुखको नम्बरिङ गर्न मन्त्रालयबाट २०७७/२/३२ मा अनुरोध भए अनुसार पहिलो चरणमा १ हजार ९०० हेक्टरलाई १२ वटा वर्किङ्ग युनिटमा विभाजन गरी २ वटा वर्किङ्ग युनिटमा रुखको गणना कार्य सोझै खरिद विधि अन्तर्गत मौजुदा सूचीमा रहेका एक परामर्शदाताबाट रु.२० लाख ५० हजारमा गराएको छ । जसबाट १८ हजार ६७१ रुखमा नम्बरिङ्ग गरी १५ हजार ७४२ घन मिटर काठ प्राप्त हुने उल्लेख छ । बाँकी १० वर्किङ्ग युनिटको नम्बरिङ्ग कार्य समयमै प्रतिस्पर्धात्मक प्रकृयाबाट सञ्चालन गरी निर्माण कार्य अघि बढाउनुपर्दछ ।

- **बेरुजु स्थिति :** मन्त्रालय तर्फ १९ निकायमा यो वर्ष रु.१० करोड ७ लाख ८५ हजार हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.१२ लाख ५० हजार बेरुजु फस्यौंट भई रु.९ करोड ९५ लाख ३५ हजार वेरुजु बाँकी रहेको छ । सोमध्ये रु.२० लाख ४८ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यसैगरी संस्था समितितर्फ एक निकायमा रु.१ लाख २८ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फस्यौंट नभएकोले सो रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसुची-९ र १०** मा समावेश छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २३ कार्यालयको लागि विनियोजन तर्फ रु.१ अर्ब २१ करोड ६५ लाख २ हजार, राजश्वतर्फ १८ कार्यालयको रु.१ करोड ८ लाख ३४ हजार, धरौटी तर्फ १९ कार्यालयको रु.२ करोड २ लाख ३२ हजार र अन्य कारोबार तर्फ ४ कार्यालयको रु.१ करोड २ लाख २९ हजार समेत रु.१ अर्ब २५ करोड ७७ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

१. **नीति तर्जुमा**ः प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने काम मध्ये कृषि, पशु विकास तथा खद्य पोषण सम्बन्धी प्रदेशिक नीति, प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर कायम गर्ने, राष्ट्रिय नीति, कृषि जन्य र पशुपन्छी जन्य औषधि विषादी र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच, भूमि सुधार भूःउपयोग तथा चक्लावन्दी सम्बन्धी नीति, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, घर जग्गा रजिस्ट्रेसन जग्गा घनि प्रमाण पुर्जा दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति, भूमिहिन सुकुम्वासी दलित मुक्त कमैया हलिया हरवा चरवा सम्बन्धी प्रादेशिक नीति, सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति, गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गर्नुपर्नेमा गरेको छैन । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयनः** मन्त्रालयको लागि रु.३ अर्ब ५० करोड २४ लाख शुरु बजेट विनियोजन भएकोमा रकमान्तरबाट थप समेत रु.३ अर्ब ५७ करोड ३९ लाख बजेट कायम गरेको छ । बजेट बढ्न गएको कारण स्पस्ट गरेको छैन । उक्त बजेटबाट रु १ अर्ब २१ करोड ६५ लाख खर्च गरी शुरु बजेटको ३४.७३ प्रतिशत र अन्तिम बजेटको ३४.०४ प्रतिशत मात्र खर्च गरेको छ । खर्च गर्न नसक्ने गरी बजेट थप गर्ने कार्य उचित देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३. **एकीकृत वित्तीय विवरणः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसिकने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । त्यति गर्दा पनि वित्तीय विवरण पेश नगरेमा विभागीय कारवाही समेत हुनसक्ने व्यवस्था छ । मन्त्रालयले तोकिएको अवधिमा एकीकृत वित्तीय विवरण तयार नगरेको, म्याद थपका लागि पत्राचार पनि नगरेको अवस्था छ । यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम समयमै वित्तीय विवरण पेश गर्नुपर्दछ ।

४. **कार्य सञ्चालनस्तरको कार्य -** मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवं नीति तर्जुमा एवं कार्यान्वयन, कार्यक्रम एबं मन्त्रालयहरु बीच समन्वय, केन्द्रीय लेखा तयार, प्रगति प्रतिवेदनको मूल्यांकन, मातहत कार्यालयबाट संचालित कामको अनुगमन लगायत जिम्मेवारी रहेको छ । नीति निर्माण एवं अनुगमनको जिम्मेवारी रहेको मन्त्रालयले मातहत निकायबाट सञ्चालन गर्नुपर्ने सहकारी मार्फत तालिम दिने, ट्युवेल जडान गर्ने, ट्र्याक्टर बाँड्ने जस्ता रु.५९ करोड १२ लाख ५० हजारका कार्यक्रम आफैंले सञ्चालन गरेको देखियो । यस्तो कार्य मातहत निकायबाट सञ्चालन गरी मन्त्रालय अनुगमनमा केन्द्रित हुनुपर्दछ।

५. **आन्तरिक बजेट कार्यान्वयन -** मन्त्रालयले बार्षिक कार्यक्रम बमोजिम प्रगति हासिल गर्नुपर्दछ । मन्त्रालयले संघीय बजेट रु.७० करोड ७७ लाख ८१ हजारमा रु ७० लाख २३ हजार (०.९९ प्रतिशत) र प्रदेश बजेट १ अर्ब ४९ करोड ७८ लाख मध्ये रु १३ करोड ११ लाख (८.७५ प्रतिशत) खर्च गरेको छ । समग्रमा कूल बजेटको ५.५१ प्रतिशत मात्र खर्च गरेको देखिँदा मन्त्रालयको कार्यसम्पादन स्थिति अत्यन्त कमजोर रहेको देखियो । तोकिए बमोजिम कार्यक्रम कार्यान्वयन नगर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

६. **केन्द्रीय प्रगति विवरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट बार्षिक प्रगतिको विवरण लिई नियम २६ अनुसार सबै कार्यालयबाट प्राप्त विवरणको एकीकृत रुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार गरेको देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण** -प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, अनुगमन र नियन्त्रण जस्ता विषय समेटिनु पर्दछ । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन ।

८. **सम्पत्तिको एकीकृत विवरण** - संघीय सरकार अन्तर्गत रहेका कृषि, सहकारी लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरेको छैन । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ वमोजिम मन्त्रालयले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत तथा मातहत कार्यालयबाट प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको देखिएन । सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

९. **वार्षिक कारोबार एवं कार्यसम्पादन प्रतिवेदन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रतिवेदन तयार नगरेकोले मन्त्रालयको आर्थिक कारोबार, फस्यौंट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था एकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन तयार गरी समयमै पठाउनुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१०. **अनुदानको उपयोग-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४१ (३) मा विशेष प्रकारका पटके कार्यक्रम आयोजना सञ्चालनमा कुनै संस्था तथा व्यक्तिलाई अनुदान दिँदा सोबाट भएको प्रगति विवरण लिई जुन कामको लागि रकम दिएको हो सो काममा खर्च भए नभएको र लेखापरीक्षण गराएको/नगराएको अनुगमन तथा मूल्यांङ्कन गर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले ५० प्रतिशत अनुदानमा १०० थान ट्र्याक्टर रु.४ करोड ९४ लाख १५ हजारमा र १०० प्रतिशत अनुदानमा १०० सेट कम्प्युटर एवं प्रिन्टर रु.६८ लाख १२ हजारमा खरिद गरी ट्र्याक्टर किसानलाई र कम्प्युटर प्रिन्टर विद्यालयहरुलाई वितरण गरेको छ । मन्त्रालयले बोलपत्रको माध्यमबाट उक्त मालसामान खरिद गरी बुझाएको कम्प्युटर प्रिन्टर सम्बन्धित संस्थामा दाखिला भएको प्रमाण पेश भएको छैन । मातहत कार्यालय समेतबाट दिएको कृषि एवं पशुपंछी लगायत फार्मको पुर्वाधार सुदृढीकरण अनुदान, मेशिनरी औजार, हाटबजार, बजार सेड, भवन निर्माण, भण्डारण, थ्रेसर, चिलिङ्गभ्याट, कन्टेनर लगायतका लागत साझेदारीको अनुदान वितरण गरेकोमा सोको अनुगमन गरी अनुदान प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा समेत मन्त्रालयबाट अनुगमन गरेको छैन । अनुदान उपयोगको सुनिश्चितता हुनुपर्दछ ।

११. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्था को कर्यान्वयन, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फस्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

१२. **तलवी प्रतिवेदनः-** निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) मा तलवी प्रतिवेदन पारीत गरी तलव खर्च लेख्नुपर्ने उल्लेख छ । कार्यालयले यस आर्थिक वर्षमा तलवी प्रतिवेदन पारीत नगरी कर्मचारी पारिश्रमिक शीर्षकबाट रु.२ करोड २९ हजार तलब भुक्तानी दिएको छ । प्रतिवेदन पारीत गरेर मात्र तलब खर्च लेख्ने गर्नुपर्दछ ।

१३. **मापदण्डको पालना -** प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ को बुँदा २७ अनुसार २१ दिनसम्मको तालिममा दैनिक खाना वस्न रु.७ सय र सहभागिको भ्रमण खर्च बाटो भएकोमा न्यूनतम बस भाडा र बाटो नभएकोमा रु. एक सय पाउने उल्लेख छ । कृषि मन्त्रालयले सहकारी जनचेतना अभिमुखीकरण तालिम सञ्चालनका लागि विभिन्न २३ सहकारी अभिमुखिकरण तालिमका सहभागिलाई खाना वस्न दैनिक रु.७ साय उपलब्ध गराएपछि प्रदेश भित्र आते-जाते बढीमा रु.५ सय बस भाडा दिन सकिनेमा दैनिक भ्रमण बीलको आधारमा २३ जनाको रु.१० लाख ८३ हजार बढी खर्च लेखी बढी व्ययभार पारेको देखिएको छ । बढी व्ययभार पर्ने गरी कार्य गर्न आदेश दिने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

१४. **कार्य सम्पादन जमानत-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा बोलपत्र स्वीकृत भई सम्झौता गर्नु पूर्व कवोल रकमको ५ प्रतिशत कार्यसम्पादन जमानत राख्नुपर्दछ। यदि ठेक्का लागत अनुमानको तुलनामा १५ प्रतिशतभन्दा घटी कवोल गरेको अवस्थामा १५ प्रतिशतभन्दा जति रकमले घटी कवोल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम सम्झौता अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत दाखिला गर्नुपर्ने व्यवस्था छ । पशुपंक्षी तथा मत्स्य विकास भवन निर्माण, कृषि निर्देशनालय भवन निर्माण र १०० थान ट्रयाक्टर खरिद समेत ३ ठेक्कामा ऐन अनुसार लिनुपर्ने कार्यसम्पादन जमानतभन्दा रु.८५ लाख ३३ हजार घटी लई सम्झौता गरेको छ । समयमा काम सम्पन्न नगरेमा जोखिम समेत बढ्न जाने अवस्था देखिएकोले कार्य सम्पादन जमानत थप गर्नुपर्दछ ।

## कृषि विकास निर्देशनालय

१५. **बढी भुक्तानी-** कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ को दफा ३ मा अनुदान उपलब्ध गराउन सक्ने क्षेत्र अन्तर्गत अनुसूची १ को बुँदा नं.४५ मा निजी, सार्वजनिक, सहकारीको साझेदारीमा कृषि उपज/पशुपंछी/ मत्स्य संकलन केन्द्र निर्माण गर्ने समूहलाई सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गरे पश्चात सो रकमको १५ प्रतिशत रकम समूहको योगदान कट्टा गरी ८५ प्रतिशतले हुने रकम निर्देशनालयले भुक्तानी दिने व्यवस्था छ । साथै मन्त्रिपरिषद्को २०७५।८।१९ को निर्णयले अनुदानको सीमा रु.१० लाखभन्दा बढी नहुने उल्लेख छ । कार्यालयले उल्लेखित निर्णय/कार्यविधि भन्दा बढी हुने गरी १९ संस्थाहरुलाई रु.१ करोड २६ लाख ८६ हजार बढी अनुदान भुक्तानी गरेकोले सम्बन्धित संस्थाबाट उक्त रकम असुल गर्नुपर्दछ ।

१६. **विक्री पछिको सेवा** ( निर्देशनालयले ८६ वटा सोलार पम्प खरिद गरी विक्री पछिको सेवाको ३ आपुर्तकलाई शुरुमै रु. २३ लाख ६३ हजार भुक्तानी गरेको छ । प्रति एकाइ विक्री पछिको सेवा उपलब्ध गराएको विवरण एवं प्राविधिक प्रतिवेदनको आधारमा मात्र विक्री पछिको सेवाको रकम भुक्तानी गर्नुपर्नेमा कार्यालयले वारेन्टी अवधि समाप्त हुनु अगाडि नै विक्री पछिको सेवाको रकम भुक्तानी गरेको छ ।सोलार पम्पको वारेन्टी अवधि २ वर्ष रहेकोमा वारेन्टी अवधि खाम्ने गरी कार्य सम्पादन जमानत लिएको छैन । सामान्यतया वारेन्टी अवधिभित्रको मर्मत कम्पनीले निःशुल्क गर्नुपर्ने र सो नगरेमा कार्यसम्पादन जमानत रोक्का गराउनुपर्दछ । विक्री पछिको सेवाको रकम अग्रिम भुक्तानी दिनेलाई जिम्मेवार बनाई सेवा प्राप्त नहुँदै गरेको खर्च असुल गर्नुपर्दछ ।

## कृषि ज्ञान केन्द्रहरु

१७. **कृषक समूह छनौट -** कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ मा सूचना प्रकाशन गरी कृषकको आवेदन संकलन गरेर संकलित आवेदनमाथि अनुसन्धान गरी संभाव्य र आवश्यक कृषक समूह छनौट गरी अनुदान उपलव्ध गराउनुपर्ने उल्लेख छ । कृषि ज्ञान केन्द्र धनुषाले स्वीकृत कार्यक्रम अनुसार ३ हाइटेक पोलीहाउस निर्माण गर्न रु २७ लाख बजेट स्वीकृत भएकोमा एक कृषक समूहलाई ३ हाइटेक पोलिहाउस निर्माणका लागि रु.१४ लाख ९७ हजार अनुदान दिएको छ । उक्त कृषक समूह छनौटको आधार खुलाएको छैन । कार्यक्रममा ३ वटा हाइटेक निर्माणमा अनुदान दिने भनिएतापनि एउटा समूहलाई दिने हो वा ३ समूहलाई स्पस्ट छैन । छनौटको आधार स्पष्ट नगरी एउटै संस्थालाई ३ वटै पोलिहाउसको अनुदान दिनु उपयुक्त देखिएन ।

१८. **बढी भुक्तानी -** कृषि ज्ञान केन्द्र धनुषाले एक सप्लायर्स लाई विभिन्न ३५ किसानको लागि स्यालो ट्युववेल जडान गरेको बिल भरपाई एवं प्राविधिक सिफारिसको आधारमा ८५ प्रतिशत अनुदान रु.२३ लाख ४० हजारमा धरौटी एवं कर कट्टि गरी रु.२१ लाख ८६ हजार भुक्तानी दिनुपर्नेमा रु.३२ लाख ४० हजार भुक्तानी गरेकोले रु.१० लाख ५३ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

१९. **ग्रेड भुक्तानीः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ । सो ब्यवस्था अनुसार पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितिय, राजपत्र अनंकित प्रथम, राजपत्राङ्कित द्वितिय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरु प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा माथिल्लो तहको स्केल पाउने र त्यस्मा तल्लो तहमा खाईपाई आएको ग्रेड समायोजन गर्न पाउने व्यवस्था छैन । कृषि ज्ञाने केन्द्र, रौतहटले कर्मचारी समायोजन ऐन २०७५ अनुसार तलब भत्ता भुक्तानी गर्नुपर्नेमा विभिन्न ७ कर्मचारीलाई रु.३ लाख ९४ हजार थप ग्रेड खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

२०. **कृषि ब्याज अनुदान** : कोरोना भाइरसको नियन्त्रण गर्न लकडाउनको कारण कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न राहत तथा अनुदान प्रवाह निर्देशिका, २०७६ को दफा ४(२) मा कृषि ऋणको हकमा २०७६ चैत्रदेखि २०७७ असारसम्म ब्याज अनुदान दिइने उल्लेख छ । सोही निर्देशिकाको दफा ८ मा कूल ५ लाखसम्मको ऋण भएका ऋणीको १२ प्रतिशतसम्म ब्याज अनुदान दिने व्यवस्था छ । कृषि ज्ञान केन्द्रहरुबाट भएको ब्याज भुक्तानीको स्थिति देहायअनुसार छन्ः-

२०.१. कृषि ज्ञान केन्द्र, धनुषाले कृषि कार्यका लागि ऋण लिएका ७ हजार ८३० जना कृषकको निवेदन संकलन गरी व्याज अनुदानको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई रु.३ करोड ५० लाख ५७ हजार निकासा दिएको छ । कार्यालयले बैंक स्टेटमेन्ट लिई ऋणीको खाताको ब्याज मिलान रकम एकीन गरेको छैन । ब्याज अनुदान वापत भएको वास्तविक खर्च एकीन गरी बैंकमा बाँकी हुने रकम फिर्ता गर्नुपर्दछ ।

२०.२. कृषि ज्ञान केन्द्र, बाराले बैंक मार्फत कृषि ऋणको व्याज मिन्हा गर्न रु.२ करोड ७० लाख ३० हजार सहकारी संस्था ४२, मेघा बैंक १५ समेत ५७ वित्तीय संस्थामा निकासा गरेको छ । कार्यालयले बैंक स्टेटमेन्ट लिई ऋणीको खाताको ब्याज मिलान रकम एकीन गरेको छैन । ब्याज अनुदान वापत भएको वास्तविक खर्च एकीन गरी बैंकमा बाँकी हुने रकम फिर्ता गर्नुपर्दछ ।

२०.३. कृषि ज्ञान केन्द्र, रौतहटले ४ हजार १९० कृषकलाई रु.३ करोड १० लाख ५२ हजार व्याज अनुदान ७२ बैक तथा वित्तीय संस्थाका शाखा मार्फत वितरण गरेकोमा ३५ शाखाबाट मात्र व्याज मिलानको विवरण प्राप्त भएको छ । उक्त ३५ शाखाबाट लेखापरीक्षण अवधि २०७८।१।३० सम्म वितरण नभएको रु.४२ लाख ९३ हजार असुल हुनुपर्दछ । अन्य ३७ वटा शाखाबाट समेत विवरण लिई वितरण नभएको रकम संचित कोष दाखिला हुनुपर्दछ ।

२०.४. कृषि ज्ञान केन्द्र, सप्तरीले कृषकहरुले बैक तथा वित्तीय संस्थालाई तिरेको ब्याजको अभिलेख नै नराखी ४४९२ ऋणी कृषकहरुलाई ३ करोड ८ हजार ब्याज अनुदान दिएको छ । दश कृषकको नमुना परीक्षण गर्दा बैंक तथा वित्तीय संस्थाहरुलाई तिरेको ब्याज रु १० हजार देखिएकोमा ४१ हजार अनुदान दिई ३१ हजार बढी अनुदान दिएको देखियो। यही अनुपातमा बाँकी ४ हजार ४८२ कृषकहरुलाई २ करोड ९९ लाख ६७ हजार अनुदान वितरण गर्दा बढी अनुदान निकासा हुने अवस्था देखिएकोले छानविन गरी बढी देखिएमा असुल गर्नुपर्दछ।

## भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु

२१. **ब्लक निर्माण अनुदान** - मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२ तथा पोखरी निर्माण कार्यविधि, २०७५ मा अनुदान प्रदान गर्दा प्रति हेक्टर जलासय अनुदान रकम अधिकतम रु.३ लाख वा कूल लागतको ५०प्रतिशत भन्दा बढी नहुने, पोखरी निर्माण सकेसम्म आफ्नै जग्गामा हुनुपर्ने नभए ५ वर्ष ठेक्कामा लिएको सम्झौता पेश गर्नुपर्ने तथा बीमा गर्नुपर्ने र चौमासिक प्रगति पठाउनुपर्ने व्यवस्था रहेको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनुषाले विभिन्न २८ कृषक समूहलाई मत्स्य उत्पादनको लागि व्लक निर्माण गर्न अनुदान रु.९१ लाख ५२ हजार उपलव्ध गराएको छ । उल्लिखित प्रावधान अनुसार ५ वर्षको जग्गा लिजमा लिएको, माछा र पोखरीको बीमा गरेको र चौमासिक प्रगति विवरण पठाएको छैन । कार्यालयले अनुगमन गरी कार्यविधिको व्यवस्था अनुरुप प्रस्ताव, बीमा, प्रगति विवरण लिई अनुदानको उचित उपयोगमा ध्यान दिनुपर्दछ ।

२२. **दुधमा अनुदान** - दुग्ध उत्पादक कृषकहरुलाई सहकारी मार्फत प्रतिलिटर २ रुपैयाका दरले अनुदान दिने सम्बन्धमा २०७७/३/१९ मा दुई सहकारी संस्था र कार्यालय वीच भएको सम्झौताको वुँदा नं ४ मा दोश्रो पक्षले दुध उत्पादक कृषकहरुको व्यक्तिगत खातामा प्रतिलिटर रु.२ का दरले हुन आउने एकमुष्ट अनुदान रकम जम्मा गरेको भौचर र स्टेटमेन्ट कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनुषाले लोकतन्त्र कृषि सहकारी संस्थालाई रु.१८ लाख ७२ हजार र माँसी कृषि सहकारी संस्थालाई रु.१६ लाख ४७ हजार अनुदान दिएको छ । सम्झौता अनुसार कृषकको व्यक्तिगत खातामा जम्मा गरेको बैंक भौचर र स्टेटमेन्ट कार्यालयमा पेश गर्नुपर्नेमा माँसी कृषि सहकारी संस्थाले रु.६ लाख ६६ हजारको बैंक भौचर र बाँकीको भरपाई गरेको छ भने लोकतन्त्र कृषि सहकारी संस्थाले रु.३९ हजारको बैंक दाखिला भौचर र बाँकी रकमको भरपाई पेश गरेको छ । भर्पाइ पेश गरेका संस्थाको अनुगमन गरी सम्झौता अनुसार कृषकले अनुदान रकम प्राप्त गरेको सुनिश्चित गर्नुपर्दछ ।

२३. **युवा लक्षित व्यवसाय** - युवा लक्षित व्यवसायीक पशुपन्छी तथा मत्य पालन प्रवर्द्धन कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन कार्यविधि २०७६ को बुँदा नं १३ मा अनुदानको सदुपयोग गर्नुपर्ने र बुँदा नं १५ मा चौमासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पेश गर्ने व्यवस्था छ । भेटेरिनरी

अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनुषाले यो वर्ष ३६ युवा लक्षित व्यवसायीहरु छनौट गरी व्यवसायको प्रकृति अनुसार प्रति व्यवसायी रु.१ लाख ८७ हजार देखि रु.३ लाख ७४ हजारका दरले रु.७९ लाख ३५ हजार अनुदान दिएकोमा अनुदानको उपयोग र प्राप्त उपलब्धिको मूल्यांङ्कन गरेको छैन । अनुदानको उपयोग र सोबाट प्राप्त उपलब्धि भए, नभएको कार्यालयले अनुगमन गरी अनुदानको उपयोग सुनिश्चित गर्नुपर्दछ ।

२४. **मेशिनको उपयोग** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा लगत खडा गरेको जिन्सी सामान हानी नोक्सानी हुन नदिने व्यवस्था मिलाउने उल्लेख छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनुषाले मिति २०७६/३/२० मा खरिद गरी आम्दानी गरेको रु.३२ लाख ७७ हजारको एक्सरे मेसिन र रु.३४ हजारको भ्यु-बक्स मेशिन हालसम्म जडान नगरी खुलारुपमा भवन परिसरमा राख्दा क्षति हुनसक्ने अवस्थामा रहेको देखिन्छ । मेशिनको उचित उपयोग गर्नुपर्दछ ।

२५. **कार्यक्रम पेश्की** — आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने र फस्यौंट गर्ने व्यवस्था छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, महोत्तरीले एक सहकारी संस्थालाई उन्नत जातको घाँसेवाली विकास कार्याक्रम सञ्चालनको लागि ०७६।९।२२ मा रु.१० लाख पेश्की प्रदान गरेको छ । पेश्की दिएको समयसम्म घाँसेवाली विकास कार्यक्रम सम्बन्धी कार्यविधि नै बनेको देखिदैन। कार्यालयले २०७६।१२।३ मा पेश्की फिर्ता गर्नलाई पत्राचार गरेपनि सस्थाले हालसम्म कुनै प्रतिक्रिया जनाएको छैन । कार्य विधिनै नबनेको अवस्थामा सम्झौता समेत नगरी पेश्की भुक्तानी गरिएको र हालसम्म पनि फिर्ता नगरेकोले पेश्की रकममा व्याज समेत असुल गर्नुपर्दछ ।

२६. **वीऊँ वितरण पेश्की** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने र फस्यौंट गर्ने व्यवस्था छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, महोत्तरीले २०७६।७।७ मा घाँसको विउ वितरण गर्न तत्कालिन समयमा करार सेवामा रहेका एक कर्मचारीलाई रु.७ लाख ५० हजार पेश्की दिएकोमा हालसम्म फस्यौंट गरेको छैन । निज हाल करार सेवामा समेत नरहेकोले उक्त रकम ब्याज समेत असुल गर्नुपर्दछ ।

२७. **अनुगमन** - भेटेरिनरी अस्पताल तथा पशु सेबा बिज्ञ केन्द्र रौतहटले मत्स्य पकेट तथा ब्लक लगायत अन्य कार्यक्रमको कार्यबिधि बमोजिम १० वटा मत्स्य पकेट तथा ब्लकहरुलाई रु.१ करोड २४ लाख ३ हजार अनुदान उपलब्ध गराएकोमा अनुदानको प्रभाबकारी कार्यन्यवन भए नभएको, लक्षित उद्देश्य प्राप्त भए नभएको सम्बन्धमा अनुगमन गरेको देखिएन । कार्यबिधि बमोजिम मन्त्रालय/निर्देशनालयबाट अनुगमन गरी अनुदान उपयोग भए, नभएको सुनिश्चित गर्नुपर्दछ ।

२८. **कृषि ब्याज अनुदान** - कोरोना भाइरस नियन्त्रण गर्न लकडाउनको कारण कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने राहत तथा अनुदान प्रवाह निर्देशिका, २०७६ को दफा ४(२) मा ऋणको हकमा २०७६ चैत्रदेखि २०७७ असारसम्म ब्याज अनुदान दिइने उल्लेख छ। सोही निर्देशिकाको दफा ८ मा ५ लाखसम्मको कृषि ऋणमा १२ प्रतिशतसम्म ब्याज अनुदान दिने व्यवस्था छ । कृषि ऋणको व्याज अनुदान सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्ः-

२८.१. भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, महोत्तरीले कृषकहरुलाई व्याज अनुदान उपलब्ध गराउन रु.२ करोड ४९ लाख ३३ हजार अनुदान खर्च गरेको छ । व्याज अनुदानको लागि १३ हजार २२९ जनाको निवेदन परेकोमा ६ हजार ६३२ कृषक छनोट भएकामध्ये ५ हजार २८१ कृषकको वैक खातामा रकम जम्मा गर्ने गरी रु.२ करोड ४९ लाख ३३ हजार विभिन्न ६३ बैंक तथा सहकारी संस्थाको नाममा निकासा गरेकोमा कति किसानको बैक खातामा व्याज मिन्हा भयो सोको विवरण पेश भएको छैन।

विभिन्न १२ वटा बैकबाट ३८६ कृषकले प्राप्त गर्नुपर्ने रु.२१ लाख २० हजारको चेक नसाटिई फ्रिज भएको छ । त्यसैगरी २० बैकले कृषकको नाम र खाता नम्वर भिडान नभएको भनी रु.४० लाख ५९ हजार फिर्ता गरेको छ । कृषकको नाम र खाता नम्बर समेत एकीन नगरी अनुदान निकासा दिने कार्यले अनुदानको उचित उपयोग हुनसक्ने देखिदैन । बाँकी १८ वैकले १७१३ कृषकको वैक खातामा रु.७६ लाख ५४ हजार जम्मा गर्न बाँकी रहेको देखिन्छ । वितरण नभएको रकम फिर्ता दाखिला गर्नुपर्दछ ।

२८.२. भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिराहाले रु.३ करोड १ लाख ६६ हजार ब्याज अनुदान प्रदान गरेको छ । अनुदान माग गरेको संख्या १३ हजार ७७४ भएकोमा ४ हजार ३५३ (३१.६प्रतिशत) कृषकले ब्याज अनुदान पाएको देखियो। कृषी ऋण लिएर कृषिमै प्रयोग गरे नगरेको एकीन गरेर मात्र व्याज अनुदान दिनुपर्नेमा सो एकीन नगरी अनुदान दिनु उचित देखिएन । अनुदान सदुपयोगको सुनिश्चतता गर्नुपर्दछ ।

२८.३. भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, सर्लाहीले ५ हजार ८१९ कृषकहरुलाई व्याज अनुदान दिन रु.२ करोड ४१ लाख बैक तथा सहकारी संस्थाको नाममा रकम निकाशा दिएको छ । उक्त अनुदान कृषि कार्यको लागि लिएको ऋणको व्याज भुक्तानीमा प्रयोग भएको हो होइन भनी एकीन गर्ने आधार संलग्न गरेको छैन । विभिन्न मितिमा निकासा भएको रकम मध्ये ५७ बैक तथा सहकारीबाट ८७६ कृषकले प्राप्त गर्नुपर्ने रु.३६ लाख ५ हजारको चेक नसाटिई रकम फ्रिज भएबाट कृषकहरु व्याज अनुदान प्राप्त गर्नबाट वंचित भएका छन् । वैक तथा सहकारी संस्था ५२ मार्फत ४ हजार ९४३ कृषकको व्याज मिन्हाको लागि निकासा भएको रु.२ करोड ४ लाख ९५ हजार कृषकको ऋण खातामा जम्मा भए नभएको एकिन गरेको छैन। व्याज मिन्हा दिएको रकम एकीन गरी बाँकी देखिएको रकम फिर्ता गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालयतर्फ २१ निकायमा यो वर्ष रु.२३ करोड २३ लाख ५१ हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.७५ लाख ६६ हजार बेरुजु फस्यौंट भई रु.२२ करोड ४७ लाख ८५ हजार वेरुजु बाँकी रहेको छ । सो मध्ये रु.३३ लाख ३० हजार पेश्की रहेको छ । यस सम्बन्धी विवरण **अनुसुची-९** मा समावेश छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशस्तरको सडक ऊर्जा विद्युत, सिँचाइ, खानेपानी र जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ३३ कार्यालयको विनियोजनतर्फ रु.५ अर्ब २१ करोड ७६ लाख ९१ हजार, राजश्वतर्फ ३१ कार्यालयको रु.१ अर्ब ८३ करोड ९५ लाख ६८ हजार, धरौटी तर्फ २९ कार्यालयको रु.५३ करोड ८८ लाख ८० हजार र अन्य कारोबार तर्फ ८ कार्यालयको रु.१ करोड ४३ लाख ४४ हजार समेत रु.७ अर्ब ६१ करोड ४ लाख ८३ हजार र निर्वाचन क्षेत्र विकास कार्यक्रमको रु.२ अर्ब २९ करोड ५५ लाख ७४ हजार समेत रु.१० अर्ब ९४ करोड ६४ लाख ६५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यसैगरी बक्यौता तर्फ एक कार्यालयको विनियोजन रु.१ अर्ब ३ लाख ४३ हजार, राजश्व ३ लाख ९२ हजार र धरौटी रु.३ करोड ९६ लाख ७३ हजारको लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

१. **नीति तर्जुमा एवं कार्यान्वयन-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार भौतिक पुर्वाधार विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका उर्जा, विद्युत, सिंचाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रबर्द्धन सम्बन्धी नीति, राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन, यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन, प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन विकास, प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा र सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा लगायतका कार्य हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन :** मन्त्रालयको लागि रु.८ अर्ब ४ करोड ७७ लाख शुरु बजेट विनियोजन भएकोमा रकमान्तर थप समेत रु.१२ अर्ब २७ करोड ५२ लाख कायम गरी शुरु विनियोजनभन्दा ५२.५३ प्रतिशत बढी बजेट कायम गरेको छ । बजेट बढ्नुको कारण मन्त्रालयले स्पष्ट गरेको छैन । उक्त बजेटबाट जम्मा रु.५ अर्ब २१ करोड ७६ लाख खर्च गरी शुरु बजेटको ६४.८३ प्रतिशत र अन्तिम बजेटको ४२.५० प्रतिशत खर्च गरेको छ । खर्च गर्न नसक्ने गरी बजेट थप गर्ने कार्य उपयुक्त देखिएन ।

३. **एकीकृत वित्तीय विवरणः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसिकने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । त्यति गर्दा पनि वित्तीय विवरण पेश नगरेमा विभागीय कारवाही समेत हुनसक्ने व्यवस्था छ । मन्त्रालयले तोकिएको अवधिमा एकीकृत वित्तीय विवरण तयार नगरेको, म्याद थपका लागि पत्राचार पनि नगरेको अवस्था छ । यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम समयमै वित्तीय विवरण पेश गर्नुपर्दछ ।

४. **अवण्डा बजेट** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ (२) मा बजेटमा व्यवस्था भएको रकम अबण्डा राखी पटक पटक गरी खर्च गर्न नहुने व्यवस्था छ । मन्त्रालयले आयोजनागत खर्च गर्ने स्पष्ट नगरी प्रादेशिक सडक कालोपत्रेमा रु.३० करोड, अन्तर पालिका सडक कालोपत्रेमा रु.४२ करोड, ग्राउण्ड वाटर सिंचाई योजनामा रु.१२ करोड, सडक, खानेपानी, सिंचाई र शहरी विकास क्षेत्रको परामर्शमा रु.१३ करोड समेत १२ कार्यक्रममा एकमुष्ठ रु.१ अर्ब १८ करोड ५२ लाख विनियोजन गरेको छ । सम्बन्धित मन्त्रीले तेश्रो चौमासिकमा कार्यक्रम र बजेट बाँडफाँट गरी पठाएकोमा जेष्ठ महिनामा मात्र ५ कार्यक्रममा रु.४२ करोड ५० लाख बजेट बाँडफाँट गरी कार्य गराएको छ । आर्थिक वर्षको शुरुमै योजनागत बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

५. **कार्य सञ्चालनस्तरका कार्य -** मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवं नीति तर्जुमा एवं कार्यान्वयन, प्रगति प्रतिवेदनको मूल्यांकन तथा मातहत कार्यालयबाट संचालित कामको अनुगमन गर्ने रहेको छ । नीति निर्माण एवं अनुगमनको जिम्मेवारी रहेको मन्त्रालयले मातहत निकायबाट सञ्चालन गर्नुपर्ने विभिन्न पुल-बाटो निर्माण, परामर्श सेवा खरिद लगायत रु.३५ करोड ५० लाखका विकास कार्यक्रम समेत आफैंले सञ्चालन गरेकोले कामको गुणस्तरमा समेत अनुगमन हुने अवस्था देखिएन । मातहत कार्यालयबाट गराउने कार्य मन्त्रालय आफैंले गरेको उपयुक्त देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

६. **एकीकृत प्रगति विवरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट बार्षिक प्रगतिको विवरण लिई नियम २६ अनुसार सबै कार्यालयबाट प्राप्त विवरणको एकीकृत रुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले कार्यालयबाट प्रगति विवरण लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण मन्त्रालय र मातहतले सम्पादन गरेको कार्यक्रमको उपलब्धिको अवस्था मूल्यांङ्कन गर्नसक्ने स्थिति रहेन । जलश्रोत तथा सिंचाई विकास डिभिजन धनुषाबाट एक बजेट उपशीर्षकमा विभिन्न कार्यक्रम सचालन गर्न यो वर्ष रु.२९ करोड ९० लाख बजेट विनियोजन भएकोमा रु.१७ करोड ३२ लाख (५७.९३प्रतिशत) खर्च गरी रु. ५३ करोड २२ लाख ८४ हजारको १२ कार्यक्रम सञ्चालन भएको देखिएन । लक्ष्य अनुसार कार्यक्रम सञ्चालन नभएकोमा कारण पहिचान गरी सुधारका लागि सुझाव दिनुपर्नेमा सो कार्यान्वयन गरेको देखिएन । नियमको व्यवस्था अनुसार एकीकृत प्रगति प्रतिवेदन तयार गरी मूल्यांकन गर्नुपर्दछ ।

७. **निष्कृय बजेट -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ (१) मा आफ्नो कार्यालयको बजेट लक्ष्य अनुसार खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । मन्त्रालयले संघीय सःशर्त अनुदान शीर्षकबाट पुर्वाधार निर्माण गर्न दिएको कार्यक्रम रु.३७ करोड २६ लाख ७४ हजार रकमको कार्यक्रम सञ्चालन नगरी बजेट निस्कृय राखेको देखियो । यसरी बजेट निस्कृय राखेकोमा लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार वनाउनुपर्दछ ।

८. **आन्तरिक नियन्त्रणः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले आन्तरिक नियन्त्रण

प्रणाली तयार गरेको छैन । विभिन्न निर्माण कार्य सञ्चालन गर्दा राख्नु पर्ने कार्यक्रम खर्च अभिलेख खाता, ठेक्का अभिलेख खाता, धरौटीको व्यक्तिगत अभिलेख, ठेक्कागत कन्टिन्जेन्सी खर्च खाता, मन्त्रालय र मातहतको सम्पत्ति अभिलेख लगायतका खाता नराखेबाट आन्तरिक नियन्त्रण व्यवस्था सबल देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यन्वयन गर्नुपर्दछ ।

९. **चौमासिक खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक रुपमा कार्यक्रम सञ्चालन गरी प्रगति तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले यो वर्ष रु.२३ करोड २८ लाख २९ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा २४.६० प्रतिशत, दोश्रो चौमासिकमा १५.९५ प्रतिशत, तेश्रो चौमासिकमा ५९.४५ प्रतिशत र आषाढ महिनामा मात्र कूल खर्चको ४८.९७ प्रतिशत खर्च गरेको छ । आषाढ महिनामा बढी खर्च गर्ने परिपाटीले कामको गुणस्तरमा प्रभाव पर्न सक्ने देखिँदा त्यसमा नियन्त्रण गर्नुपर्दछ ।

१०. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । मन्त्रालयले उक्त जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कर्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फस्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

११. **वार्षिक कारोबार एवं कार्यसम्पादन प्रतिवेदन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन । मन्त्रालयले आर्थिक कारोबार, फस्यौंट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था देखिने गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

१२. **सोझै खरिद**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । यो वर्ष मन्त्रालयले रु.१ करोड ३० लाख ८६ हजारको स्टेसनरी, कार्यालय सामग्री तथा निर्माण कार्य सोझै खरिद गरेको छ । खरिद कार्य मितव्ययी एवं नियमित छ भन्न सकिएन । प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद गर्नु पर्दछ ।

१३. **व्ययभार पर्नेगरी सम्झौता**- मन्त्रालयबाट यो वर्ष विभिन्न ७ ठेक्का सम्झौता गरी पेश्की उपलव्ध गराएको छ । सो मध्ये रु.२४ करोड १९ लाख ५१ हजारका दुई डिजाइन एण्ड विल्ड ठेक्कामा रु.१ करोड ३४ लाख पेश्की दिई ठेक्का सम्झौता गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

१३.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ को अनुसूची ४ (ख) मा पुलको संरचना निर्माण जस्ता एकमुष्ट रकममा सम्झौता हुने ठेक्कामा सबै प्रकारको जोखिम र दायित्व निर्माण व्यवसायीमा रहने उल्लेख छ। निर्माण व्यवसायीसँग सम्झौता गर्दा मूल्य समायोजन नपाउने गरी सम्झौता गर्नुपर्नेमा पाउने गरी सम्झौता गरेकोले भविष्यमा थप व्ययभार पर्न जाने देखियो । डिजाइन एण्ड बिल्ड ठेक्कामा मूल्य समायोजन पाउने गरी सम्झौता गर्नुको कारण स्पष्ट गर्नुपर्दछ ।

१३.२. निर्माणको लागि दिइने अग्रिम पेश्की रकममा मूल्य समायोजन दिन नपाउने गरी सम्झौता गर्नुपर्नेमा मन्त्रालयले सम्झौता गर्दा सम्झौताको जेनरल कण्डिसन अफ कन्ट्याटको दफा ५३.१ मा पेश्कीमा समेत मूल्य समायोजन पाउने गरी सम्झौता गरेको र स्पेशल कण्डिसन अफ कन्ट्याक्टमा संसोधन नगरेका कारण पेश्कीमा मूल्य समायोजन रकम भुक्तानी हुनसक्ने अवस्था देखियो । यसरी ठेक्का सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सम्झौताको व्यवस्था संसोधन गर्नुपर्दछ ।

**१४. कार्य सम्पादन जमानत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) मा ठेक्का लागत अनुमानको तुलनामा १५ प्रतिशत भन्दा बढी घटेर कवोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटी कवोल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कवोल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत दाखिला गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले मूल्य अभिवृद्धि कर समेत रु.९ करोड ६४ लाख ८५ हजार लागत अनुमानको कार्य एक संयुक्त उपक्रमसँग रु.६ करोड ९७ लाख ११ हजार (२७.७४प्रतिशत घटी) मा गर्ने गरी ठेक्का स्वीकृत गरेको छ । लागत अनुमानको १५प्रतिशत भन्दा बढी घटेको कारण ५०प्रतिशत ले हुने कार्यसम्पादन जमानत रु.६१ लाख ५१ हजार र ५प्रतिशत ले हुने कार्यसम्पादन जमानत रु.३४ लाख ८५ हजार समेत रु.९६ लाख ३६ हजार लिनुपर्नेमा रु.८५ लाख ३७ हजारमात्र लिएकोले रु.१० लाख ९९ हजार कार्यसम्पादन जमानत थप लिनुपर्दछ ।

**१५. सम्झौताको पालना** - मन्त्रालयमा कानुन अधिकृतको स्वीकृत दरवन्दी स्थायी रुपमै पदपुर्ति भएको देखिन्छ। मन्त्रालयले २०७६ भाद्र २९ मा अधिकृत छैठौं तह बरावरको मासिक पारिश्रमिक पाउने गरी कानुन अधिकृत करारमा नियुक्त गरेको छ । सम्झौता अनुसार निज कार्यालयमा हाजिर हुनुपर्ने, प्रत्येक महिनाको पहिलो हप्ताभित्र अघिल्लो महिनाको कार्यप्रगति मन्त्रालयमा पेश गर्नुपर्ने र लगातार ७ दिन मन्त्रालयमा उनुपस्थित रहे सम्झौता रद्द गरिने उल्लेख छ । दरवन्दी पूर्ति भएको र दरवन्दीको कानुन अधिकृतबाटै काम सम्पन्न गर्न सकिनेमा करारमा नियुक्ति गर्नुपर्ने कारण स्पष्ट नगरेको, कार्यालयमा हाजिर नभएको र सम्झौता अनुसार कार्यप्रगति समेत पेश नगरेको अवस्थामा रु.३ लाख ९६ हजार तलब भत्ता भुक्तानी दिएको देखियो। काम नगरेको अवस्थामा भुक्तानी दिन आदेश दिने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

**१६. कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत समेत ४ प्रतिशतसम्म थप गरी लागत अनुमान तयार गर्ने र सोही परिधिभित्र रही खर्च गर्ने र खर्च गरेको रकम नापी किताबमा समेत चढाउनुपर्ने व्यवस्था छ । सो सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्:-

१६.१. मन्त्रालयले यो वर्ष रु.१७ करोड ८८ लाख ३६ हजार पुँजीगत खर्च गरेकोमा कन्टिन्जेन्सीमा रु.२१ लाख ३० हजार (पूँजीगत खर्चको १.१९ प्रतिशत) खर्च गरेको छ । बहुवर्षीय ठेक्कामा गतवर्षसम्म भएको कन्टिन्जेन्सी खर्च समेत समावेश गरी कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खाता नराखेकोले खर्च सीमाभित्र र योजना अनुसार छ भन्न सकिएन।

१६.२. जलश्रोत तथा सिंचाई विकास डिभिजन, धनुषाले यो वर्ष कन्टिन्जेन्सीमा रु.१ करोड २२ लाख ४४ हजार खर्च गरेको छ । उक्त रकम यो वर्ष पुँजीगत शीर्षकमा भएको खर्च रु.३८ करोड ३३ लाख २२ हजारको ३.१९ प्रतिशत देखिन्छ । आयोजनागत कन्टिन्जेन्सी खर्च खाता राखेको छैन । खर्चको अभिलेख राखी सीमा भित्र खर्च भएको सुनिश्चितता गर्नुपर्दछ ।

१६.३. यातायात पुर्वाधार निर्देशनालय धनुषाले यो वर्ष रु.५ करोड ७६ लाख खर्च गरेकोमा कन्टिन्जेन्सी खर्च रु.१८ लाख ३७ हजार (३.२प्रतिशत) खर्च गरेको छ । आयोजनागत रुपमा यस वर्षसम्म भएको कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको देखिएन ।

आयोजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख राखी सम्बन्धित कामको नापी किताबमा समेत प्रविष्टि गर्नुपर्दछ ।

१७. **धरौटी फिर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) मा निर्माण व्यवसायी ले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि धरौटी फिर्ता दिनुपर्ने उल्लेख छ । अर्थ मन्त्रालयको परिपत्र अनुसार मूल्य अभिबृद्धि कर समायोजन पत्र पेश गरेपछि मात्र धरौटी फिर्ता दिन सकिने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, धनुषाले ११ निर्माण व्यवसायीहरुलाई मूल्य अभिवृद्धि कर समायोजन पेश नगरी रु.२ करोड ३१ लाख ८२ हजार र पुर्वाधार विकास कार्यालय, रौतहटले कर समायोजन प्रमाण बेगर ६ निर्माण व्यवसायीलाई रु.४ करोड ३२ लाख १८ हजार धरौटी फिर्ता गरेको छ । मूल्य अभिवृद्धि कर समायोजनबेगर धरौटी फिर्ता गर्ने कार्य अनियमित देखिएकोले कर समायोजन पेश गर्नुपर्दछ ।

१८. **सीमा भन्दा बढीको कार्य :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । एक करोड रुपैंयसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेत समावेश हुने व्यवस्था छ । उक्त सीमा भन्दा बढीको काम उपभोक्ताबाट गराएको व्यहोरा देहायबमोजिम छन्:-

१८.१. पुर्वाधार विकास कार्यालय, धनुषाले मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सी समेत रु.१७ करोड ३५ लाख २८ हजार लागत अनुमान रहेको योजना १५ उपभोक्ता समितिबाट गराई यो वर्ष रु.८ करोड ५९ लाख ३२ हजार भुक्तानी गरेको नियमित देखिएन ।

१८.२. पुर्वाधार विकास कार्यालय सिराहा (बक्यौता २०७५/७६) ले मूल्य अभिवृद्धि कर र ओभरहेडसमेत ३ उपभोक्ता समितिबाट रु.३ करोड ३८ लाख ७ हजार लागत अनुमान भएको काम गराएको अनियमित देखिन्छ ।

१८.३. पुर्वाधार विकास कार्यालय, रौतहटले रु.१ करोड २९ लाखको कृषि बजार तथा सेड निर्माण कार्य एक उपभोक्ता समितिबाट गराई यो वर्ष रु ८४ लाख ९२ हजार भुक्तानी गरेको अनियमित देखिन्छ । सोही कार्यमा उपभोक्तालाई नियमले नपाउने ५ प्रतिशत कन्टिन्जेन्सी रु.४ लाख ७२ हजार समेत थप गरी दिएकोमा भुक्तानी दिन आदेश दिनेलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

## सडक डिभिजन चन्द्रनिगहापुर, रौतहट

१९. **मूल्य समायोजनः** निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता अनुसार मूल्य समायोजन रकम गणना गर्दा मालसामान, ज्याला र इन्धनको आधारसूचक बोलपत्र दाखिला गर्ने दिनभन्दा ३० दिन पहिलेको चालु सूचक रनिङ बिल जारी भएको मिति र ठेक्काको म्याद समाप्त भएकोमा अन्तिम मितिको ३० दिन अघिको सूचक लिनुपर्ने देखिन्छ । डिभिजनले एक निर्माण व्यवसायीलाई पहिलोदेखि पाँचौं रनिङ बिलसम्म मूल्य समायोजन रु.१ करोड १ लाख ५९ हजार भुक्तानी दिएको छ । यसरी भुक्तानी दिँदा आधारसूचक बोलपत्र दाखिला गर्ने दिनको ३० दिन पहिलेको र चालु सूचक रनिङ बिल जारी भएको एक महिना अघिको सूचक गणना गर्दा रु.५ लाख ६९ हजार बढी भुक्तानी गरेको देखियो। सूचक फरक पारी बढी भुक्तानी दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

२०. **नन् फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको मितिले २५ दिनभित्र बुझाउनुपर्ने उल्लेख छ, साथै दफा १९(२) मा उक्त अबधिमा कर नबुझाएमा बाँकी रहेको रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्ने समेत उल्लेख छ । डिभिजनले ४ निर्माण व्यवसायीलाई निर्माण कार्यको रु.३५ लाख १२ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा निर्माण ब्यबसायीहरु नन फाइलर रहेको देखिएकोले उक्त मूल्य अभिवृद्धि कर आन्तरिक राजश्व कार्यालयबाट समायोजन गर्नुपर्दछ ।

## जलश्रोत तथा सिंचाई विकास डिभिजनहरु

२१. **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा २० लाख भन्दा बढी लागत अनुमान भएको सामान वा निर्माण कार्य बोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन धनुषाले बर्षाको समयमा नदी नियन्त्रणकोलागि अति आवश्यक भएको कारण उल्लेख गरी १९ आपुर्तकबाट रु.९१ लाख १९ हजारको जियो व्याग, सिचांई विकास डिभिजन पर्साले रु.१३ लाख २६ हजारको गेट निर्माण, सिंचाई विकास डिभिजन सिराहाले विभिन्न ३१ व्यवसायीबाट रु.१ करोड ४८ लाख ३४ हजारको निर्माण एवं मर्मत कार्य, भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन, सर्लाहीले समरसिवल पम्प, पाइप, तार लगायत रु.१ करोड ६२ लाख २८ हजारको सामान समेत रु.४ करोड १५ लाख ७ हजारको सामान सिधै खरिद गरेकोले खरिद कार्य अनियमित देखिएको छ ।

२२. **अग्रिम आयकर** - आयकर ऐन, २०५८ को दफा ८९ को ५ मा उपभोक्ता समितिलाई ५० लाखभन्दा बढी भुक्तानी दिदा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन धनुषाले ९ उपभोक्ता समितिलाई ५० लाख भन्दा बढीको रकम भुक्तानीमा १.५ प्रतिशत अग्रीम कर कट्टा नगरेकोले रु.५ लाख ८१ हजार असुल गर्नुपर्दछ ।

२३. **अधुरा आयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सोको शर्तहरुको व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था, नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने र नियम १२१ मा थप म्याद भित्र पनि काम सम्पन्न नगरेमा पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने व्यवस्था छ । सम्झौता अनुसार काम नगरी अधुरो राखेको स्थिति यसप्रकार छः-

२३.१. जलश्रोत तथा सिंचाई विकास डिभिजन धनुषाले समयमा काम नगर्ने निम्न कामका निर्माण व्यवसायीलाई उल्लेखित व्यवस्था बमोजिम आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ ।

(रु.हजारमा)

| क्र.सं | निर्माण कार्य | सम्झौता मिति | सम्पन्न गर्नूपर्ने मिति (म्याद थप समेत) | सम्झौता रकम | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | जमुनी कटहा सिंचाई योजना, बहूअर्वा | २०६८.३.२३ | २०७७.३.३० | १०९७३९ | ७४०९० | ७५ |
| २. | रातू खोला सिंचाई योजना, बेंगाडाबर | २०७२.८.१४ | २०७७.२.११ | १४१५२ | ७०६२ | ६० |
| ३. | तल्लो गोदा सिंचाई योजना, चिसापानी | २०७४.३.२३ | २०७६.३.२२ | ८४८७ | ३४६० | ६० |
| ४. | चारनाथ सिंचाई योजना | २०७५.३.२६ | २०७७.३.२५ | ३१३६६ | ११४८२ | ४५ |
| ५. | माची झिंकैया सिंचाई योजना, | २०७६.३.१५ | २०७८.३.१४ | २९०१० | ०.०० | ० |
| ६. | सोनापारा सिंचाई योजना, हरिने | २०७६.३.३१ | २०७८.०.३० | ५४९८४ | १८५२१ | १० |
| ७. | सर्वि सिंचाई उपयोजना | २०७५।१०।२ | २०७७-४-१ | २४४३८ | ०.०० | ० |
| ८. | मनियारी पैनी जल्लाद खोला उपयोजना | २०७६.११.२२ | २०७८.२.२२ | ७७१०२ | ८२९० | १० |

उपर्युक्त ८ आयोजनामध्ये सि.नं. १ देखि ४ सम्मका आयोजनाको थप म्याद समेत २०७७ आषाढ महिनामा समाप्त भएको र प्रगति ४५ प्रतिशत देखि ७५ प्रतिशत मात्र गरेको, सि.न ६ र ८ को आयोजना सम्झौता गरेको एक वर्ष व्यतित हुँदा सम्म १० प्रतिशत मात्र प्रगति गरेको, माझी झटकैया सिंचाई योजना र सर्वि सिंचाई आयोजनाको निर्माण व्यवसायीले सम्झौता गरेको मितिले १६ देखि २२ महिना व्यतित हुँदासम्म निर्माण कार्य शुरु गरेको छैन । विशेष कारण विना निर्माण कार्य शुरु नगर्ने निर्माण व्यवसायीको कार्य सम्पादन जमानत रोक्का राखी आवश्यक कारवाही गर्नुपर्ने र समयमा निर्माण कार्य नगर्ने निर्माण व्यवसायीहरुलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ वा खरिद नियमावली २०६४ को नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लिई निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

२३.२. जलश्रोत तथा सिंचाई विकास डिभिजन, सर्लाहीले २०६८।६९ का रु.८ करोड ७२ लाख १७ हजारका ३ वटा, २०७०।७१ का रु.७ करोड ५३ लाख ४० हजारका २ समेत ५ बहुवर्षे सिंचाई योजनाको ठेक्का म्याद पटक पटक गरी २०० देखि ४०० प्रतिशतभन्दा बढी थप गर्दा समेत २०७६।७७ सम्म रु.१२ करोड २३ लाख २५ हजार भुक्तानी गरी ४४ देखि ७१ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ। म्याद समाप्त भएको तर न्यून भौतिक प्रगति भएका योजनाहरु नियमावलीको नियम १२० र १२१ अनुसार गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ।

२३.३. जलश्रोत तथा सिंचाई विकास डिभिजन सप्तरीमा साविक जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, लहानबाट आर्थिक वर्ष २०७४।७५ मा जिम्मेवारी सरी आएका रु.१८ करोड ६८ लाख ८० हजारका ११ नदी नियन्त्रण योजनाहरु अधुरो रहेका छन् । सम्झौता अनुसार ९ योजना २०७४।५।२५ सम्म र २ योजना २०७५।३।२५ मा सम्पन्न गरीसक्नुपर्नेमा कुनै पनि योजना सम्पन्न भएको छैन । सो मध्ये २ योजना २०७५।३।२५ सम्म, १ योजना २०७५।७।३०, सम्म ५ योजना २०७७।३।२५ सम्म म्याद थप गरेको छ । ३ ठेक्काको म्याद थप भएको छैन ।

ठेक्काको म्याद २०७७/३/३० सम्म थप भएका रु.१ करोड ४१ लाख ७० हजारमा सम्झौता भएका महुली नदी नियन्त्रण योजना र घौरदह नदि नियन्त्रण योजनाका २ निर्माण व्यवसायीले निर्माण कार्य शुरु नै गरेको छैन । नौ योजनाको लागि हालसम्म रु.११ करोड ५३ लाख ७९ हजार भुक्तानी गरेता पनि कुनै पनि आयोजना सम्पन्न भएका छैनन्। सम्झौता अनुसार काम नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावलीको नियम १२० र १२१ अनुसार कारवाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

२३.४. जलश्रोत तथा सिंचाई विकास डिभिजन, सिराहाले वलाननदी नियन्त्रण कार्यका लागि एक कन्ट्रक्सनसँग २०७२/३/२९ मा रु.१ करोड ६३ लाख ९९ हजारमा सम्झौता गरी २०७३/१०/२९ मा निर्माण सम्पन्न गर्नुपर्नेमा रु.८३ लाख ३५ हजार बराबरको (करिव ५१प्रतिशत) कार्यगरी विगत ३ वर्ष बजेट नपरेको अधुरो रहेको छ । बजेट व्यवस्था गरी आयोजना सञ्चालन नहुँदा हालसम्म गरेको लगानी प्रतिफल विहिन हुन पुगेको छ ।

२४. **वढी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ्ग बिल वा अन्य बिलको भुक्तानी प्राविधिक नाँपजाँच र मूल्यांकन अनुसार गर्नुपर्ने व्यवस्था छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन, पर्साले ७ योजनामा उपभोक्ता समितिलाई मालसामानको जिल्ला दररेटबाट हुने लागत अनुमानमा ५ देखि ५५ किलोमिटरसम्मको ढुवानी भाडा थप गरी भुक्तानी गरेको छ । निर्माण स्थलकै भाडा भुक्तानी गर्नुपर्नेमा बढी भाडा तथा बोल्डरको दर विश्लेषणमा ज्यामीको संख्या बढी राखी रु.९ लाख ७ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्छ ।

२५. **खर्चको प्रमाण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, सर्लाहीले नापी किताब र कार्यसम्पन्न प्रतिवेदनको आधारमा १९ योजनाको रु.१ करोड ७३ लाख ७१ हजार भुक्तानी दिएको छ । उपभोक्ता समितिबाट गरेका कार्यको नियमावलीले तोकेअनुसारका बिल भरपाई, सार्वजनिक परिक्षण, सामाजिक परीक्षण, आम्दानी खर्चको अभिलेख र अनुगमन प्रतिवेदन पेश गरेको छैन । नियमावलीको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

२६. **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता बमोजिमको काम तोकेको म्यादमा सम्पन्न गर्न नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने व्यवस्था छ। जलश्रोत तथा सिंचाई विकास डिभिजन, सप्तरीले भलुवाई नदी नियन्त्रण कार्यको लागि आर्थिक वर्ष २०७२।७३ मा एक संयुक्त उपक्रम . सँग रु.३ करोड ३७ लाख २७ हजारको सम्झौता गरेकोमा २०७५।७।२५ सम्म म्याद थप गरेको छ । निर्माण व्यवसायीले म्याद थप भएको मितिमा कार्यसम्पन्न गर्न नसकी २०७६।३।२९ मा २४० दिन ढिला गरी कार्यसम्पन्न गरेको छ । अन्तिम बिल रु.२३ लाख ८९ हजार म्याद थप बेगर भुक्तानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार सम्झौता रु.३ करोड ३७ लाख २७ हजारको १० प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति रु.३३ लाख ७३ हजार असुल गर्नुपर्दछ।

२७. **सामान मौज्दात -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा सालवसाली योजनाको काम एक आर्थिक वर्षमा सम्पादन गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ४५ मा प्राप्त निर्माण सामग्रीको प्रभावकारी उपयोग गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षभित्र खपत हुने गरी मात्र

समान खरिद गर्नुपर्नेमा जलश्रोत तथा सिंचाई विकास डिभिजन सिराहाले वाढीको लागि सिमेन्टको वोरा लगायतको समान रु.६० लाख १० हजार र जलश्रोत तथा सिंचाई विकास डिभिजन बाराले ग्याबिन, बोरा, नाइलन डोरी लगायतका निर्माण सामग्री रू.८२ लाख २५ हजारमा खरिद गरी मौज्दात राखेको पाईयो ।

२८. **बढी मुल्यांकनः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स र दररेट बमोजिम निर्माण कार्यको लागत अनुमान तयारी गर्नुपर्ने व्यवस्था छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन सिराहाले बाढी नियन्त्रण कार्य अन्तर्गत विभिन्न नदी/खोलाहरुमा ढुङ्गा सहितको स्पर निर्माण गर्दा २ वटा योजनामा तारजालिको खरिद बिल अनुसार २२६ वटा ग्याविन बक्स प्रयोग भएकोमा ३०० वटाको मूल्यांकन गरी बढी भुक्तानी गरेको रु.२ लाख ९२ हजार र उक्त २२६ वटा ग्याविन बक्स (३*१.५*०.६) को साईज अनुसार आवश्यक पर्ने ढुङ्गाको परिमाण ६१०.२ घनमिटर हुनुपर्नेमा ६८८.५३ घनमिटर मूल्यांकन गरी बढी भुक्तानी गरेको रु.३ लाख ७६ हजार समेत रु.६ लाख ६९ हजार सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

२९. **निर्माण सामग्रीको गुणस्तरः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सम्झौताको दरमा स्पेशिफिकेसन बमोजिम गुणस्तरयुक्त काम गर्नुपर्दछ । जलश्रोत तथा सिंचाई विकास डिभिजन, बाराले पसाहा नदी सिंचाई योजनाका निर्माण व्यवसायीलाई सम्झौताको आइटम नं.१६ को आइरन सीटपाइल प्राविधिक स्पेशिफिकेशन बमोजिम १०९२.४५ वर्गमिटरको प्रति वर्गमिटर रु.३० हजारको दरले रु.३ करोड २७ लाख ७४ हजार हुने देखिन्छ। निर्माण व्यवसायीले प्रयोग गरेको उक्त आइरन सीटपाइल लागत अनुमान अनुसार गुणस्तरयुक्त नभएको भनी ओभरसाइट एजेन्सी र विभागले छानबिन गरी रु.२४ हजार मूल्य निर्धारण गरी यो वर्ष तेस्रो र चौथो रनिङ्ग बिलबाट रु.२ करोड ४९ लाख २९ हजार खर्च लेखेको छ । प्रत्येक पटक आईरन सिटपाइलको गुणस्तर र स्पेशिफिकेसन मूल्यांकन गरेर मात्र भुक्तानी गर्ने व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

३०. **चौमासिक तथा आषाढ महिनाको खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (२५) मा चौमासिक रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने र स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ । निर्माण कार्यलाई व्यवस्थित, गुणस्तरीय र मितव्ययी बनाउन तोकिएको अवधिमा तोकिएको काम सम्पन्न गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । चौमासिक खर्चको स्थिति यसप्रकार छः

(रु.हजारमा)

| जलश्रोत तथा सिंचाई विकास डिभिजन | कूल खर्च | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | आषाढको खर्च | |
|---|---|---|---|---|---|---|
| | | | | | रकम | प्रतिशत |
| धनुषा | ३५१०७८ | ३१२५ | १५९०४ | ३३२०४९ | २८००९० | ७९.७७ |
| पर्सा | १२५४२२ | ० | ९२५७ | ११६१६५ | ११६१६५ | ९२.६१ |
| सप्तरी | ३२०२७० | ० | ० | ३२०२७० | २७२१०४ | ८४.९६ |
| सर्लाही | ६३३०७ | ३००६ | ३२१३८ | २८१६३ | ० | ० |
| सिराहा | १७८५१८ | ० | ४५३७७ | १३३१४१ | ० | ० |
| बारा | १२०६१६ | ० | २०३४ | ११८५८२ | ० | ० |
| रौतहट | ७७७३९ | ० | १३५२५ | ६४२१४ | ४५७५७ | ५८.८५ |
| **जम्मा** | **१२३६९५०** | **६१३१** | **११८२३५** | **१११२५८४** | **७१४११६** | |
| **प्रतिशत** | **१००** | **०.५०** | **९.५६** | **८९.९४** | **५७.७३** | |

डिभिजन कार्यालय ८ रहेतापनि महोत्तरीले विवरण नै पेश गरेको छैन भने ३ डिभिजनले आषाढमा भएको खर्च उपलब्ध गराएका छैनन् । बाँकी ७ डिभिजनले रु.१ अर्ब २३ करोड ७० लाख खर्च गरेकोमा प्रथम चौमासिकमा ०.५६ प्रतिशत, दोश्रो चौमासिकमा ९.५६ प्रतिशत र तेश्रो चौमासिकमा ८९.९४ प्रतिशत (रु.१ अर्ब ११ करोड २६ लाख) खर्च गरेको देखियो । तेश्रो चौमासिकमा बढी खर्च गर्ने र सोमध्ये आषाढमै ५८ प्रतिशतदेखि ९२ प्रतिशतसम्म खर्च गरेकोले कामको गुणस्तरमा प्रभाव पर्नसक्ने जोखिम रहने भएकोले त्यसमा नियन्त्रण गर्नुपर्दछ ।

## भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजनहरु

३१. **सिधै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२)मा मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१)(ख) मा सार्वजनिक निकायले एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी ५ लाखभन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन, महोत्तरीले यो वर्ष समरसिवल पम्प, पिभिसि पाइप, कपर तार तथा उपकरण लगायतका रु.१ करोड ५३ लाख ३१ हजारका सामान सोझै खरिद गरी मौज्दात राखेको छ । बजेट फ्रिज हुन नदिने मनसायले खरिद गरी मौज्दात राख्ने कार्य नियन्त्रण गरी उक्त सामान प्रयोग भएको नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

३२. **कर कट्टाः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सम्झौता वा करारमा आपूर्तिहुने वस्तु वा सेवाको भुक्तानी गर्दा पचास (५०) प्रतिशतले हुने मूल्य अभिवृद्धि कर कट्टा गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन, सिराहाले उपभोक्ता समितिमार्फत ३३ आपूर्तकको भुक्तानीमा रु.१६ लाख १४ हजार मूल्य अभिवृद्धि कर कट्टा नगरेकोले सो रकमको कर समायोजन पेश गर्नुपर्दछ।

३३. **मौज्दात रहनेगरी खरीदः** नेपाल सरकार (सचिवस्तर) को २०६२/११/८ को निर्णय अनुसार पाइप तथा फिटिङ्ग/औजार खरिद गर्ने सम्बन्धमा गतविगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने ब्यहोरा उल्लेख छ । भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन, सर्लाहीले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष खरिद गरिएका पाइप, फिटिङ्गस, प्यानल वोर्ड र समरसिवल पम्प लगायतका रु.४९ लाख ३४ हजारका समान मौज्दात देखाएको छ । मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु

३४. **उपभोक्ताबाट खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ। खानेपानी तथा सरसफाई डिभिजन, सर्लाहीले रु.३८ लाख ३९ हजार लागत अनुमान भएको एचडिपिई पाइप उपभोक्ता समिति मार्फत खरिद गरी रु.३७ लाख १० हजार भुक्तानी दिएको छ । बोलपत्रबाट खरिद गर्नुपर्ने सामान उपभोक्ता समितिमार्फत खरिद गरेको अनियमित देखिनुका साथै उक्त सामान उपभोक्ता समितिलाई हस्तान्तरण गरेतापनि हालसम्म जडान कार्य नभई मौज्दात रहेको देखिन्छ। सामान प्रयोग भएको प्रमाण पेश हुनुपर्दछ ।

३५. **पाइप तथा फिटिङ्गस मौज्दातः** पाइप तथा फिटिङ्ग/औजार खरिद गर्दा गतविगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नु पर्दछ । खानेपानी तथा सरसफाई डिभिजन, सर्लाहीले रु.४१ लाख ८१ हजार मूल्य बराबरको पाइप र रु.७५ लाख ६६ हजार मूल्यका विभिन्न साइजका फिटीङ्ग सामान खरिद गरी मौज्दात राखेको छ । त्यसैगरी खानेपानी तथा सरसफाई डिभिजन, महोत्तरीले रु.१ करोड ५९ लाखको फिटिङ्ग र रु.२ करोड १५ लाखको पाइप खरिद गरी मौज्दात राखेको छ । मौज्दात रहने गरी सामान खरिद गर्ने कार्य नियन्त्रण गरी सामान जडान भएको प्रमाण पेश गर्नुपर्दछ।

३६. **पूर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणबाट समयमा कार्य सम्पन्न नभएमा सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन, महोत्तरीले नकटाझिझ खानेपानी आयोजनाको लागि ओभरहेड ट्याकीं निर्माणको लागि एक कन्स्ट्रक्सनसँग २०७६/६/१० सम्ममा कार्य सम्पन्न गर्नेगरी रु.६९ लाख ९० हजारमा सम्झौता गरेकोमा २०७७/९/२० सम्म रु.४९ लाख १३ हजारको मात्र कार्य सम्पन्न भएको छ । उक्त निर्माण कार्यको म्याद थप भएको छैन । सम्झौताको शर्त अनुसार १० प्रतिशतले हुने रु.६ लाख ९९ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

३७. **प्रतिस्पर्धा सीमित हुने गरी खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सामित हुने गरी टुक्रा खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ३१ मा २० लाख भन्दा बढीको सामान बोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन, महोत्तरीले आषाढ महिनामा मात्र रु.७३ लाख ३१ हजारको ईलेक्ट्रोनिक पम्प, पाईप, फिटिङ्गस र सिमेन्ट सिधै खरिद गरेको छ । खानेपानी तथा सरसफाई डिभिजन, सप्तरीले वर्षको अन्तमा २० लाखभन्दा कमका विभिन्न १३ वटा प्याकेज बनाई रु.२ करोड ५८ लाखका विभिन्न साईजका पाइप सिलबन्दी दरभाउपत्रबाट खरिद गरेको छ। नियमावलीको व्यवस्था बिपरित गरेको खरिद कार्य नियमित एवं मितव्ययी देखिएन ।

३८. **उपभोक्ता समिति दर्ताः** खानेपानी नियमावली, २०५० को नियम ३ मा खानेपानी आयोजना सञ्चालनका लागि उपभोक्ता समिति दर्ता हुनुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन, सप्तरीबले दर्ता नभएका १५ उपभोक्ता समितिसँग सम्झौता गरी यो वर्ष रु.१ करोड ६४ लाख ६८ हजारको काम गराएको छ । निर्माण सम्पन्न गरेको आयोजना हस्तान्तरण गरेको छैन । नियमावलीको प्रावधान अनुरुप दर्ता भएका उपभोक्ता समितिसँगमात्र कार्य गराई सम्पन्न आयोजना हस्तान्तरण गर्नुपर्दछ।

३९. **चौमासिक तथा आषाढ महिनाको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (२५) मा चौमासिक रुपमा कार्यक्रम सञ्चालन गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने र कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ । निर्माण कार्यलाई व्यवस्थित, गुणस्तरीय र मितव्ययी बनाउन तोकिएको अवधिमा तोकिएको काम सम्पन्न गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । चौमासिक खर्चको स्थिति यस प्रकार छः-

(रु.हजारमा)

| खानेपानी तथा सरसफाई विकास डिभिजन | कूल खर्च | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | आषाढको खर्च | |
|---|---|---|---|---|---|---|
| | | | | | रकम | प्रतिशत |
| सप्तरी | ८८४१२ | ० | ३२६७८ | ५५७३४ | ० | ० |
| सर्लाही | २६३४१२ | १९१२ | २५६०१ | २३५८९९ | १८०११० | ६८.३७ |
| महोत्तरी | १४८१०३ | ६०२२ | २३८५८ | ११८२२३ | ११३८२८ | ७६.८५ |
| बारा | २०६७२८ | २०७५ | ४२९८० | १६१६७३ | ० | ० |
| **जम्मा** | **७०६६५५** | **१०००९** | **१२५११७** | **५७१५२९** | २९३९३८ | |
| **प्रतिशत** | **१००** | **१.४२** | **१७.७०** | **८०.८८** | | |

डिभिजन कार्यालय ४ ले रु.७० करोड ६६ लाख **५५** हजार खर्च गरेकोमा प्रथम चौमासिकमा १.४२ प्रतिशत, दोश्रो चौमासिकमा १७.७० प्रतिशत र तेश्रो चौमासिकमा ८०.८८ प्रतिशत (रु.५७ करोड १५ लाख २९ हजार) खर्च गरेको देखियो । चारमध्ये दुई डिभिजनले आषाढको खर्च उपलब्ध गराएको छैन। तेश्रो चौमासिक र वर्षान्तमा बढी खर्च गर्दा कामको गुणस्तरमा प्रभाव पर्नसक्ने देखिँदा त्यसमा नियन्त्रण गर्नुपर्दछ ।

## यातायात पुर्वाधार निर्देशनालय धनुषा

४०. **मूल्य समायोजन -** जीतपुर बारास्थित दुधौरा नदी पुल निर्माणका लागि मूल्य अभिवृद्धि करसमेत रु.१३ करोड ३० लाख २० हजार लागत अनुमान तयार गरेकोमा बोलपत्रबाट रु.८ करोड ५९ लाख ६६ हजारको ठेक्का स्वीकृत गरी एक संयुक्त उपक्रम सँग सम्झौता गरेको छ । ठेक्का सम्झौता गर्दा पेश्कीमा समेत मूल्य समायोजन पाउने गरी सम्झौता गरेको देखियो । सडक विभागले ठेक्का सम्झौता गर्दा यस्तो प्रावधान हटाई सम्झौता गर्नुपर्ने परिपत्र गरेको अवस्था समेत देखिँदा पेश्कीमा मूल्य समायोजन नदिने व्यवस्था मिलाउनु पर्दछ ।

## पुर्वाधार विकास कार्यालयहरु

४१. **पूर्व निर्धारित क्षतिपूर्तीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी साधारणतयाः प्रतिदिन सम्झौता रकमको ०.०५प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । सो सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्ः-

४१.१. पुर्वाधार विकास कार्यालय, धनुषाले बालुवा खोला पुल निर्माण गर्ने कार्य एक निर्माण व्यवसायीसँग २०७५।१२।७ सम्म कार्यसम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि कर बाहेक रु.५ करोड ९८ लाख ५३ हजारको सम्झौता गरेको छ । निर्माण व्यवसायीले उक्त म्यादभित्र कार्यसम्पन्न नगरी २०७६।८।१३ मा अन्तिम बिल पेश गरे अनुसार रु.५१ लाख १८ हजार भुक्तानी दिएको छ । निर्माण व्यवसायीले तोकिएको समयभन्दा २४५ दिन ढिला गरी कार्यसम्पन्न गरेको देखिँदा सम्झौता रकमको अधिकतम १० प्रतिशतले हुने रु.५९ लाख ८५ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

४१.२. पुर्वाधार विकास कार्यालय, रौतहटले २०७६/२/२४ देखि म्याद थप नगरेको र निर्माण कार्य सम्पन्न नभएको अवस्थामा गडयौली खोला पुल निर्माणका निर्माण व्यवसायीलाई यो वर्ष रु.७ लाख २५ हजार भुक्तानी दिएको मा पूर्व निर्धारित क्षतिपूर्ति असूल नगरेकोले सम्झौता रकम रु.२ करोड ४२ लाख ८० हजारको १० प्रतिशतले हुने रु.२४ लाख २८ हजार, २०७५/७६ मा म्याद समाप्त भएको अडुवा खोला पुल निर्माणमा यो वर्ष रु.१२ लाख २७ हजार भुक्तानी दिएकोमा पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेकोले उक्त निर्माण व्यवसायीबाट सम्झौता रु.२ करोड ३५ लाख २१ हजारको १०प्रतिशत ले हुने रु.२३ लाख ५२ हजार र गौर-वञ्जराह-औरहिया-डुमरिया सडकमा यो वर्ष रु.१ करोड १९ लाख ९३ हजार भुक्तानी गरेकोमा २०७५/६/२५ देखि म्याद थप नगरेकोले सम्झौता रकम १५ करोड ८४ लाख ३६ हजारको १०प्रतिशत ले हुने रु.१ करोड ५८ लाख ४३ हजार समेत रु.२ करोड ६ लाख २३ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

४२. **ननफाइलर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानी भएको मूल्य अभिवृद्धि करको विवरण भुक्तानी अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पुर्वाधार विकास कार्यालय, धनुषाले एक निर्माण व्यवसालाई चौथो आइ.पि.सि.बाट रु.४ करोड ३३ लाख ३ हजार भुक्तानी दिएको छ । उक्त फर्म २०७५/१०/१७ देखि नन्फाईलर रहेको देखिँदा उक्त भुक्तानी भएको मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

४३. **बढी मूल्यांङ्कन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले सम्झौतानुसार खर्च गरी बिल भरपाई पेश गरेपछि कार्यालयले नापजाँच गरी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, रौतहटले चेक जाँच नगरी उपभोक्ताले ल्याएको सिमेन्टको परिमाण भन्दा बढी परिमाण प्रयोग भएको मूल्यांङ्कन गरी १४ आयोजनाका उपभोक्ता समितिलाई भुक्तानी गरेको रु १७ लाख ४९ हजार, १२ योजनामा उपभोक्ता समितिले पेश गरेको ईटाको बिलभन्दा बढी परिमाण मूल्यांकन गरेको रु ३ लाख ७९ हजार, डण्डी तर्फ सर्लाहि गोडैतामा सडक निर्माण कार्यको रु.४ लाख ५२ हजार, माटो ग्राभेलतर्फ ५ वटा योजनामा उपभोक्ता समितिलाई बढी भुक्तानी दिएको रु.१० लाख २८ हजार र चाँदी खोलामा तटबन्ध निर्माणमा ३२ थान जालीको बढी भुक्तानी भएको रु.३ लाख ८७ हजार समेत रु.३९ लाख ९५ हजार बढी मूल्यांङ्कन गरी भुक्तानी दिएकोले छानविन गरी असुल गर्नुपर्दछ ।

४४. **निजी भवन निर्माण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा कार्यालयबाट गर्ने खर्चलाई मितव्ययी एवं प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, रौतहटले प्रदेश सभाका एक माननीय सांसदको योजनाबाट सामुदायिक रेडियो एकताको भवन निर्माणको लागि रु.११ लाख ३१ हजारको कार्यसम्पन्न गरी रु.९ लाख ८५ हजार भुक्तानी गरेको छ । सरकारी बजेटबाट गैर सरकारी निकायको भवन निर्माण गर्न रकम उपलब्ध गराउने कार्य उपयुक्त देखिएन ।

४५. **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । रु.५ लाख भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। पुर्वाधार विकास कार्यालय, सिराहाले कम्प्युटर खरिदमा रु.१३ लाख ३६ हजार, बाटो निर्माणमा रु.५५ लाख ३७ हजार समेत रु.६८ लाख ७३ हजारको काम विभिन्न १३ फर्म एवं संस्थाबाट सोझै खरिद गरेकोले नियमित देखिएन ।

४६. **दोहोरो खर्चः-** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(८) मा भुक्तानी दिनुपर्व रीत पुगे नपुगेको चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, सिराहाले सुखीपुरे सडक निर्माणको काममा सुखीपुर नगरपालिकाबाट भएको काम रु.१९ लाख ३४ हजार नगरपालिकाले निर्माण व्यवसायीबाट कट्टा गर्न पुर्वाधार कार्यालयलाई अनुरोध गरेकोमा सातौं रनिङ बिलबाट रु.७२ लाख ४० हजार भुक्तानी गर्दा समेत कट्टा नगरेबाट रु.१९ लाख ३४ हजार दोहोरो भुक्तानी भएकोले दामकाम गर्नेलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ।

४७. **बढी मुल्यांकनः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ र सोही नियमावलीको नियम ९८(६) मा प्रचलित बजार दर र खर्च प्रमाणित गर्ने कागजात सहितको प्राविधिक मूल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, सिराहाले जिल्ला दररेटको आधारमा लागत अनुमान र प्राविधिक मूल्यांकन गर्दा प्रचलित बजार दरभन्दा सिराहा र सप्तरी जिल्लाको १८ उपभोक्ता समितिलाई प्रति के.जी. रु.११.७५ का दरले १ लाख ८४ हजार के.जी. स्टिलमा रु.२१ लाख ६२ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

४८. **चौमासिक तथा आषाढ महिनाको खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (२५) मा चौमासिक रुपमा कार्यक्रम सञ्चालन गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने र कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम गर्नुपर्दछ । निर्माण कार्यलाई व्यवस्थित, गुणस्तरीय र मितव्ययी बनाउन तोकिएको अवधिमा तोकिएको काम सम्पन्न गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । चौमासिक खर्चको स्थिति यसप्रकार छः-

(रु.हजारमा)

| पुर्वाधार विकास कार्यालय | कूल खर्च | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | आषाढको खर्च | |
|---|---|---|---|---|---|---|
| | | | | | रकम | प्रतिशत |
| धनुषा | ८९१६१९ | २०५९ | १२४८५६ | ७६४७०४ | ५९८३६० | ६७.११ |
| पर्सा | ९७४०७२ | २५३९ | ९७०४१ | ८७४४९२ | ६८१८८९ | ७०.०० |
| सिराहा | ८०२२१४ | ४०२२१ | ५०३७० | ७११६२३ | ४९८१३६ | ६२.१० |
| रौतहट | ६८००२३ | ० | ४६८१ | ६७५३४२ | ६५६४८५ | ९६.५० |
| **जम्मा** | **३३४७९२८** | **४४८१९** | **२७६९४८** | **३०२६१६१** | **२४३४८७०** | |
| **प्रतिशत** | **१००** | **१.३४** | **८.२७** | **९०.३९** | **७२.७२** | |

यो वर्ष पुर्वाधार विकास कार्यालय ४ ले रु.३ अर्ब ३४ करोड ७९ लाख २८ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा १.३४ प्रतिशत, दोश्रो चौमासिकमा ८.२७ प्रतिशत र तेश्रो चौमासिकमा ९०.३९ प्रतिशत (रु.३ अर्ब २ करोड ६१ लाख ६१ हजार) खर्च गरेको देखियो । तेश्रो चौमासिकमा बढी खर्च गर्ने र सो मध्ये आषाढमै ६२ प्रतिशत देखि ९६ प्रतिशतसम्म खर्च गर्ने परिपाटीले कामको गुणस्तरमा प्रभाव पर्न सक्ने देखिँदा त्यसमा नियन्त्रण गर्नुपर्दछ ।

## पूर्वाधार विकास कार्यालय, सिराहा (२०७५/७६)

४९. **मूल्य अभिवृद्धि कर कट्टि :** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत सम्बन्धित राजश्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले बिभीन्न ५ निर्माण कम्पनीलाई रु.४ करोड ५५ लाख ६१ हजार भुक्तानी गर्दा नियमानुसार ५० प्रतिशत मूल्य अभिबृद्धि कर रु.२६ लाख कट्टी नगरी भुक्तानी दिएको छ। सो रकमको मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्दछ ।

५०. **प्रतिस्पर्धा सिमीतः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमीत नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कार्यालयले प्रतिस्पर्धा सिमीत हुनेगरी रु.५ लाख भित्रका २१ टुक्रा बनाई बाटो निर्माण गरी रु.९८ लाख ९५ हजार खर्च गरेको नियमित देखिएन ।

५१. **सौर्य सडक बत्तीः-** नेपाल सरकार उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, बैकल्पिक उर्जा प्रर्वद्रन केन्द्रको मिति २०७६।०९।१० सन्दर्भ मूल्य सूचनामा ४० बाटको सौर्य सडकबत्ति तराईको जिल्लाको लागि "ग" वर्गको रु.९८ हजार निर्धारण गरेको छ । कार्यालयले ३९ थान सौर्य सडकबत्तिको लागत अनुमान रु.१ लाख ३२ हजारदेखि रु.१ लाख ३६ हजारका दरले तयार गरी सन्दर्भ मूल्यभन्दा रू.१३ लाख ३८ हजार बढी भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

५२. **एसईई सहयोगी कक्षा -** प्रदेश नं २ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को नियम ३(५) मा भौतिक पुर्वाधार, श्रममा आधारीत योजना, सीमान्तकृत लक्षित वर्गको उत्थान कार्यक्रम मात्र सञ्चालन गर्न सकिने व्यवस्था छ । कार्यालयले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको बजेटबाट सोभित्र नपर्ने जिल्लाका विभिन्न विद्यालयहरुमा कोचिङ कक्षा सञ्चालनमा रु.१२ लाख खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५३. **लागत सहभागिता -** प्रदेश नं. २ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को नियम ३(५ग) मा भौतिक पूर्वाधार निर्माण सम्बन्धी योजना/ कार्यक्रममा बाहेक अन्य कार्यक्रममा २० प्रतिशत जनसहभागिता हुनुपर्ने व्यवस्था छ । कार्यालयले भौतिक पूर्वाधार बाहेकका १५ कार्यक्रममा रु.७७ लाख ६९ हजार खर्च गर्दा २० प्रतिशतले रु.१५ लाख ५४ हजार जनसहभागिता हुनुपर्नेमा रु.७ लाख ७७ हजारमात्र लागत साझेदारी गरेकोले बढी भुक्तानी भएको रु.७ लाख ७७ हजार असुल गर्नुपर्दछ ।

५४. **ओभरहेडः -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा लाभग्राही समुदायबाट कार्य गराउँदा लागत अनुमानमा जनसहभागिताको अंश, मूल्य अभिवृद्धि कर, कन्टिन्जेन्सी र ओभरहेड समावेश गरी लागत अनुमान तयार गर्नुपर्ने तर भुक्तानी दिंदा सो बाहेकको रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उद्योग वाणिज्य संघ अतिथि सदनको लागत अनुमान रु.५१ लाख २७ हजारमा १५ प्रतिशत ओभरहेड समावेश गरेकोमा प्रथम र दोस्रो रनिङ बिलबाट रु.२१ लाख ५२ हजार भुक्तानी गर्दा नपाउने ओभरहेड रु.२ लाख ८१ हजार समेत भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

५५. **बढी मूल्यांकनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गरी नियम १२३(१)(ख) अनुसार प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख गरेको वास्तविक कार्यसम्पादनको आधारमा बिल बीजकको भुक्तानी दिने व्यवस्था छ । कार्यालयले विद्यालय, मन्दिर, मस्जिद र खेल मैदानको कम्पाउण्ड वाल लगायत १८ निर्माण कार्यमा ईटाको पर्खाल (१:४) को मूल्याङ्कन गर्दा पिल्लर र बिमले ओगटेको १०१.५७ घनमिटर अंश कट्टा नगरी रु.१५ लाख ९४ हजार भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

५६. **मूल्य अभिबृद्धि करः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिले नतिरेको मूल्य अभिवृद्धि कर दिन मिल्दैन । कार्यालयले फर्माको काममा बीजक बिना विभिन्न ३३ योजनाबाट रु.६ लाख १० हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको असुल गर्नुपर्दछ ।

## शहरी विकास तथा भवन डिभिजन कार्यालयहरु

५७. **कार्यविधि विपरीत पेश्की-** प्रदेश नं २ सरकारले बनाएको "जनता आवास कार्यक्रम कार्यविधि, २०७६" को अनुसूची २ को बुँदा नं.१० मा जनता आवास निर्माण समिति वा सम्बन्धित लाभग्राहीलाई आवासको जग खन्ने कार्य सम्पन्न भएपछि ३५प्रतिशत, सिल (झ्यालको तल्लो भाग)को काम सम्पन्न भएपछि थप ५०प्रतिशत र पूरा कार्य सम्पन्न भएपछि बाँकी १५प्रतिशत सम्बन्धितको खातामा रकम उपलब्ध गराईने व्यवस्था छ । शहरी विकास तथा भवन डिभिजन कार्यालय, धनुषाले कार्यविधि प्रतिकूल हुने गरी सम्झौता हुँनासाथ सम्बन्धित लाभग्राही/समितिलाई पेश्की ३५प्रतिशत र जग खन्ने कार्य सम्पन्न भएपछि थप ५०प्रतिशत पेश्की उपलब्ध गराएको छ । कार्यविधिमा उल्लिखित व्यवस्था अनुसार जग खन्ने काम सम्पन्न गरेपछि ३५प्रतिशत भुक्तानी दिन सकिनेमा ८५प्रतिशत भुक्तानी दिएको छ । यसरी ९६४ घर निर्माणको लागि १७७ निर्माण समितिलाई कार्यविधि अनुसार तोकिएको कार्य सम्पन्न नहुँदै रु.३२ करोड ४० लाख पेश्की उपलब्ध गराएको छ । कार्यविधि विपरित पेश्की भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

५८. **लाभग्राही छनौट-** जनता आवास कार्यक्रम कार्यविधि, २०७६ को सि.नं. ४ तथा अनुसूची १ बमोजिम जनता आवास कार्यक्रमको लाभग्राही छनौट गर्दा लाभग्राहीको जग्गाको स्वामित्व विवादरहित हुनुपर्ने तथा प्राकृतिक जोखिममा रहेका, वन क्षेत्रमा परेका र विवादित घडेरी भएका स्थानमा यो कार्यक्रम सञ्चालन गर्न नपाइने उल्लेख छ । शहरी विकास तथा भवन डिभिजन कार्यालय, धनुषाबाट आर्थिक वर्ष २०७६।७७ मा संचालित कार्यक्रमको अनुगमन एवं अवस्था विश्लेषण अनुसार जग्गा विवाद एवं मुद्दाका कारण १८ स्थानमा आवास निर्माण कार्य अवरुद्ध भएको देखिन्छ । विवादित स्थानको समस्या समाधान गरी निर्माण कार्य गराउनु पर्दछ ।

५९. **प्रथम किस्ता रकम कार्यान्वयन नभएको :-** जनता आवास कार्यक्रम कार्यविधिको सि.नं. १८(ञ) मा निर्माण समितिले स्वीकृत नक्सा बमोजिम भवन निर्माण गराउने तथा निर्माण भए नभएको बारे प्रत्येक किस्ता भुक्तानी गर्दा चेकजाँच गरी अनुदान दिने व्यवस्था छ । यसैगरी स.नं. २२ मा कुनै लाभग्राहीले कुनै कारणवश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको मूल्यांङ्कन गरी आवास निर्माण कार्य सम्पन्न नभएपनि खर्च फरफारक गरिने उल्लेख छ । शहरी विकास तथा भवन डिभिजन कार्यालय, धनुषाले विभिन्न ६१ निर्माण समिति एवं लाभग्राहीलाई आवास निर्माणका लागि प्रथम किस्ता रु.४ करोड १ लाख निकासा उपलब्ध गराएकोमा निर्माण कार्य शुरु गरेको देखिएन । भवनको जग खन्ने कार्यसम्पन्न भएपछि मात्र प्रथम किस्ता दिनुपर्नेमा निर्माण कार्य शुरु नहुँदै पेश्की दिएको कारण उक्त रकम निस्कृय भएको देखियो । कार्यविधि विपरित पेश्की दिनेलाई जिम्मेवार बनाई खर्च नभएको रकम फिर्ता गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालयतर्फ ३१ निकायमा यो वर्ष रु.१ अर्ब १६ करोड ९८ लाख ९ हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.१५ करोड ४४ लाख १६ हजार बेरुजु फर्स्यौट भई रु.१ अर्ब १ करोड ५३ लाख ९३ हजार वेरुजु बाँकी रहेको छ । सो मध्ये रु.३३ करोड २३ लाख १७ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन, खेलकूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २६ कार्यालयको विनियोजन रु.२ अर्ब १८ करोड ६२ लाख ६ हजार, २४ कार्यालयको राजश्व रु.२ करोड ६६ लाख ५४ हजार, २४ कार्यालयको धरौटी रु.४ करोड ७३ लाख १७ हजार, २० कार्यालयको अन्य कारोबार रु.७ करोड ९२ लाख २३ हजारमा समेत रु.२ अर्ब ३३ करोड ९४ लाख १ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यसैगरी संस्था समितितर्फ ७ निकायको रु.१ अर्ब ९८ करोड ७८ लाख ५५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । संघतर्फको कार्यालय ७ लाई दिएको निकासा रु.१२ करोड ७८ लाख ९७ हजार समेत विनियोजन रकममा समावेश छ । लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्ः

१. **नीति तर्जुमा एवं कार्यान्वयन-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार सामाजिक विकास मन्त्रालयले तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने कार्य मध्ये प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, पोषण सम्बन्धी प्रादेशिक नीति, महिला हक सम्बन्धी प्रादेशिक नीति, लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, संस्कृतिको विकास सम्बन्धी नीति, श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति तर्जुमा लगायतको काम बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **बजेट, रकमान्तर र खर्च –** मन्त्रालयको लागि रु.३ अर्ब ९८ करोड ९७ लाख शुरु बजेट विनियोजन भएकोमा रकमान्तर थप समेत रु.५ अर्ब ६५ करोड ७ लाख (४१.६३ प्रतिशत बढी) बजेट कायम गरेको छ । उक्त बजेटबाट जम्मा रु.२ अर्ब ३ करोड ९९ लाख खर्च गरी शुरु बजेटको ५१ प्रतिशत र अन्तिम बजेटको ३६.१० प्रतिशत मात्र खर्च गरेको छ । खर्च गर्न नसक्ने गरी बजेट थप गर्ने कार्य उचित देखिएन ।

३. **एकीकृत वित्तीय विवरणः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ (२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने र पेश गर्न नसिकने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुनसक्ने व्यवस्था छ । त्यति गर्दा पनि वित्तीय विवरण पेश नगरेमा विभागीय कारवाही समेत हुनसक्ने व्यवस्था छ । मन्त्रालयले तोकिएको अवधिमा एकीकृत वित्तीय विवरण तयार नगरेको, म्याद थपका लागि पत्राचार पनि नगरेको अवस्था छ । यसबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम समयमै वित्तीय विवरण पेश गर्नुपर्दछ ।

४. **कार्य सञ्चालनस्तरका कार्य** - मन्त्रालयको प्रमुख जिम्मेवारी ऐन, कानुन एवं नीति तर्जुमा एवं कार्यान्वयन, प्रगति प्रतिवेदनको मूल्यांकन तथा मातहत कार्यालयबाट संचालित कामको अनुगमन गर्ने रहेको छ । नीति निर्माण एवं अनुगमनको जिम्मेवारी रहेको मन्त्रालयले मातहत निकायबाट सञ्चालन गर्नुपर्ने नमूना विद्यालय भवन निर्माण, प्रदेश भित्रका क्याम्पस, सामुदायिक विद्यालय निर्माण, जनकपुर अस्पतालको भवन निर्माण तथा वि.एस.सी नसिङ्ग सञ्चालन, सामुदायिक भवन, धर्मशाला, दालान, दलित बस्ती निर्माण, ६ जिल्लाका अस्पतालको स्तरोन्नति र उपकरण खरिद र बीउ पुँजीको व्यवस्थापन लगायतका कार्यक्रम आफैंले सञ्चालन गर्ने गरी रु.६३ करोड ७२ लाख बजेट विनियोजन गरेको छ । मातहत कार्यालयबाट गराउने कार्य मन्त्रालय आफैंले गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५. **केन्द्रीय प्रगति विवरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट बार्षिक प्रगतिको विवरण लिई नियम २६ अनुसार सबै कार्यालयबाट प्राप्त विवरणको एकीकृत रुपमा केन्द्रीय स्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट प्रगति विवरण लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण समग्र खर्च र उपलब्धिको अवस्था मूल्यांङ्कन गर्न सकिएन । नियमावलीको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

६. **आन्तरिक नियन्त्रण**ः प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० (१) मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफू र आफ्नो मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, अनुगमन र नियन्त्रण जस्ता विषय समेटिनु पर्दछ । मन्त्रालययले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन नगरेकोले मन्त्रलायमा आइपर्ने जोखिम नियन्त्रण हुन सकेको देखिएन ।

७. **निष्कृय बजेट**ः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ (१) मा आफ्नो कार्यालयको बजेट लक्ष्य अनुसार खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकारीको हुने व्यवस्था छ । मन्त्रालयले सःशर्त अनुदान चालु शीर्षकको गैह्र आवासिय भवन निर्माण/खरिदको लागि रु.३ करोड ६४ लाख ७२ हजार बजेट व्यवस्था गरेकोमा यो वर्ष कुनै पनि कार्यक्रम सञ्चालन नगरी बजेट खर्च भएको छैन ।

८. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ वमोजिम मन्त्रालयले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लागत तथा मातहत कार्यालयबाट प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालयले सो प्रतिवेदन तयार गरी पठाएको देखिएन। सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

९. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । मन्त्रालयले उक्त जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन । योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कर्यान्वयन निकाय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न

नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनुपर्दछ ।

१०. **वार्षिक कार्यसम्पादन प्रतिवेदन -** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९०(१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आर्थिक कारोबार (नगदी, जिन्सी, आयव्यय) को अनुसूची - २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ९१ बमोजिम वार्षिक कार्यसम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन जसबाट मन्त्रालयको आर्थिक कारोबार, फस्यौंट गर्न बाँकी बेरुजु, जिन्सी एवं धरौटीको अवस्था एकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन तयार गरी समयमै पठाउनुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

११. **आर्थिक सहायता -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ अनुसार मन्त्रालयले कार्यक्रम स्वीकृत गरी एल.एम.वि.आई.एस प्रविष्टी गरेर मात्र खर्च गर्नुपर्दछ । मन्त्रालयले कार्यक्रम स्वीकृत नगरी अन्य अनुदान खर्च शीर्षकबाट मन्त्रिपरिषद्को विभिन्न मितिको निर्णयको आधारमा हिन्दी मन्च नेपाललाई अन्तर्राष्टिय हिन्दी सम्मेलन गर्नको लागि आर्थिक सहायता वापत रु.१० लाख, श्री युनाईटेड क्रिकेट क्लव वीरगंजलाई क्रिकेट प्रतियोगिता आयोजनाकोलागि अनुदान रु.५ लाख र सर्लाही जिल्लाका एक लोकगायकलाई आर्थिक सहयोगार्थ रु.५ लाख भुक्तानी दिएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । साथै हिन्दी सम्मेलन र क्रिकेट सञ्चालन गर्न दिएको रकम सम्बन्धित कार्यमा खर्च गरे नगरेको र लेखापरीक्षण गराए नगराएको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

१२. **जिन्सी व्यवस्थापन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी मालसामान के कस्तो अवस्थामा छन कार्यालय प्रमुखले एक वर्षमा कम्तिमा एक पटक आफैं वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकबाट निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । सोही नियमावलीको उपनियम ३ मा जिन्सी निरीक्षण प्राप्त भए पछि त्यसमा उल्लेखित लिलाम विक्रि गर्नुपर्ने मालसामान भए ६ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए ३ महिनाभित्र गरी सक्नुपर्ने उल्लेख छ। यो वर्ष कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन लिएको देखिएन । जसबाट अस्पतालमा के कति जिन्सी सामानहरु कस्तो अवस्थामा रहेका छन् मूल्यांकन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुरुप जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१३. **मूल्य अभिवृद्धि कर समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार कट्टा गरिएको रिटेन्सन मनी फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालमा कर विवरण पेश गरेको कागजात पेश गरेपछि मात्र भुक्तानी गर्नुपर्दछ । मन्त्रालयले मूल्य अभिवृद्धि कर समायोजन बेगर रु.११ लाख ४८ हजार धरौटी फिर्ता गरेकोमा उक्त मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश गर्नुपर्दछ ।

## कोभिड-१९ तर्फको कारोबार

१४. **आम्दानी र लेखापरीक्षण -** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको आर्थिक वर्ष २०७६/७७ को आय-व्यय विवरण अनुसार सामाजिक विकास मन्त्रालयबाट रु.२५ करोड र प्रदेश स्थित संघ, संस्था वा कार्यालयबाट सहयोग प्राप्त रु.३ करोड ९७ लाख ६० हजारसमेत रु.२८

करोड ९७ लाख ६० हजार आम्दानी भएकोमा रु.१८ करोड ५४ लाख ८० हजार निकासा खर्च गरी कोषमा रु.१० करोड ४२ लाख ८० हजार मौज्दात रहेको छ ।

कोषबाट भएको खर्चमध्ये रु.८५ लाख ७७ हजार मन्त्रालयमा र रु.७२ लाख विविध खातामा ट्रान्सफर गरी खर्च गरेको छ । कोभिड-१९ रोकथाम तथा उपचार सम्बन्धी विभिन्न कार्य गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने गरी मध्येपूर्वी पृतना हेडक्वाटर- बर्दिवास, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विभिन्न १० अस्पताल, भिम दल गण सप्तरी, वि.पि. मेमोरियल पोलिटेक्निक इन्स्टिच्युट र स्वास्थ्य कार्यालय रौतहटलाई रु.१६ करोड ९७ लाख ४ हजार निकासा दिएको छ । उक्त रकम सम्बन्धित निकायले विविध खातामा आम्दानी गरी लेखापरीक्षण गराए नगराएको सम्बन्धमा मन्त्रालयले सुनिश्चित गर्नुपर्दछ ।

१५. **मिडिया ब्रिफिङ सेवा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सार्वजनिक निकायले एक लाख रुपैयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तीमा तीनवटा परामर्शदाताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) वमोजिम खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ ।

कोरोना भाइरस (Covid-१९) महामारी रोकथाम, नियन्त्रण र उपचारकोलागि तथ्याङ्क र सूचना सहित मिडिया ब्रिफिङको लागि एक प्रोडक्सन हाउस प्रा.लि. लाई सोझै छनौट गरी रु.९ लाख ८० हजार र अर्को एक प्रालिलाई रु.१२ लाख ६० हजार भुक्तानी दिएको छ । उक्त प्रा.लि आफैंले तयार गरी प्रसारण गर्ने उक्त ब्रिफिङ्ग नेपाल टेलिभिजन इटहरी, रेडियो नेपाल वर्दिवास र सामुदायिक रेडियो प्रशारण संघ लगायतका संचारका माध्यमबाट समेत निःशुल्क प्रत्यक्ष प्रशारण गर्ने व्यवस्था मिलाउने सम्झौतामा उल्लेख छ । सो अनुसार प्रसारण गराएको पुष्टि हुने प्रमाण पेश गरेको छैन ।

१६. **भिडियो समाग्री उत्पादन, प्रशारण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६(क) बमोजिमको मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले परामर्शदाताबाट लिखितरुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग बेगर कोरोना भाइरस (Covid-१९) महामारी रोकथाम, नियन्त्रण र उपचारको विषयमा भिडियो सामग्री उत्पादन, प्रसारणको कार्य गर्न सोझै २ परामर्शदाता छनौट गरी रु.१३ लाख ३५ हजार भुक्तानी गरेको छ । भिडियो सामग्री उत्पादन गरेको कुनै प्रमाण मन्त्रालयमा पेश गरेको छैन । संदेश प्रसारण गर्ने एफ.एम रेडियोहरुले दैनिक प्रसारण तालिका समेत मन्त्रालयमा पेश गर्नुपर्ने सम्झौता गरेकोमा प्रसारण भएको प्रमाण संलग्न नगरी भुक्तानी गरेको नियमित देखिएन ।

१७. **दाखिला प्रमाण-** सामाजिक विकास मन्त्रालय प्रदेश-२ को अनुरोधमा मध्येपूर्वी पृतना हेडक्वाटर बर्दिवासले विभिन्न स्थानमा स्थापना भएका क्वारेन्टाइनलाई सामान खरिद गरी मन्त्रालयलाई उपलब्ध गराएको भनी एक ट्रेडर्सको बिल अनुसार समर सिरक-१ हजार, झुल-१ हजार, तन्ना/सिरानीको खोल-१ हजार र सिरानी-१ हजार थानको रु.२६ लाख ५ हजार भुक्तानी माग गरेको आधारमा मन्त्रालयले उक्त ट्रेडिङ्गलाई सो रकम भुक्तानी दिएको छ । त्यसैगरी मेट्रेस(३६*७२*३) थान १ हजार ढुवानी समेत रु.३ हजार ५६३/- का दरले एक इण्डष्ट्रिजबाट खरिद गरी मन्त्रालयमा उपलब्ध गराएको भनी रु.३५ लाख ६३ हजार समेत रु.६१ लाख ६८ हजार मन्त्रालयले भुक्तानी दिएको छ । उक्त सामान दाखिला तथा प्रयोग गरेको स्थान खुलाएको छैन । दाखिला तथा प्रयोगको अवस्था खुल्ने प्रमाण पेश गर्नुपर्दछ ।

१८. **स्वास्थ्य कार्यालयलाई अनुदान-** मन्त्रालयले कोभिड- १९ रोकथाम नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा प्रदेश २ अन्तर्गतका आठवटै जिल्ला स्वास्थ्य कार्यालयहरुलाई केस इन्भेष्टिकेशन एण्ड कन्टयाक्ट ट्रेसिङ्गको लागि चिकित्सक स्वास्थ्यकर्मी परिचालन खर्च वापत मन्त्रालयको मिति २०७७/३/२१ को निर्णयानुसार प्रति कार्यालय रु.२ लाखका दरले रु.१६ लाख निकासा दिएको छ । उक्त निकासा एल.एम.वि.आई.एस. मार्फत निकासा नभई सोझै स्वास्थ्य कार्यालयको नाममा चेक काटेर भुक्तानी दिएकोले ती स्वास्थ्य कार्यालयले आफ्नो खातामा आम्दानी बाँधी लेखापरीक्षण गराएको प्रमाण पेश गर्नुपर्दछ ।

## स्वास्थ्य निर्देशनालय, धनुषा

१९. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रक्रियामा सबैलाई सहभागी हुने अवसर प्रदान गरी प्रतिस्पर्धा बाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान नबनाई रजिष्टर, व्यानर, ब्रोसर, क्यालेण्डर लगायत स्टेस्नरी सामान टुक्रा टुक्रा पारी सोझै खरिद गरी रु.२१ लाख ३६ हजार खर्च लेखेको देखियो । लागत अनुमान तयार गरी प्रतिस्पर्धाबाट खरिद गर्नुपर्दछ ।

२०. **बार्षिक प्रतिवेदन** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९० मा बार्षिक आर्थिक कारोबारको प्रतिवेदन र नियम ९१ मा वार्षिक कार्य सम्पादन प्रतिवेदन अर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो अनुसार को प्रतिवेदन तयार गरेको छैन । कार्यालयको समग्र आर्थिक कारोबार, वेरुजु र बेरुजु फस्यौंटको अवस्था, जिन्सीको मर्मत एवं जिन्सीको अवस्था, स्वीकृत कार्यक्रम र प्रगतिको अवस्था, मुल्याङकन गर्न सकिएन । नियमावलीको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

## प्रादेशिक अस्पताल, जनकपुर

२१. **बिल भरपाई -** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) बमोजिम कुनै रकमको भुक्तानी दिँदा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने र ३६(८) बमोजिम रीत पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्दछ । अस्पतालले सादा कागजमा कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, अन्य भत्ता र विद्युत प्राधिकरणको भुक्तानी उल्लेख गरी रु.१ करोड ४१ लाख ३८ हजार खर्च लेखेको छ । लेखापरीक्षणको क्रममा उक्त खर्चको स्रेस्ता माग गर्दा पेश भएन । उक्त खर्चको श्रेस्ता पेश गर्नुपर्दछ ।

२२. **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) मा लागत अनुमानको १५प्रतिशत सम्म घटेर ठेक्का अङ्क कवोल गरेमा कवोल अङ्कको ५प्रतिशत र सोभन्दा बढी घटेर कवोल गरेको अवस्थामा १५ प्रतिशतभन्दा बढी जति घटेर कवोल गरेको छ सोको ५० प्रतिशत ले हुन आउने रकम कवोल अङ्कको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत लिनुपर्ने व्यवस्था छ । अस्पतालले कम्पाउण्ड वाल निर्माण, जेनेरेटर रुम निर्माण, आई.सि.यु विल्डिङ्ग र पश्चिम गेट एवं पाले घर निर्माण कार्यको ठेक्का सम्झौता गर्दा निर्माण व्यवसायीबाट ऐनको व्यवस्था अनुसार रु.३९ लाख १७ हजार लिनुपर्नेमा रु.१२ लाख ९९ हजार घटी जमानत लिई सम्झौता गरेको छ । समयमा काम सम्पन्न नगरेमा जोखिम समेत बढ्न जाने अवस्था देखिएकोले कार्य सम्पादन जमानत थप गर्नुपर्दछ ।

२३. **जमानतको म्याद -** कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधिभन्दा १ वर्ष पछिसम्म कार्यसम्पादन जमानत र पेश्की फर्स्यौट नहुँदा सम्म पेश्की जमानतको म्याद थप गर्नुपर्नेमा आई.सि.यु भवन मर्मत एवं निर्माणको कार्यसम्पादन जमानत रु.९ लाख ३९ हजारको म्याद ३/१२/२०२० देखि र पश्चिम गेट एवं पालेघर निर्माण पेश्की रु.४ लाखको म्याद २३/९/२०२० देखि समाप्त भएको देखिँदा निर्माण कार्य जोखिममा परेको छ । समयमा म्याद थप गर्न कारवाही नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाई म्याद थपको प्रमाण पेश गर्नुपर्दछ।

२४. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(४) मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने र नियम ८५(४) मा कम्तिमा ३ बटा फर्मबाट दरभाउपत्र लिई रु.५ लाखसम्मको परामर्श सेवा लिन सकिने व्यवस्था छ । अस्पतालले क्यान्टिन विल्डिङ्ग र नर्सिङ्ग विल्डिङ्ग ईन्डोर आउटडोरको सर्भे डिजाईन र लागत अनुमानको लागि परामर्श सेवा खरिद गर्दा नियम १२(४) अनुसार लागत अनुमान तयार नगरेको, परामर्श सेवा आवश्यक नपर्ने सामान्य कामको लागि परामर्श सेवा लिएको, परामर्शदाताले सर्भे डिजाईन र लागत अनुमान तयार गर्ने उल्लेख भएकोमा लागत अनुमान मात्रको प्रतिवेदन उपलव्ध गराएको अवस्थामा ५० प्रतिशत मात्र कामको भुक्तानी गर्नुपर्नेमा पुरै रु.९ लाख ४४ हजार भुक्तानी दिएकोले दामासाहीले रु.४ लाख ७२ हजार असुल गर्नुपर्ने देखिन्छ ।

२५. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को नियम ८५ अनुसार रु.२० लाखसम्मको औषधि सोझै खरिद गर्न सकिने व्यवस्था भएकोमा अस्पतालले विभिन्न ३५ फर्मबाट पटक - पटक रुं२० लाख भन्दाबढी रु.१ करोड २४ लाखको विभिन्न औषधि एवं उपकरण खरिद गरेको छ । नियममा तोकिएको सीमा समेतलाई नाघी खर्च गर्नु उपयुक्त देखिएन । सीमा भन्दा बढीको खरिद कार्य प्रतिस्पर्धाबाट गर्नुपर्दछ ।

२६. **नभएको कामको भुक्तानी** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा भुक्तानी पूर्व रीत पुगे नपुगेको चेकजाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । क्यान्टिन भवन निर्माणका एक कन्स्ट्रक्सनलाई दोश्रो तथा अन्तिम बिलको रु.२१ लाख ७१ हजार भुक्तानी गर्दा काम सम्पन्न गरेको भनी भुक्तानी गरेकोमा भवन निरीक्षण गर्दा पार्टेसन र ढोका राख्ने काम गरेको देखिएन । नभएको कामको भुक्तानी गर्नेलाई कानुन बमोजिम कारवाही गरी रु.४ लाख ४ हजार असुल गर्नुपर्दछ ।

२७. **सटर भाडा -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा राजश्वको लेखा अद्यावधिक गरी असुल एवं दाखिला गर्नुपर्ने र नियम १३ मा आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र असुल गर्न बाँकी राजश्वको कच्चावारी तयार एवं भिडान गरी राजश्वको आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विगतमा गरेको सटरभाडा सम्बन्धी सम्झौताको अभिलेख राखेको छैन । लेखापरीक्षणको समयमा कार्यालय र विभिन्न १९ व्यवसायीसँग भएको सम्झौता अनुसार एक आर्थिक वर्षको रु.५० लाख ५३ हजार भाडा प्राप्त हुनुपर्ने देखिन्छ । गत विगतको असुल गर्न बाँकी रु.७० लाख ५३ हजार उल्लेख गरेकोमा अभिलेख प्रमाणित नगरेकोले एकीन गर्ने आधार भएन । विगतदेखि असुल गर्नुपर्ने बाँकी राजश्व रु.७० लाख ५३ हजार र आर्थिक वर्ष २०७६/७७ मा सम्झौता अनुसार हुने रु.५० लाख ५३ हजार मध्ये यो वर्ष असूली रु.२९ लाख ११ हजार कट्टा गरी बाँकी रु.२१ लाख ४२ हजार समेत रु.९१ लाख ९५ हजार असुल गर्नुपर्दछ ।

२८. **करारको कर्मचारीहरुको महगी भत्ता -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं २१७ मिति २०७४/१/२५ को परिपत्र अनुसार करारको कर्मचारीहरुलाई एक महिनाको पारिश्रमिक वरावरको रकम चाडपर्व खर्च र सालवसाली रुपमा चैत्र महिनामा निजामती कर्मचारी सरह पोशाक भत्ता बाहेक अन्य भत्ता भुक्तानी दिन नमिल्ने उल्लेख छ । अस्पतालले समिति तर्फ करारमा कार्यरत ५२ कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा परिपत्र अनुसार भुक्तानी दिन नमिल्ने मंहगी भत्ता रु.१४ लाख ५७ हजार भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

## कोभिड-१९ तर्फको कारोबार

२९. **कोभिड-१९को आय व्यय-** सामाजिक विकास मन्त्रालयबाट रु.५ करोड ९६ लाख २१ हजार र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट रु.२० लाखसमेत रु.६ करोड १६ लाख २१ हजार आम्दानी भएकोमा करार डाक्टर नर्सको तलब रु.३२ लाख ६६ हजार, डाक्टर, नर्स होटल बस्दाको खाना रु.३८ लाख ९५ हजार, क्वारेन्टिन निर्माण सुधार रु.२४ लाख ४५ हजार र अन्यमा रु.४२ लाख १९ हजार खर्च गरी रु.४ करोड ७७ लाख ९६ हजार मौज्दात बाँकी रहेको छ ।

सार्वजनिक खरिद नियमावलीको नियम १० अनुसार लागत अनुमान तयार गरी निर्माण कार्य गर्नुपर्दछ । कार्यालयले कोभिड - १९ को लागि नर्सिङ्गकलेज जनकपुरलाई क्वारेन्टिन को रुपमा परीवर्तन गर्न आवश्यक सामान खरिद गरी रु.२४ लाख ४५ हजार खर्च गरेको छ । खर्च गर्नुपूर्व लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरी सिधै सामान खरिद गरी प्रयोग गरेबाट वास्तविक लागत यकिन भएन । लागत अनुमान एवं कार्यसम्पन्न प्रमाण बेगर खर्च लेखेको रकम अनियमित देखिन्छ ।

## मलंगवा अस्पताल, सर्लाही

३०. **आन्तरिक आम्दानीः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २४ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा भोलिपल्ट यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । नगद प्राप्त भएको १५ दिनभन्दा बढी ढिला गरी दाखिला गरेमा २५ प्रतिशत जरिवाना थप गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । अस्पताल विकास सिमितिको यस वर्ष प्राप्त आम्दानीमध्ये रु.१५ लाख ५० हजार नगद बाँकी देखिन्छ । अस्पतालले जिम्मेवार व्यक्ति एकीन गरी ऐनको व्यवस्था अनुरुप २५ प्रतिशत जिरवाना समेत थप गरी समितिको खातामा दाखिला गर्नुपर्दछ ।

३१. **सटरभाडा-** अस्पताल विकास समितिले २०६९।७० सालदेखि मासिक सटर भाडा निर्धारण गरी ८ जनासँग सम्झौता गरेकोमा उक्त सम्झौता नविकरण गरी समायानुकूल प्रचलित बजारदरमा भाडा असुल गर्नुपर्नेमा समितिको २०७३ भाद्र ३१ गतेको निर्णयले २०७३ असोज १ गतेदेखि मासिक रु.५ हजार कायम गरे पश्चात सम्झौता नविकरण र भाडा दर परिमार्जन गरेको छैन । लेखापरीक्षणमा प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७६।७७ सम्मको असुल हुन बाँकी सटर भाडा विजुली महसुल र जरिवाना रु ११ लाख ४३ हजार असुल गर्नुपर्दछ ।

३२. **उपकरणको प्रयोग -** अस्पतालको स्थलगत अवलोकन गर्दा अस्पतालले यो वर्ष बोलपत्रबाट खरिद गरेका हेमाटोलोजी एनालाईजर, ल्याप्रोस्कोप सिस्टम, बायोकेमेस्टी एनालाईजर, अटोमेटिक बायोसेफ्टी क्याविनेट, क्लियासिस्टम कल्चर मेशिन ब्लड बैंक रेफ्रिजेनेशन जस्ता रु.१ करोड ५० लाख ६४

हजारका प्याथोलोजिक औजार उपकरण सञ्चालनमा ल्याएको छैन । खरिद गरिएका उपकरण सञ्चालन गर्न भवन अभाव भएको र ल्याप्रोस्कोप सिस्टम सञ्चालन गर्ने कर्मचारी नै नभएको कारण सञ्चालनमा ल्याउन नसकीएको जनाएको छ । सेवा प्रवाहको लागि आवश्यक मेसिन उपकरण खरिद गरी उपयोग नगर्दा सेवा प्रवाहमा असर पर्ने देखिएको छ । खरिद गरिएको मेशिन उपयोगको लागि आवश्यक कारवाही गर्नुपर्दछ ।

## स्वास्थ्य कार्यालयहरु

३३. **बढी भुक्तानीः** कार्यालयले तालीम, गोष्ठी तथा सेमिनार सञ्चालन गर्दा अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७५ मा उल्लेखित नर्म्स बमोजिम गर्नुपर्दछ । सहभागी भत्ता, खाजा स्टेसनरी लगायतको दैनिक रु.७००.०० मात्र पाउने उल्लेख छ । स्वास्थ्य कार्यालय, बाराले भ्याक्सिनेटर तथा माईक्रोप्लानिङ तालिम र हात्तिपाईले योजना तर्जुमा गोष्ठी सञ्चालन गरी रु.२३ लाख ४४ हजार पेश्की फर्स्यौट गर्दा भ्याक्सिनेटर तथा माईक्रोप्लानिङ तालिममा सहभागी भत्ता र खाजा खर्चमा नर्मस भन्दा बढी रु.९ लाख ७७ हजार, दाखिला गर्न बाँकी कर र बिल भरपाई नपूग रु.१ लाख ८३ हजार साथै हात्तिपाईले योजना तर्जुमा गोष्ठी तर्फ सहभागी भत्ता र स्टेसनरीमा नर्मस भन्दा बढी रु.१ लाख १८ हजार करकट्टि दाखिला गर्न बाँकी ४३ हजारसमेत रु.१३ लाख २१ हजार बढी खर्च लेखेकोले असुल गर्नुपर्दछ ।

३४. **रमानापछि कर्मचारीलाई तलब खर्चः** स्वास्थ्य कार्यालय, महोत्तरीले मिति २०७६।१०।२६ च.नं. ३६८ बाट औरही गाउँपालिका धनुषामा मिति २०७६।१०।२७ देखि लागु हुने गरी रमाना भएका ल्याब असिष्टेन्ट निरीक्षक (अधिकृत छैठौं) तहका १ कर्मचारीलाई २०७६ फाल्गुणदेखि २०७७ आषाढ मसान्तसम्म ५ महिनाको मासिक तलब, ग्रेड, क.सं. कोष र मंहगी भत्ता समेत रु.२ लाख ८१ हजार भुक्तानी गरेको देखियो । निजले हाल कार्यरत गाउँपालिकाबाट सो रकम भुक्तानी नलिएको प्रमाण बेगर करकट्टी बाहेक भुक्तानी दिएको रु.२ लाख ७८ हजार असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

## कोभिड-१९ तर्फको कारोबार

३५. **प्रोत्साहन भत्ताः** कोभिड-१९ को रोकथाम नियन्त्रण र व्यवस्थापन गर्न प्रदेश संचितकोषबाट रु.४० लाख र प्रदेश कोभिड कोषबाट रु.२ लाख गरी कूल रु.४२ लाख वजेट व्यवस्था भएकोमा आषाढ मसान्तसम्म रु.३० लाख ४६ हजार खर्च भएको छ । नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसको संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७ वमोजिम जोखिम भत्ता भुक्तानी गर्दा दफा ७ को उपदफा (ङ) वमोजिम जनशक्तिलाई शुरु तलब स्केलको ५० प्रतिशत दिनुपर्नेमा स्वास्थ्य कार्यालय, महोत्तरीले चैत्र ११ देखि आषाढ मसान्तसम्म ५०, ७५ र १०० प्रतिशतका दरले रु.१६ लाख ३० हजार भुक्तानी गरेकोमा १५ जना कर्मचारीलाई ५० प्रतिशत भन्दा बढी भुक्तानी दिएको रु.५ लाख ३ हजार छ ।

३६. **दोहोरो सुविधाः** नेपाल सरकारले कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापन गर्न २०७६ चैत्र ११ देखि २०७७ आषाढ मसान्तसम्म देशभर लकडाउन घोषणा गरी अत्यावश्यक सेवादेखि बाहेक सरकारको नियमित कार्यक्रम स्थगित गरी कोभिड-१९ को रोकथाम नियन्त्रण र व्यवस्थापनमा साधन श्रोत र जनशक्ति परिचालन गर्ने निर्देशन अनुसार स्वास्थ्य कार्यालय, महोत्तरीको १९ जना कर्मचारीहरुले शुरु तलबको ५० प्रतिशतदेखि ७५ प्रतिशतसम्म रु.१६ लाख ३० हजार भत्ता खर्च

लेखेको छ । सोही अवधिमा जिल्लाभर कोरोना अनुगमन तथा व्यवस्थापन गर्न खटिएको, क्षयरोग कुष्ठरोग हात्तिपाईले कार्यक्रम अनुगमन तथा क्वारेन्टाइनको अनुगमन लगायतका कार्यक्रममा खटिएको भनी स्वीकृत भ्रमण आदेश र बिल बमोजिम १२ जना कर्मचारीलाई न्यूनतम रु.११ हजारदेखि अधिकतम रु.३ लाख ७३ हजारसम्म दैनिक भ्रमण भत्ता भुक्तानी दिएको छ । नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा विभिन्न ५ कर्मचारीले एकै दिनमा फरक फरक कामको लागि भ्रमण आदेश स्वीकृत गरी दोहोरो रु.४ लाख ४९ हजार भुक्तानी गरेकोले दोहोरो खर्च गर्ने र गराउनेलाई आवश्यक कारवाही गरी उक्त रकम असुल गर्नुपर्दछ ।

## प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, धनुषा

३७. **कार्य सम्पादन जमानतः -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) मा बोलपत्र स्वीकृत भई सम्झौता गर्नु पूर्व कवोल रकमको ५ प्रतिशत कार्यसम्पादन जमानत राख्नुपर्ने व्यवस्था छ। यदि ठेक्का लागत अनुमानको तुलनामा १५ प्रतिशतभन्दा बढी घटेर कवोल गरेको अवस्थामा १५ प्रतिशतभन्दा जति रकमले घटी कवोल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कवोल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालयले ५ ठेक्कामा ऐन अनुसार लिनुपर्ने भन्दा रु.१६ लाख ४३ हजार घटी कार्यसम्पादन जमानत लिई सम्झौता गरेको छ । समयमा काम सम्पन्न नगरेमा जोखिम समेत बढ्न जाने अवस्था देखिएकोले कार्य सम्पादन जमानत थप गर्नुपर्दछ ।

## कोभिड-१९ तर्फको कारोबार

३८. **जोखिम भत्ता -** प्रदेश मन्त्रीपरिषद्को २०७६/१२/२० को निर्णयमा प्रयोगशाला स्वास्थ्य परीक्षण र उपचारमा प्रत्यक्ष खटिने डाक्टर, नर्स र स्वास्थ्यकर्मीलाई १०० प्रतिशत, सो काममा सहयोग गर्ने प्राविधिक कर्मचारीलाई ७५ प्रतिशत र सो बाहेक अन्य जनशक्तिलाई शुरु तलबमानको ५० प्रतिशत जोखिम भत्ता भुक्तानी दिने उल्लेख छ । उक्त व्यवस्था अनुसार सहयोग गर्ने अन्य कर्मचारीलाई ५० प्रतिशतभन्दा बढी भत्ता दिन मिल्ने देखिदैन । कार्यालयले प्रशासनिक तर्फको ७ कर्मचारीलाई ७५प्रतिशत ले खर्च लेखी रु.१ लाख ३४ हजार बढी खर्च लेखेकोले असुल गर्नुपर्ने देखिएको छ ।

३९. **कोभिड नियन्त्रण तथा व्यवस्थापन खाता -** सामाजिक विकास मन्त्रालयबाट केन्द्रलाई कोभिड-१९ नियन्त्रण एवं व्यवस्थापन गर्न रु.३ करोड ५ लाख निकासा गरेकोमा केन्द्रले आषाढ मसान्तभित्र रु.२ करोड ८० लाख आम्दानी देखाई आय-व्यय विवरण तयार गरेको छ । बाँकी रु.२५ लाखको चेक २०७७ श्रावण १२ मा जम्मा भएको छ । यो वर्ष जम्मा भएको रु.२ करोड ८० लाख मध्ये केन्द्रले रु.४१ लाख ३८ हजार खर्च गरी रु.२ करोड ३८ लाख ६२ हजार जिम्मेवारी सारेको छ । उक्त खर्चको परीक्षण गर्दा देखिएका व्यहोरा यसप्रकार छन्:-

३९.१. सामाजिक विकास मन्त्रालयको उक्त कोषबाट जनकपुर र राजविराजमा स्थापित प्रयोगशालामा पि.सि.आर. मेशिन जडान गर्न र गौर अस्पतालमा प्रयोगशाला स्थापना गर्न रु.२ करोड ३० लाख रकम निकासा गरेकोमा उक्त रकम खर्च नभई मौज्दात रहेको छ ।

३९.२. श्रीनाथ गण महेन्द्रनगर व्यारेक धनुषालाई नगराईन नगरपालिका वडा नं ५ स्थित गंगलीयामा खडा भएको प्रादेशिक क्यारेन्टाइनमा २०७७/१/१ देखि १/३१ सम्म भर्ना भएका विरामीलाई सामान

उपलब्ध गराएको रु.३ लाख ४ हजारको चेक पठाएको छ । गणले उक्त रकमको लेखापरीक्षण गराएको प्रमाण तथा आपुर्तकको विजक सहित भुक्तानी भएको प्रमाण पेश गरेको छैन । खर्चको प्रमाण पेश हुनुपर्दछ ।

३९.३. **नन फाइलर-** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । नगराईन आयुर्वेद मेडिकल कलेज क्यारेन्टाइन व्यवस्थापन र सपही धनुषा आइसोलेसन केन्द्र व्यवस्थापन गर्न दुइ कर्मचारीको पेश्की फस्यौंट गर्दा सामान कार्यालयको कोभिड रजिष्टरमा आम्दानी गरी प्रयोग गरेको छ । तीन सप्लायर्सबाट आवस्यक सामाग्री खरिद गरेको उक्त फर्म नन् फाइलर देखिएकोले आपुर्तिकर्तालाई भुक्तानी गरेको रु.३ लाख ४० हजार को मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

४०. **कोभिडका सामान खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ मा उल्लेखित विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार कोभिड १९ ले सृजना गरेको विशेष परिस्थितिको कारण केन्द्रले ३ देखि ५ फर्मबाट दररेट माग गरी पि.पि.ई सेट रेगुलर, एन ९५ मास्क, डिस्पोजेवल मास्क, पि.पि.ई सेट डिस्पोजेवल सामानको औषतदरमा रु.२ करोड ४५ लाख ४४ हजारको लागत अनुमान तयार गरी ३ दिने बोलपत्र आव्हान गरेकोमा आईटम वाइज २ पार्टीको घटी दर अनुसार रु.६३ लाख ८० हजार (७४प्रतिशत घटी) को ठेक्का स्वीकृत गरी खरिद गरेको छ । उक्त बोलपत्रदाताहरुसँगको सम्झौताको बुँदा नं ३९.१ मा कार्यालयले अनुरोध गरेमा थप परिमाण समेत सोहीदरमा उपलब्ध गराउनुपर्ने शर्त राखी सम्झौता गरेको छ ।

४०.१. कोभिड महामारीको कारण उक्त सामानको थप माग आएको भनी सम्झौताको शर्त नं ३९.१ अनुसार कार्यालयले उक्त आपूर्तकबाट सोही दरमा थप परिमाण खरिद गरी रु.१ करोड ३८ लाख ७५ हजार भुक्तानी गरेको छ । यसरी सम्झौताको शर्त अनुसार थप परिमाण उपलव्ध गराउन अनुरोध गर्दा कोभिड १९ को विशेष परिस्थिति भनी उल्लेख गरेतापनि सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ अनुसार भेरिएसन स्वीकृत गरेको देखिएन।

## शिक्षा विकास निर्देशनालय, धनुषा

४१. **एक निर्वाचन एक प्राविधिक शिक्षालय** : - प्रदेश नं. २ अन्तर्गत ८ जिल्लाका ६४ निर्वाचन क्षेत्रमा एक निर्वाचन एक प्राविधिक शिक्षालय स्थापना गर्ने प्रदेश नीति र कार्यक्रम अनुसार निर्देशनालयले मन्त्रालयबाट छनौट भई आएका विद्यालयहरुलाई प्रति विद्यालय अधिकतम रु.२५ लाखसम्म हुने गरी ५५ विद्यालयलाई रु.१२ करोड २३ लाख ६६ हजार बजेट निकासा गरेको छ । प्रदेश सरकारले प्राविधिक धार सञ्चालन गर्ने कार्यविधि, छनौट, सञ्चालन तथा खर्चको मापदण्ड निर्देशिका सम्बन्धी कानुनी आधार तय नगरी बजेट निकासा दिएको छ । विद्यालय छनौटको आधार प्रमाण निर्देशनालयसँग रहेको पाइएन । छनौट भएका विद्यालयहरुलाई बजेट विनियोजन भएपश्चात विद्यालयले कुन विषयमा प्राविधिक धार सञ्चालन गर्ने सो विषयमा प्रस्ताव माग गरी छनौट तथा निकासा दिएको देखिन्छ । निर्देशनालयले खर्चको मापदण्ड, कार्यविधि, निर्देशिका तयार गरी बजेट प्राप्त गर्ने विद्यालयहरुले प्राविधिक शिक्षा सञ्चालन गरेको सुनिश्चत गर्नुपर्दछ ।

४२. **उत्तरपुस्तिका छपाई** : - कार्यालयबाट प्राप्त विवरण अनुसार धनुषा जिल्लामा शैक्षिक सत्र, २०७६ को माध्यमिक शिक्षा कक्षा १० मा परीक्षा आवेदन फर्म भर्ने विद्यार्थीहरुको संख्या ७२ हजार ८३९ रहेकोले ८ विषयको लागि हुने ५ लाख ८२ हजार ७१२ र सोमा थप २० प्रतिशतले हुने १ लाख १६ हजार ५४२ थप गरी ६ लाख ९९ हजार २५४ उत्तरपुस्तिका छपाई गर्नुपर्नेमा ८ लाख ७० हजार छपाई गरेको हुँदा १ लाख ७० हजार ७४५ थान बढी उत्तरपुस्तिका छपाई गरेको छ । स्पष्ट मापदण्ड बेगर विद्यार्थी संख्याको तुलनामा आवश्यक भन्दा बढी उत्तरपुस्तिका छपाई गरेकोले प्रति उत्तरपुस्तिकाको रु.७ रुपैया ५० पैसाका दरले रु.१२ लाख ८१ हजार बढी थप व्ययभार पारेको छ ।

- **बेरुजु स्थिति** - मन्त्रालयतर्फ २० निकायमा यो वर्ष रु.९ करोड १९ लाख ६८ हजार वेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.१ करोड १८ लाख ३६ हजार बेरुजु फस्योंट भई रु.८ करोड १ लाख ३२ हजार बेरुजु बाँकी रहेको छ । सो मध्ये रु.३ करोड ६८ लाख ७२ हजार म्याद नाघेको पेश्की रहेको छ । यसैगरी अन्य संस्था तथा समितितर्फ ७ निकायमा यो वर्ष रु.८ करोड २५ लाख ८० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फस्योंट नभएकोले रु.८ करोड २५ लाख ८० हजार नै बाँकी रहेको छ। सो मध्ये रु.१ करोड ४५ लाख २१ हजार म्याद नाघेको पेश्की रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९ र १०** मा समावेश छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष कार्यालयको विनियोजन रु.३ करोड ३३ लाख ६५ हजार, राजश्व ९५ हजार, धरौटी रु.१० लाख ६८ हजार समेत रु.३ करोड ४५ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन्ः-

१. **मुद्दाको प्रतिरक्षा** - मुख्य न्यायाधिबक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७५।६।२५ मा प्रमाणिकरण भई लागु भएको छ । यो वर्ष ६२ मुद्दाको लगत रहेकोमा २५ मुद्दा फस्यौंट र १२ मुद्धा खारेज भई ३७ बाँकी छन् । लगत बाँकी मध्ये सर्वोच्च अदालत तर्फ २८, उच्च अदालत जनकपुरमा ६, उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा २, र उच्च अदालत जनकपुर राजविराज इजलासमा १ मुद्दा बाँकी छन् । समयमै मुद्दाको कारवाही किनारा लगाउनुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार कार्यालय प्रमुखले आ-आफ्नो कार्य प्रकृति अनुसार वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन वमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र लागु गरीसक्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन ।

३. **सेवा सुविधाको प्रयोग -** नेपालको संबिधानको धारा १६०(७) मा मुख्य न्यायाधिवक्ताको पारिश्रमीक तथा अन्य सुविधा उच्च अदालतको न्यायाधीश सरह हुने उल्लेख छ । भ्रमण खर्च नियमावली २०६४ को अनुसूची-५ अनुसार विशिष्ट श्रेणीले पाउने प्रतिदिन अमेरिकी डलर २२५ र नियमानुसार थप समेत पाउने उल्लेख छ । मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७५ को दफा १४ को अनुसूची-१ मा वैदेशिक भ्रमण गर्दा प्रतिदिन अमेरिकी डलर १७५ पाउने उल्लेख छ । कार्यालयले मुख्य न्यायाधिवक्तालाई वैदेशिक भ्रमण सुविधा उपलब्ध गराउँदा प्रतिदिन अमेरिकी डलर २२५ र नियमानुसार थप समेत उपलब्ध गराएको देखियो । दुई वटा कानुनमा फरक फरक सुविधा उल्लेख भएको र जुनमा बढी सुविधा छ सोही कानुन प्रयोग गरी खर्च लेख्ने गरेको देखियो । कानुनमा एकरुपता कायम गर्नुपर्दछ ।

- **बेरुजु स्थिति —** कार्यालयको लेखापरीक्षणबाट यो वर्ष लगति बेरुजु देखिएको छैन । यस सम्बन्धी विवरण **अनुसूची ९** मा रहेको छ ।

# प्रदेश नीति तथा योजना आयोग

प्रदेश सरकारले आफ्नो प्रदेशको सन्तुलित र समष्टिगत विकासका लागि आवश्यक नीति, रणनीतिक विषयका दीर्घकालीन, मध्यमकालीन र वार्षिक विकास योजना बनाउने तथा प्रदेशको आवश्यक नीति निर्माण कार्यमा प्रदेश सरकारलाई सहयोग पुऱ्याउने उद्देश्यले "प्रदेश नीति आयोगको गठन तथा कार्य सञ्चालन ऐन,२०७५" अनुसार प्रदेश नीति आयोगको गठन भएको हो। पछि प्रदेश सरकारबाट यस आयोगको नाम प्रदेश नीति तथा योजना आयोग कायम गरेको छ।

यो वर्ष आयोगको विनियोजन रु. ९३ लाख १३ हजार, राजश्व रु. ५ हजार, अन्य कारोबार रु. २५ हजार समेत रु. ९३ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

१. **आवधिक योजना** - नेपालको संविधानद्धारा प्रदेश सरकारलाई प्रदत्त अधिकार अनुसार आयोगले उपलब्ध श्रोत साधन, सम्भाव्यता, चुनौती तथा अवसरहरुलाई बिश्लेषण गरी आर्थिक वर्ष २०७६।७७ देखि आ.व.२०८०।८१ सम्मको प्रथम आवधिक योजना तयार गरेको छ ।

२. **मध्यमकालीन खर्च संरचना** - अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन २०७४ ले संघ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी पेश गर्नुपर्ने व्यवस्था छ । आयोगले २०७७।७८ - २०७९।८० को लागि मध्येकालीन खर्च संरचना तयार गरेको छ । संरचनामा दिगो विकास लक्ष्य, राष्ट्रिय विकास लक्ष्य र आवधिक योजनाको सोच तथा रणनीतिसँग वार्षिक वजेटलाई तादाम्यता कायम गराउने प्रयास गरिएको उल्लेख छ ।

३. **प्रदेश पार्श्वचित्र** - आयोगले प्रदेश नं. २ को समग्र वस्तुगत स्थितिको प्रादेशिक पार्श्वचित्र तयार गरी दिगो विकास लक्ष्य सम्बन्धी तथ्याङ्कलाई समेत समावेश गरेको छ ।

४. **दिग्दर्शन तर्जुमा** - आयोगले प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन,२०७६, प्रदेश योजना तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७७ र प्रदेश नं. २ को जानसांख्यिक स्थिति तयार गरी प्रकाशन गरेको छ ।

- **बेरुजु स्थिति-** यो वर्ष रु.९८ हजार वेरुजु देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

# परिच्छेद- ४
# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गरी प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्था छ । यस सम्बन्धी ब्यहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन** : लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेश गर्ने व्यवस्था छ । कार्यालयले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५ प्रदेश सभामा २०७६/७/२९ मा पेश गरेको र वार्षिक प्रतिवदन, २०७७ प्रदेश सभामा हालसम्म पेश नभएको जानकारी प्राप्त भएको छ । वार्षिक प्रतिवेदन उपर समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ १२० इकाइको विनियोजन, राजश्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण गरी ९९ इकाइमा सैद्धान्तिक दफा १ हजार १०१ र लगती दफा ९५४ बाट रु.१ अर्ब ९७ करोड १८ लाख ९९ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया मार्फत १९ इकाइबाट रु.२४ करोड ८६ लाख ८९ हजार फर्स्यौट गरी रु.१ अर्ब ७२ करोड ३२ लाख १० हजार बाँकी रहेको छ । बाँकी ८० इकाइको प्रतिक्रिया प्राप्त भएतापनि फर्स्यौट हुने प्रमाण पेश नभएकोले शुरु बेरुजु नै कायम भएको छ । समिति तथा अन्य संस्थातर्फ ८ इकाइको आर्थिक कारोबारको लेखापरीक्षण गर्दा सैद्धान्तिक दफा ५३ र लगती दफा ६४ बाट रु.८ करोड २७ लाख ८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुने प्रमाण भएको छैन। कानुन बमोजिम बेरुजु असुल फर्स्यौट गर्नुपर्ने देखिन्छ ।

३. **सम्परीक्षण** - प्रदेश सरकारी कार्यालय तर्फ दोश्रो प्रतिवेदन सम्म रु.१ अर्ब ९० करोड ३५ लाख ५७ हजार र तथा अन्य समिति तर्फ रु.८ करोड ६४ लाख ५१ हजार बेरुजु फर्स्यौट गर्न बाँकी रहेकोमा यो वर्ष प्रदेश कार्यालय तर्फ ३२ निकायले रु.१० करोड २६ लाख ९९ हजार (५.३९ प्रतिशत) र समिति तथा अन्य संस्थातर्फ २ निकायले रु.४० लाख १० हजार (४.६३ प्रतिशत) मात्र बेरुजु फर्स्यौट गरेका छन्। बाँकी निकायले बेरुजु फर्स्यौटको लागि अनुरोध नगरेकोले बेरुजु सम्परीक्षण समेत भएको छैन।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनुपर्दछ । प्रदेश कार्यालयहरु स्थापनाको शुरुवाति चरणमा रहेको प्रदेश सभामा लेखा समिति गठन गरी बेरुजु छलफलमा तदारुकता आउन नसकेको, आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन नभएको, प्रभावकारी आन्तरिक लेखापरीक्षण हुन नसकेको, खरिदमा कानुनको पालना हुनु नसकेको, अनुगमन एवं नियमनलाई प्रभावकारी बनाउन नसकेको आदि कारणबाट बेरुजु न्यूनीकरण हुन सकेको छैन । जिम्मेवारी वहनको स्थितिमा सुधार गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

# परिच्छेद - ५
# सुधारका क्षेत्रहरू

सार्वजनिक जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनको माध्यमबाट वित्तीय सुशासन कायम गर्न मद्दत पुग्दछ । स्रोत र साधनको प्राप्ति एवम् परिचालनबाट प्रदेशका विकास निर्माण, सेवाप्रवाहका गतिविधिलाई पारदर्शी, जवाफदेही, मितव्ययी र सुशासनयुक्त एवम् प्रभावकारी बनाउन शासन सञ्चालन तथा आर्थिक कार्य प्रणालीमा सुधार गर्ने विषय निम्न छन् :

**१. नीतिगत तथा कानुनी व्यवस्था**

१.१. प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार विभिन्न मन्त्रालयहरूलाई तोकिएकामध्ये शुरु नभएका कार्य जिम्मेवारीहरूलाई नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन तालिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१.२. नेपालको संविधानको धारा ५७ (६) बमोजिम प्रदेशले पहिचान गरेका कानून, गठन आदेश, नियमावली र कार्यविधि संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ । कार्यविधि तर्जुमा गर्दा प्रत्यायोजित विधायनको स्रोत खुलाउनु पर्दछ ।

१.३. प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ल मन्त्रालयले गर्नुपर्ने कार्य निर्धारण गरेको छ ।मन्त्रालय ले नीति निर्माण, कार्यक्रम स्वीकृती, बजेट व्यवस्थापन, अनुगमन मूल्यांकन जस्ता कार्य संचालन गर्नुपर्नेमा मातहत कार्यालयबाट गराउनुपर्ने कार्य समेत आफैले गरेको देखिएको छ । उक्त कार्य मातहतबाट गराउने र आफूले अनुगमन मूल्यांकनको कार्य गर्नुपर्दछ ।

**२. वित्तीय व्यवस्थापन**

२.१. प्रदेशले दिगो विकास लक्ष्यका लक्ष्यलाई आन्तरिकीकरण गरी ती लक्ष्य प्राप्त गर्न आवधिक योजना र बार्षिक बजेट तर्जुमा गर्ने, खर्च व्यवस्थापनमा सुधार गर्ने, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गर्ने लगायतका काम गर्नुपर्दछ । दिगो विकास लक्ष्य हासिल गर्नका लागि योजना र कार्यक्रमको तर्जुमा र सोको कार्यान्वयन, समन्वय तथा अनुगमन र मुल्यांकन गर्नका लागि प्रदेशका विषयगत मन्त्रालय र सबै स्थानीय तहमा तोकिएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

२.२. बजेट प्रणालीमा सुधार गर्न प्राथमिकतामा रहेका कार्यक्रममा बजेट विनियोजन गर्ने, आगामी त्रिवर्षीय खर्च प्रक्षेपण सहितको खर्च संरचना बजेट तर्जुमा गर्दा नै तयार गर्ने, शुरुमा बजेट विनियोजन नगरी रकमान्तर तथा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण, विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा मात्र विनियोजन गर्ने, धेरै कार्यक्रमभन्दा उपलब्धि र सम्पन्न गर्न सकिने कार्यक्रमलाई प्राथमिकताका आधारमा बजेट तर्जुमा गर्ने लगायतका कार्यहरू गर्नुपर्ने देखिएका छन् ।

२.३. बजेट कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्न निर्देशनालय प्रमुख, कार्यालय प्रमुखसँग कार्य सम्पादन सम्झौता गरी बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालुखर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी निर्देशिका र मापदण्ड वनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ ।

२.४. राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउदै बैदेशिक सहायता लिने प्रक्रियालाई थप पारदर्शी बनाउदै प्राप्त हुने बैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणाली र सञ्चितकोष मार्फत परिचालन गर्नु पर्दछ ।

प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिबेदन गर्ने र समयमै सोधभर्ना माग गर्ने उपयुक्त व्यवस्था मिलाउनुपर्दछ ।

३. **आयोजना व्यवस्थापन** - सम्भाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कन लगायत विभिन्न चरण पालना गर्दै आयोजना स्वीकृत र सञ्चालन गर्नुपर्दछ । आयोजना सम्पन्न भएपछि प्रतिफलको लेखाजोखा गर्नुपर्दछ । प्रदेश गौरवका आयोजना छनौटको कार्यविधि निर्माण गर्नुपर्दछ ।

३.१. आयोजनाको बिस्तृत संभाव्यता अध्ययन गरी लागत लाभ बिश्लेषणबाट उपयुक्त देखिएका आयोजना छनौटमा प्राथमिकता दिने, सम्पन्न नभएका आयोजनाहरुको विश्लेषण गरी अधुरा आयोजना सम्पन्न गर्ने नीति लिनुपर्दछ । परियोजना बैंक तयार गरी प्राथमिकता प्राप्त आयोजनाको छनौट गरी पूँजीगत खर्चलाई उपलब्धिमुलक क्षेत्रमा परिचालन गर्नुपर्दछ ।

३.२. आयोजनाको अनुगमन र मूल्याङ्कन कार्यलाई आयोजना कार्यालय, मन्त्रालय स्तर, प्रदेश नीति तथा योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले अनुगमन मुल्याङ्कन सम्बन्धी आधुनिक विधिहरु प्रयोगमा ल्याई प्रभावकारी बनाइनुपर्दछ । संघ र प्रदेशबाट सञ्चालन हुने आयोजनासँग सम्बन्धित सूचनाहरुलाई ब्यबस्थित गर्ने एवं प्रगतिको अनुगमन गर्ने आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४. **खरिद व्यवस्थापन** - सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्नुपर्दछ । परामर्श सेवा खरिदमा आन्तरिक जनशक्तिको अधिकतम परिचालन गरी अपनत्वको विकास गर्नुपर्दछ । साथै परामर्श सेवाको नर्म्स तयार गरी लागू गर्नुपर्दछ ।

४.१. निर्माण कार्य अधुरो रहँदा सरकारलाई ठूलो रकमको दायित्व सिर्जना हुने तर तोकिएको समयमा प्रतिफल प्राप्त नहुँदा लाभग्राहीले सेवाबाट वञ्चित भई नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुन सकेको छैन । निर्माण व्यवसायीलाई समयमा कार्यसम्पन्न गर्ने वातावरण तयार गर्ने र आईपरेका बाधा व्यवधान समाधान गर्न कार्यमा सम्बन्धित सार्वजनिक निकायले अग्रसरताका साथ सहयोग र सबै पक्ष निकायबीच समन्वय तथा सहकार्य हुने व्यवस्था गर्नुपर्दछ ।

४.२. खरिद कानुनमा उल्लेखित सीमाभन्दा बढीको काम टुक्राटुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरुले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा उपभोक्ता समितिलाई प्रतिस्पर्धात्मक खरिद कार्यको विकल्पको रुपमा प्रयोग गरेको पाइन्छ । यसउपर नियन्त्रण गर्नुपर्दछ । मेशिन प्रयोग गर्नु नपर्ने श्रममूलक काममा मात्र उपभोक्ता समितिलाई सीमित गर्नुपर्दछ । उपभोक्ता समितिहरुबाटि गरिने कार्यमा जनसहभागिता सुनिस्चित गर्ने तथा निर्माण सम्पन्न पश्चात मर्मत संभारको जिम्मेवारीसहित हस्तान्तरण गर्नुपर्दछ ।

४.३. सम्झौता अनुसार निर्माण कार्य सम्पन्न नगरी विभिन्न कारण देखाई म्याद थप माग गर्ने र सोही आधारमा निर्माण कार्यको अवधि थप गर्ने गरेको अवस्था छ । निर्माण व्यवसायीको कमजोर व्यवस्थापन वा ढिलासुस्तीको कारण सम्झौता अनुसारको कार्य नभएकोमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

५. **खर्च व्यवस्थापन** - एउटै उद्देश्यमा बेग्लाबेग्लै निकायमा स्रोत विभाजन गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्ने, मन्त्रालयहरू कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने कार्यको सट्टा नीतिगत निर्णय, अनुगमन र

मूल्यांकनमा संलग्न हुनुपर्ने, कार्यतालिका अनुरुप निर्माणको कार्य गर्नुपर्ने, पुँजीगत खर्चलाई कार्यक्रम, समय, बजेट परिचालनसँग आबद्ध गर्नुपर्ने विषयमा सुधार हुनुपर्दछ ।

६. **परामर्श खर्च** - सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन लगायतका कार्य सकभर आन्तरिक जनशक्तिबाट गराउन पहल गर्ने, बाह्य जनशक्तिबाट गराउनु पर्ने अवस्थामा प्याकेज बनाई प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्ने, प्राप्त प्रतिवेदन उपर छलफल गरी वस्तुनिष्ठ बनाउने र अध्ययन भएका योजना वार्षिक कार्यक्रममा समावेश गर्ने लगायतका कार्य गरी परामर्श खर्चलाई प्रभावकारी बनाउनु पर्दछ ।

७. **अनुदान** - अनुदान कार्यक्रमहरूलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न आवस्यक पर्ने निर्देशिका र कार्यविधि ऐन तथा नियमावलीको आधारमा तर्जुमा गर्ने, दोहोरो अनुदान नियन्त्रण गर्ने, अनुदानमा समान पहुँचको सुनिश्चतता गर्ने, लाभग्राहीको लागत सहभागिता नहुने गरी अनुदान दिने परिपाटी अन्त्य गरिनुपर्ने तथा अनुदानको अनुगमन मूल्याङ्कन गर्ने लगायतका कार्य गरी उपलब्धि सुनिश्चित गरिनुपर्दछ ।

८. **सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण :** सरकारी जग्गा तथा वन क्षेत्रको लिज, उपयोग, भोगाधिकार दिने तथा खानी उत्खनन् लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ ।

संघबाट प्रदेश तथा स्थानीय तहमा जिन्सी सामान, सवारी साधन, भवन हस्तान्तरण गरिएका विवरण तथा वर्तमान अवस्थाको विवरण अधाबधिक गरी प्रकाशन गर्नुपर्दछ ।

९. **सेवा प्रवाह** - सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसैगरी प्रदेश तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्न, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था र आवधिक रुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्वन गर्नुपर्दछ ।

९.१. सेवा प्रवाहमा संलग्न पदाधिकारी र जनशक्तिको विद्यमान घुमाउरो उत्तरदायित्व प्रणाली अन्त गरी सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली लागु गर्नुपर्दछ । यसका लागि गुनासो सुनुवाईको विश्वसनियता अभिवृद्धि गर्न गुनासो व्यवस्थापनमा सामाजिक सञ्जाल र विद्युतिय माध्यमको प्रयोग गरी तालुक निकाय र स्वतन्त्र निकायको अनुगमन मूल्यांकन प्रणालीलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

९.२. सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, पत्रकार सम्मेलन, सार्वजनिक सवाल जवाफका माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा प्राप्त पृष्ठपोषण अवलम्बन गरी सेवा प्रवाह सुदृढीकरण गर्न सार्वजनिक सेवाको गुणस्तर मापदण्ड निर्धारण गरी लागु गर्नुपर्दछ ।

१०. **बिपद व्यवस्थापन :** विपद् व्यवस्थापन लगायतका कोषहरूको उपयोग, परिचालन सम्बन्धमा मापदण्ड तयार गरी कोष परिचालनलाई प्रभावकारी बनाउनु पर्दछ ।

कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि अपनाउनु पर्ने सावधानी तथा सतर्कताको लागि सूचना प्रवाहलाई प्रभावकारी वनाउनुपर्दछ । मानवीय जीवनलाई नै प्रधानता दिई सबैलाई खोपको समन्यायिक व्यवस्थापन गरिनुपर्दछ ।

११. **संगठन र कर्मचारी व्यवस्थापन** - प्रदेशस्तरको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन सबै सरकारी निकायको सँगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी विकास निर्माण, सेवा प्रवाहका गतिविधिलाई प्रभावकारी बनाउन एकीकृत एवं समन्वयात्मक रुपले कार्य सम्पादन गर्न दोहोरो नपर्ने गरी सँगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१२. **राजस्व सङ्कलन** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क लगायतका क्षेत्र परिचालन गरी अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व सङ्कलनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१३. **लेखाङ्कन प्रतिवेदन र लेखापरीक्षण**

१३.१. आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी वनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित प्रदेश कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

१३.२. सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रबर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) प्रदेशका सबै निकायहरूमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३.३. तोकिएको समयमा केन्द्रीय हिसाब र वित्तीय विवरण तयार गरी तोकिएको समयमा आन्तरिक एवं अन्तिम लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदनको कार्यान्वयन गर्ने, सूचना प्रविधि प्रयोगमा ल्याउनुपर्दछ ।

१३.४. संसदीय समिति, मन्त्रिपरिषद्का निर्णय तथा निर्देशनहरू तथा प्रदेश समन्वय परिषदको निर्णय कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन संयन्त्र निर्माण गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

१३.५. अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ बमोजिम आफू अन्तर्गतका स्थानीय तहबाट आयव्ययको विवरण लिई एकीकृत गरेर संघीय अर्थ मन्त्रालयमा पठाउने व्यवस्था गर्नुपर्दछ ।

१४. **अन्तरनिकाय समन्वय** - नेपालको संविधानले संघ र प्रदेशबीच सहकार्य र समन्वय हुनुपर्ने व्यवस्था गरेको छ । तीन तहका सरकार रहेको अवस्थामा प्रदेश सरकारले स्थानीय तह र संघीय सरकारबीच पुलको रूपमा कार्य गर्न तथा योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दा अन्तर सरकारबीच दोहोरो नपर्ने गरी योजना छनोट, बजेट विनियोजन तथा सञ्चालन हुनुपर्नेमा सरकारबीच समन्वयको अभावले एउटै योजनामा पनि तीन वटै तहका सरकारबाट बजेट विनियोजन तथा सञ्चालन भएको देखिएकोले तीनै तहका सरकारबीच समन्वय स्थापित हुनुपर्दछ ।

१५. **वार्षिक प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा मन्त्रालय एवं कार्यालयले आर्थिक वर्षभित्र भएको कारोबारको वार्षिक प्रतिवदेन र वार्षिक कार्य सम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको क्रमशः२१ दिन र ९० दिनभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने व्यवस्था कार्यान्वयन गरेको पाइएन । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

उपर्युक्त बमोजिम नीतिगत, कानुनी, व्यवस्थापकीय, प्रक्रियागत, प्रणालीगत, सुधार कार्य हुनसकेमा वित्तीय व्यवस्थापनमा सुधार भई वित्तीय सुशासन कायम हुने अपेक्षा गर्न सकिन्छ ।

# अनुसूचीहरु

अनुसूची - १

(प्रतिवेदनको परिच्छेद २ दफा ३.२ सँग सम्बन्धित)

**लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरु**
**विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार)**
**२०७६/७७**

**(रु.हजारमा)**

| क.स. | मन्त्रालय र निकायको नाम | कार्यालय संख्या | बेरुजु भएका कार्यालयको संख्या | बेरुजु रकम |
|---|---|---|---|---|
| १. | प्रदेश व्यवस्थापिका संसद सचिवालय | १ | १ | ३१६८३ |
| २. | मुख्य न्यायधिवक्ताको कार्यालय | १ | १ | ० |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २ | १ | ११९२८५९ |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ९ | २ | २०८१ |
| ५. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १ | १ | ७५१५५ |
| ६. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २२ | १९ | ९९५३५ |
| ७. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २३ | २१ | २२४७८५ |
| ८. | भौतिक पुर्वाधार विकास मन्त्रालय | ३३ | ३१ | १०१५३९३ |
| ९. | सामाजिक विकास मन्त्रालय | २६ | २० | ८०१३२ |
| १०. | प्रदेश नीति तथा योजना आयोग | १ | १ | ९८ |
| ११. | प्रदेश लोक सेवा आयोग, प्रदेश नं २, धनुषा | १ | १ | १४८९ |
| | **जम्मा** | **१२०** | **९९** | **१७२३२१०** |

अनुसूची - १(क)

(प्रतिवदेनको परिच्छेद १ संग सम्बन्धित)

## लेखापरीक्षण गरिएका कार्यालयको विवरण

## २०७६/७७

| सि.नं. | लेखापरीक्षण गरिएका कार्यालयको विवरण | इकाइगत संख्या | मन्त्रालयगत संख्या |
|---|---|---|---|
| **१.** | **प्रदेश व्यवस्थापिका संसद सचिवालय** | | **१** |
| **२.** | **मुख्य न्यायाधिवक्ताको कार्यालय** | | **१** |
| **३.** | **मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | | **२** |
| ३.१. | मन्त्रिपरिषद् सचिवालय | १ | |
| ३.२. | ग्रामीण प्रशिक्षण केन्द्र | १ | |
| **४.** | **आन्तरिक मामिला तथा कानुन मन्त्रालय** | | **१** |
| **५.** | **आर्थिक मामिला तथा योजना मन्त्रालय** | | **९** |
| ५.१. | मन्त्रालय | १ | |
| ५.२. | प्रदेश लेखा नियन्त्रक कार्यालय | १ | |
| ५.३. | प्रदेश लेखा इकाइ | ७ | |
| **६.** | **उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय** | | **२३** |
| ६.१. | मन्त्रालय | १ | |
| ६.२. | प्रदेश बन निर्देशनालय | १ | |
| ६.३. | घरेलु तथा साना उद्योग कार्यालयहरु | ८ | |
| ६.४. | डिभिजन बन कार्यालयहरु | ८ | |
| ६.५. | बन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १ | |
| ६.६. | भूजलाधार व्यवस्थापन कार्यालयहरु- | २ | |
| ६.७ | विदेह मिथिला क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति | १ | |
| ६.८ | सागरनाथ बन परियोजना | १ | |
| **७.** | **सामाजिक विकास मन्त्रालय** | | **३३** |
| ७.१. | मन्त्रालय | १ | |
| ७.२. | शिक्षा विकास निर्देशनालय | १ | |
| ७.३. | स्वास्थ्य निर्देशनालय | १ | |
| ७.४. | शिक्षा तालिम केन्द्र | १ | |
| ७.५. | स्वास्थ्य तालिम केन्द्र | १ | |
| ७.६. | व्यवसायीक तथा शीप विकास तालिम केन्द्र | २ | |
| ७.७. | रोजगार सूचना केन्द्र | १ | |
| ७.८. | स्वास्थ्य कार्यालयहरु | ८ | |
| ७.९. | आयुर्वेद कार्यालयहरु | ८ | |
| ७.१०. | प्रादेशिक अस्पताल विकास समिति | १ | |
| ७.१३. | जिल्ला अस्पताल विकास समिति | ६ | |
| ७.१४. | प्रदेश स्वास्थ्य आपुर्ति केन्द्र | १ | |
| ७.१५. | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १ | |

| | | | |
|---|---|---|---|
| **८.** | **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** | | **२३** |
| ८.१. | मन्त्रालय | १ | |
| ८.२. | कृषि विकास निर्देशनालय | १ | |
| ८.३. | पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय | १ | |
| ८.४. | कृषि तालिम केन्द्र | १ | |
| ८.५. | पशु तालिम केन्द्र | १ | |
| ८.६. | उष्ण प्रदेशीय बागबानी केन्द्र | १ | |
| ८.७. | बाली संरक्षण प्रयोगशाला | १ | |
| ८.८. | माटो तथा मल परीक्षण प्रयोगशाला | १ | |
| ८.९. | कृषि ज्ञान केन्द्रहरु | ६ | |
| ८.१०. | पशु विज्ञ केन्द्रहरु | ६ | |
| ८.११. | मत्स्य विकास केन्द्रहरु | २ | |
| ८.१२. | बीउविजन प्रयोगशाला | १ | |
| **९.** | **भौतिक पुर्वाधार विकास मन्त्रालय** | | **३३** |
| ९.१. | मन्त्रालय | १ | |
| ९.२. | यातायात पुर्वाधार निर्देशनालय | १ | |
| ९.३. | यातायात व्यवस्था कार्यालय | ६ | |
| ९.४. | पुर्वाधार विकास कार्यालयहरु | ४ | |
| ९.५. | शहरी विकास तथा भवन कार्यालयहरु | ३ | |
| ९.६. | खानेपानी तथा सरसफाई डिभिजनहरु | ४ | |
| ९.७. | जलस्रोत तथा सिंचाई विकास डिभिजनहरु | ८ | |
| ९.८. | भूमिगत जलस्रोत तथा सिंचाई डिभिजनहरु | ४ | |
| ९.९. | सडक डिभिजन | २ | |
| **१०.** | **प्रदेश नीति तथा आयोग** | | **२** |
| १०.१. | **नीति आयोग सचिवालय** | १ | |
| १०२. | **लोक सेवा आयोग** | १ | |
| जम्मा | | | **१२८** |

**नोट** : जम्मा कार्यालय १२८ मध्ये प्रदेश कार्यालय १२० र आय व्यय तयार गर्ने अन्य संस्था समिति ८ रहेका छन ।

अनुसूची -२

(प्रतिवेदनको परिच्छेद १ को दफा १ संग सम्बन्धित)

## सरकारी कार्यालयको लेखापरीक्षण रकम

२०७६/७७

**(रु.हजारमा)**

| मन्त्रालयनिकायको नाम/ | विनियोजन | | | | राजश्व | | | | धरौटी | | | | अन्य कारोबार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | |
| | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | |
| प्रदेश ब्यवस्थापिका संसद सचिवालय | १ | ४०३३८० | १ | ४०३३८० | १ | ७१३ | १ | ७१३ | १ | ६६९३ | १ | ६६९३ | ० | ० | ० | ० | ४१०७८६ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | ३३३६४ | १ | ३३३६४ | १ | ९६ | १ | ९६ | १ | १०६८ | १ | १०६८ | ० | ० | ० | ० | ३४५२८ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २ | ३१५३७३६ | २ | ३१५३७३६ | १ | ७१८ | १ | ७१८ | १ | १८६८४ | १ | १८६८४ | १ | ३०११२ | १ | ३०११२ | ३२०३२५० |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ९ | ३६९२४०९ | ९ | ३६९२४०९ | ९ | ७७१२५७४ | ९ | ७७१२५७४ | ७ | ३६६६ | ७ | ३६६६ | ६ | १६८७ | ६ | १६८७ | ११४१०३३६ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १ | ३६९०७७ | १ | ३६९०७७ | १ | ४४६ | १ | ४४६ | १ | ७८४१ | १ | ७८४१ | १ | ७०९०२ | १ | ७०९०२ | ४४८२६६ |
| उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २२ | १७२३२४५ | २२ | १७२३२४५ | १६ | २१८१३३ | १६ | २१८१३३ | १९ | १५७१०३ | १९ | १५७१०३ | ११ | ११५०६२ | ११ | ११५०६२ | २२१३५४३ |
| भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २३ | १२१६५०२ | २३ | १२१६५०२ | १८ | १०८३४ | १८ | १०८३४ | १९ | २०२३२ | १९ | २०२३२ | ४ | १०२२९ | ४ | १०२२९ | १२५७७९७ |
| भौतिक पुर्वाधार विकास मन्त्रालय | ३३ | ५२१७६९१ | ३३ | ५२१७६९१ | ३१ | १८३९५६८ | ३१ | १८३९५६८ | २९ | ५३८८८० | २९ | ५३८८८० | ८ | १४३४४ | ८ | १४३४४ | ७६१०४८३ |
| सामाजिक बिकास मन्त्रालय | २६ | २१८६२०६ | २६ | २१८६२०६ | २४ | २६६५४ | २४ | २६६५४ | २४ | ४७३१८ | २४ | ४७३१८ | २० | ७९२२३ | २० | ७९२२३ | २३३९४०१ |
| प्रदेशनीति तथा योजना आयोग | १ | ९३१३ | १ | ९३१३ | १ | ५ | १ | ५ | ० | ० | ० | ० | १ | २६ | १ | २६ | ९३४४ |
| लोक सेवा आयोग | १ | १२२६९ | १ | १२२६९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १२२६९ |
| **जम्मा** | **१२०** | **१८०१७१९२** | **१२०** | **१८०१७१९२** | **१०३** | **९८०९७४१** | **१०३** | **९८०९७४१** | **१०२** | **८०१४८५** | **१०२** | **८०१४८५** | **५२** | **३२१५८५** | **५२** | **३२१५८५** | **२८९५०००३** |
| भौतिक मन्त्रालय) पुर्वाधार विकाश कार्यालय सिराहा (बक्यौता 76/2075 | १ | १०००३४३ | १ | १०००३४३ | १ | ३९२ | १ | ३९२ | १ | ३९६७३ | १ | ३९६७३ | ० | ० | ० | ० | १०४०४०८ |
| **कूल जम्मा** | **१२१** | **१९०१७५३५** | **१२१** | **१९०१७५३५** | **१०४** | **९८१०१३३** | **१०४** | **९८१०१३३** | **१०३** | **८४११५८** | **१०३** | **८४११५८** | **५२** | **३२१५८५** | **५२** | **३२१५८५** | **२९९९०४११** |

**नोट :** १. आर्थिक मामिला मन्त्रालयमा स्थानीय तहलाई गएको वित्तीय हस्तान्तरण एवं अर्थ विविधबाट भएको खर्च रकम समेत समावेश छ ।

२. मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट भौतिक पुर्वाधार विकास मन्त्रालय अन्तर्गत पूर्वाधार विकास कार्यालहरुमा निकासा गएको निर्वाचन क्षेत्रको रु.२ अर्ब २९ करोड ५५ लाख ७४ हजार रकम समेत समावेश छ । उक्त रकम भौतिक पूर्वाधार विकास मन्त्रालयको लेखापरीक्षण रकममा समावेश गरी बेरुजु विश्लेषण गरिएको छ । (परिच्छेद २ को ४.२ सँग सम्बन्धित)

अनुसूची - ३
(प्रतिवेदनको परिच्छेद १ दफा २ सँग सम्बन्धित)

## अन्य संस्था तथा समितिको लेखापरीक्षण विवरण

२०७६/७७

**(रु.हजारमा)**

| क्र.स. | मन्त्रालय/ निकायको नाम | लेखापरीक्षण | | प्रतिवेदन | | लेखापरीक्षण सम्पन्न रकम | बक्यौता वर्ष |
|---|---|---|---|---|---|---|---|
| | | गर्नुपर्ने | सम्पन्न | अन्तिम | प्रारम्भिक | | |
| १. | सामाजिक विकास मन्त्रालय (समिति तथा अन्य संस्था) | ८ | ८ | ० | ८ | ११९५८१७ | ० |
| | **जम्मा** | ८ | ८ | ० | ८ | ११९५८१७ | ० |

अनुसूची - ४
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

## आय- ब्यय हिसाब तयार गर्ने अन्य संस्था तथा समिति
## लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा
## २०७६/७७

(रु हजारमा)

| क.स. | संस्थाको नाम | लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष | लेखापरीक्षण रकम | बेरुजु रकम | लेखापरीक्षण भएको अन्तिम वर्षको सञ्चालन नतिजा | | | | | | | | | | यो वर्षको बचत | बर्षान्तको मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आय | | | | व्यय | | | | | | |
| | | | | | वर्षको शुरु मौज्दात | बिक्री र सेवा शुल्क | अनुदान | अन्य आय | जम्मा | प्रत्यक्ष खर्च | सञ्चालन खर्च | कर्मचारी खर्च | अन्य खर्च | जम्मा खर्च | | |
| | **अन्य संस्था तथा समिति** | | | | | | | | ० | | | | | ० | ० | ० |
| १. | विदेह मिथिला क्षेत्र प्रवर्द्धन विकास समिति धनुषा | २०७६/७७ | ७९६२ | १२८ | ० | ० | ३९८१ | ० | ३९८१ | ० | ० | ० | ३९८१ | ३९८१ | ० | ० |
| २. | प्रादेशिक अस्पताल, धनुषा | २०७६।०७७ | ८६५०८८ | ५५६२१ | २९३६३ | ७५२०६ | ५६६३४ | ३३५२९३ | ४६७१३३ | २७३२९७ | ४९१२५ | ७४०२५ | १५०८ | ३९७९५५ | ७१८२ | ३६५४५ |
| ३. | कलैया अस्पताल, बारा | २०७६/७७ | १०९०७३ | ० | १७५ | ६८२५ | ४९९११ | ४४७ | ५७१८३ | ० | २९९१२ | २०००० | १९७८ | ५१८९० | ५२९३ | ५४६८ |
| ४. | लहान अस्पताल, सिराहा | २०७६/७७ | १२७५४८ | ६१६४ | ५९३३ | १८१३४ | ४५०५६ | १५० | ६३३४० | | २०४०६ | २५००० | १८८०२ | ६४२०८ | -८६८ | ५०६५ |
| ५. | सिराहा अस्पताल, सिराहा | २०७६/७७ | १६०२५८ | ९२७४ | ६८८ | १४६३९ | ६३०२० | ३७७७ | ८१४३६ | | ४४०५७ | २००२० | १४७४५ | ७८८२२ | २६१४ | ३३०२ |
| ६. | जिल्ला अस्पताल जलेश्वर, महोत्तरी | २०७६/७७ | २७५९५५ | १३७४ | ३३४० | ७८३५ | १२७८९२ | २८०५ | १३८५३२ | ० | ३२२३५ | १६७२० | ८८४६८ | १३७४२३ | ११०९ | ४४४९ |
| ७. | मलगंवा अस्पताल, सर्लाही | २०७६।७७ | २६९५४० | ९७६५ | १४९३ | ६५४६ | ११९६७६ | ९३८५ | १३५६०७ | १११ | ३११६७ | ५७०४ | ९६९५१ | १३३९३३ | १६७४ | ३१६७ |
| ८. | गौर अस्पताल रौतहट | २०७६।७७ | १८०३९३ | ३८२ | ३७१२ | १०२३१ | ७९४५३ | ८२३ | ९०५०७ | ० | १४२७९ | १८९५९ | ५६६४८ | ८९८८६ | ६२१ | ४३३३ |
| | **सामाजिक विकास मन्त्रालय कूल जम्मा** | | **१९९५८१७** | **८२७०८** | **४४७०४** | **१३९४१६** | **५४५६२३** | **३५२६८०** | **१०३७७१९** | **२७३४०८** | **२२११८१** | **१८०४२८** | **२८३०८१** | **९५८०९८** | **७९६२१** | **१२४३२५** |

अनुसूची **- ५**

(प्रतिवेदनको परिच्छेद २ दफा ३.६ सँग सम्बन्धित)

## पेश्की बाँकीको विवरण

२०७६/७७

(रु हजारमा)

| **क.स.** | **मन्त्रालय र निकायको नाम** | **कर्मचारी पेश्की** | | **अन्य पेश्की** | | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **गतवर्षसम्म** | **यो वर्ष** | **गतवर्षसम्म** | | | **यो वर्ष** | | | |
| | | | | **मोविलाइजेशन** | **प्रतितपत्र** | **अन्य** | **मोविलाइजेशन** | **प्रतितपत्र** | **अन्य** | |
| १. | सरकारी कार्यालयतर्फ | ७७९८ | २५५२७ | ४६११२१ | ० | ११३३३२ | २३४०३२ | ० | ३४९९९० | ११९१८०० |
| २. | समिति तथा अन्य संस्थातर्फ | ९६९१ | १०४३१ | ० | ० | ३४८२ | ० | ० | ४०९० | २७६९४ |
| | जम्मा | **१७४८९** | **३५९५८** | **४६११२१** | **०** | **११६८१४** | **२३४०३२** | **०** | ३५४०८० | **१२१९४९४** |

अनुसूची - ६

(प्रतिवेदनको परिच्छेद २ दफा ३.७ संग सम्बन्धित)

## कूल असुली विवरण

२०७६/७७

(रु.हजारमा)

| क.स. | मन्त्रालय/निकायको नाम | कार्यालय संख्या | लेखापरीक्षणको दौरानमा | प्रारम्भिक प्रतिवेदन पठाएपछि | सम्परीक्षणको क्रममा | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| १. | सरकारी कार्यालयतर्फ | ३१ | ३५१९ | ४१६३ | १२०२ | ८८८४ |
| २. | समिति तथा अन्य संस्थातर्फ | १ | ७५० | ० | १०४८ | १७९८ |
| | जम्मा | **३२** | **४२६९** | **४१६३** | **२२५०** | **१०६८२** |

अनुसूची - ७
(प्रतिवेदनको परिच्छेद २ दफा ३.८ संग सम्बन्धित)

## अग्रिम कर कट्टि नगरेको समष्टिगत स्थिति

२०७६/७७

(रु.हजारमा)

| क्र.स. | मन्त्रालय/निकायको नाम | असुल गर्नुपर्ने | | असुल भएको | | असुल गर्न बाँकी रकम |
|---|---|---|---|---|---|---|
| | | कार्यालय संख्या | रकम | कार्यालय संख्या | रकम | |
| १. | सरकारी कार्यालयतर्फ | ३४ | ५७२९ | ० | ० | ५७२९ |
| २. | समिति तथा अन्य संस्थातर्फ | २ | १३४ | ० | ० | १३४ |
| | **जम्मा** | **३६** | **५८६३** | **०** | **०** | **५८६३** |

अनुसूची - ८

(प्रतिवदेनको परिच्छेद १ को दफा ७ संग सम्बन्धित)

## राजश्वको शीर्षकगत आम्दानी विवरण

२०७६/७७

(रु. हजारमा)

| राजश्व संकेत | राजश्व शिषर्क | रकम |
|---|---|---|
| ११३१५ | बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिस्ट्रेसन दस्तुर | ४५४०३० |
| ११४११ | बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५०२९६७२ |
| ११४२१ | बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क | १४९६६९९ |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | १६२ |
| ११६१३ | व्यवसाय, रजिष्ट्रेसन तथा व्यवसाय कर | ६१४२६ |
| १४१५१ | सरकारी सम्पतिको वहालबाट प्राप्त आय | ३३७ |
| १४१५७ | बाँडफाँटबाट प्राप्त दहत्तर, बहत्तरको विक्रीबाट प्राप्त आय | ६७७६७ |
| १४१७७ | घर जग्गा रजिट्रेसन दस्तुर | ४४२१०० |
| १४१७८ | सवारी साधन कर | ६१११५२ |
| १४१७९ | अन्य बाँडफाँट हुने राजश्व | २६४०० |
| १४२११ | कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | ७२२१ |
| १४२१२ | सरकारी सम्पतिको विक्रीबाट प्राप्त रकम | १४४ |
| १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | ५० |
| १४२१६ | निजी धारा शुल्क | ९४ |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री | १२३६७ |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | ९०१९२ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २९८०५ |
| १४२५३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | ५६१५१ |
| १४२५६ | चालक अनुमति पत्र सवारी दर्ता किताव दस्तुर | ३६३७७२ |
| १४२६४ | वन क्षेत्रकोअन्य आय | ८०४ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | १०७ |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ६०६ |
| १४३१३ | धरौटी सदरस्याहा | १२ |
| १५१११ | बेरुजु | ६३९१४ |
| १५११२ | निकासा फिर्ता | ६०५६ |
| १५११३ | अनुदान फिर्ता | १५६०९३ |
| १४१७१ | वन रोयल्टी | ९९६८ |
| ३३३४१ | सवारी साधन कर | ७५७७६० |
| ३३१५१ | वन रोयल्टी संकलन | ४११४९ |
| ३३३६१ | वन क्षेत्रको रोयल्टी | २३७३१ |
| | **जम्मा** | **९८०९७४१** |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (बक्यौता) | ३९२ |
| | **कूल जम्मा** | **९८१०१३३** |

अनुसूची - ९

(प्रतिवेदनको परिच्छेद २ दफा १ संग सम्बन्धित)

## सरकारी कार्यालयहरुको बेरुजु बर्गीकरण
## २०७६/७७

(रु. हजारमा)

| क्र.स. | मन्त्रालय र निकायको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फर्स्योट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | | |
| | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा | जम्मा |
| १. | प्रदेश व्यवस्थापिका संसद सचिवालय | १७ | १९ | ३१६८३ | ० | ० | ० | १७ | १९ | ३१६८३ | ४१२ | ३०३७९ | ८५२ | ० | ० | ३१२३१ | ४० | ० | ४० | ३१६८३ |
| २. | मुख्य न्यायधिवक्ताको कार्यालय | ८ | ० | ० | ० | ० | ० | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २२ | ३७ | २६४२४० | ० | १ | ७१३८१ | २२ | ३६ | १९२८५९ | ८७९ | ६९८७८ | १२२०९२ | ० | ० | १९१९७० | १० | ० | १० | १९२८५९ |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४१ | ३ | २०८१ | ० | ० | ० | ४१ | ३ | २०८१ | ० | २०८१ | ० | ० | ० | २०८१ | ० | ० | ० | २०८१ |
| ५. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २७ | २७ | ७७३९५ | ० | १ | २२४० | २७ | २६ | ७५१५५ | १०७० | ३५४१ | ६९६४४ | ० | ० | ७३१८५ | ९०० | ० | ९०० | ७५१५५ |
| ६. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २२९ | १३३ | १००७८५ | ० | १ | १२५० | २२९ | १३२ | ९९५३५ | ७१८० | १२६६९ | ७७६३८ | ० | ० | ९०३०७ | २०४८ | ० | २०४८ | ९९५३५ |
| ७. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १९० | १३१ | २३२३५१ | ० | ५ | ७५६६ | १९० | १२६ | २२४७८५ | ४७९१४ | ५४२३७ | ११९३०४ | ० | ० | १७३५४१ | २३३० | १००० | ३३३० | २२४७८५ |
| ८. | भौतिक पुर्वाधार विकास मन्त्रालय | ४६५ | ४३६ | ११६९८०९ | ० | १४ | १५४४१६ | ४६५ | ४२२ | १०१५३९३ | ८५३०५ | २९९४७३ | २९८२९८ | ० | ० | ५९७७७१ | ६७१९ | ३२५५९८ | ३३२३१७ | १०१५३९३ |
| ९. | सामाजिक विकास मन्त्रालय | १०२ | १६६ | ९१९६८ | ० | ६ | ११८३६ | १०० | १६२ | ८०१३२ | ८१९२ | १८३३८ | १६७३० | ० | ० | ३५०६८ | ११८८० | २४९९२ | ३६८७२ | ८०१३२ |
| १०. | प्रदेश नीति तथा योजना आयोग | ० | १ | ९८ | ० | ० | ० | ० | १ | ९८ | ० | ० | ९८ | ० | ० | ९८ | ० | ० | ० | ९८ |
| ११. | प्रदेश लोक सेवा आयोग, प्रदेश नं २, धनुषा | ० | १ | १४८९ | ० | ० | ० | ० | १ | १४८९ | ० | १४८९ | ० | ० | ० | १४८९ | ० | ० | ० | १४८९ |
| | **जम्मा** | **११०१** | **९५४** | **१९७१८९९** | **०** | **२८** | **२४८६८९** | **१०९९** | **९२८** | **१७२३२१०** | **१५०९५२** | **४९२०८५** | **७०४६५६** | **०** | **०** | **११९६७४१** | **२५५२७** | **३४९९९०** | **३७५५१७** | **१७२३२१०** |

**नोटः-** आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा प्रदेशको बजेट खर्च गर्ने संघीय कार्यालयको बेरुजु समेत समावेश छ।

अनुसूची -१०

(प्रतिवेदनको परिच्छेद २ दफा १ संग सम्बन्धित)

## आय-व्ययको कारोबार गर्ने अन्य संस्था तथा समितिको बेरुजु बर्गीकरण
## २०७६/७७

(रु. हजारमा)

| क.स. | मन्त्रालय र निकायको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फर्स्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | | |
| | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा | जम्मा |
| १. | विदेह मिथिला क्षेत्र प्रवर्द्धन विकास समिति, धनुषा | ० | १ | १२८ | ० | ० | ० | ० | १ | १२८ | ० | ० | १२८ | ० | ० | १२८ | ० | ० | ० | १२८ |
| २. | प्रादेशिक अस्पताल विकास समिति | १६ | २८ | ५५६२१ | ० | ० | ० | १६ | २८ | ५५६२१ | ७१६५ | १७८०५ | २११५० | ० | ० | ३८९५५ | ९५०१ | ० | ९५०१ | ५५६२१ |
| ३. | कलैया अस्पताल, बारा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | | ० | ० |
| ४. | लहान अस्पताल, सिराहा | ३ | ७ | ६१६४ | ० | ० | ० | ३ | ७ | ६१६४ | २०५ | ४२२३ | १७३६ | ० | ० | ५९५९ | ० | ० | ० | ६१६४ |
| ५. | सिराहा अस्पताल, सिराहा | ३ | ९ | ९२७४ | ० | ० | ० | ३ | ९ | ९२७४ | २८६० | १४७३ | ३९४१ | ० | ० | ५४१४ | | १००० | १००० | ९२७४ |
| ६. | जिल्ला अस्पताल जलेश्वर, महोत्तरी | ४ | ३ | १३७४ | | | | ४ | ३ | १३७४ | | | | | | ० | ३७४ | १००० | १३७४ | १३७४ |
| ७. | मलगवा अस्पताल, सर्लाही | २० | १५ | ९७६५ | ० | ० | ० | २० | १५ | ९७६५ | ५३४६ | २८४ | १४८९ | ० | ० | १७७३ | ५५६ | २०९० | २६४६ | ९७६५ |
| ८. | गौर अस्पताल, रौतहट | ७ | १ | ३८२ | | | | ७ | १ | ३८२ | | | ३८२ | | | ३८२ | | | ० | ३८२ |
| | **सामाजिक विकास मन्त्रालय कूल जम्मा** | **५३** | **६४** | **८२७०८** | **०** | **०** | **०** | **५३** | **६४** | **८२७०८** | **१५५७६** | **२३७८५** | **२८८२६** | **०** | **०** | **५२६११** | **१०४३१** | **४०९०** | **१४५२१** | **८२७०८** |

अनुसूची - ११

(प्रतिवदेनको परिच्छेद २ दफा २ संग सम्बन्धित)

## बेरुजु फस्योंट तथा सम्परीक्षणको अद्यावधिक विवरण

## २०७६/७७

(रु.हजारमा)

| क्र.स. | मन्त्रलाय/निकायको नाम | गत वर्षसम्मको बाँकी | सम्परिक्षण भएको | गत वर्षसम्मको बाँकी | यो वर्षको थप | हालसम्मको बाँकी बेरुजु | हालसम्मको बाँकी बेरुजुमध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|
| १. | सरकारी कार्यालयतर्फ | १९०३५५७ | १०२६९९ | १८००८५८ | १७२३२१० | ३५२४०६८ | ९५७७६८ |
| २. | समिति तथा अन्य संस्थातर्फ | ८६४५१ | ४०१० | ८२४४१ | ८२७०८ | १६५१४९ | २७६९४ |
| | जम्मा | **१९९०००८** | **१०६७०९** | **१८८३२९९** | **१८०५९१८** | **३६८९२१७** | **९८५४६२** |

अनुसूची १२

(प्रतिवेदनको परिच्छेद १ दफा ६ सँग सम्बन्धित)

## प्रदेश सरकारले संघीय कार्यालयलाई दिएको बजेट खर्च विवरण

२०७६/७७

(रु.हजारमा)

| मन्त्रालयको नाम | कार्यालयको नाम | | खर्च रकम | | |
|---|---|---|---|---|---|
| | | | चालु खर्च | पुजींगत खर्च | जम्मा |
| **आर्थिक मामिला तथा योजना मन्त्रालय** | १ | भुमि सुधार तथा मालपोत कार्यालय धनुषा | १०९५ | ० | १०९५ |
| | २ | भुमि सुधार तथा मालपोत कार्यालय रौतहट | १२९८ | ० | १२९८ |
| | | **जम्मा** | **२३९३** | **०** | **२३९३** |
| **सामाजिक विकास मन्त्रालय** | १ | विपि मेमोरियल पोलिटेक्निकल ईन्स्टिच्युट धनुषा | १८५३६ | ८४१ | १९३७७ |
| | २ | नारायणि उपक्षेत्रिय अस्पताल विरगंज पर्षा | ५४६ | ० | ५४६ |
| | ३ | जय किसान पोलिटेक्निकल ईन्स्टिच्युट रौतहट | १२८०० | ९२५ | १३७२५ |
| | ४ | लहान प्राविधिक शिक्षालय सिरहा | ३८०६२ | २०८ | ३८२७० |
| | ५ | गजेन्द्र नारायण सिंह सगरमाथा अन्चल अस्पताल सप्तरि | २४९४७ | ० | २४९४७ |
| | ६ | निर्मल लामा नमुना वहुप्राविधिक शिक्षालय महोत्तरी | १४११७ | ५४९१ | १९६०८ |
| | ७ | सन्त अल्पमाई नारायण नर्सिङ्ग कलेज सर्लाहि | १०३२४ | ११०० | ११४२४ |
| | | **जम्मा** | **११९३३२** | **८५६५** | **१२७८९७** |
| **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | १ | प्रदेश प्रहरी कार्यालय धनुषा | ० | १०८४४४ | १०८४४४ |
| | २ | सशस्त्र प्रहरी बल धनुषा | ६८४ | १४२६ | २११० |
| | ३ | जिल्ला प्रशासन कार्यालय धनुषा | ० | ९८५ | ९८५ |
| | ४ | जिल्ला प्रहरी कार्यालय धनुषा | ९९९ | २८४२६ | २९४२५ |
| | ५ | संघिय प्रहरी इकाई कार्यालय जनकपुर धनुषा | ४७४ | ० | ४७४ |
| | ६ | प्रदेश नं २ प्रहरी तालिम केन्द्र जनकपुर धनुषा | ५०० | ० | ५०० |
| | ७ | प्रदेश नं २ दंगा नियन्त्रण प्रहरी गण धनुषा | ५०० | ० | ५०० |
| | ८ | राष्ट्रिय अनुसन्धान प्रदेश नं २ कार्यालय धनुषा | ५०० | ० | ५०० |
| | ९ | प्रदेश नं २ सशस्त्र प्रहरी गण धनुषा | ५०० | ० | ५०० |
| | १० | जिल्ला कारागार कार्यालय रोतहट | १९८४ | २५८ | २२४२ |
| | ११ | जिल्ला प्रशासन कार्यालय रौतहट | ० | ५०० | ५०० |
| | १२ | जिल्ला प्रहरी कार्यालय रौतहट | ५०० | २४१७ | २९१७ |
| | १३ | जिल्ला कारागार कार्यालय सप्तरी | १८२६ | १८६९ | ३६९५ |
| | १४ | जिल्ला प्रशासन कार्यालय सप्तरी | ० | ९९६ | ९९६ |
| | १५ | जिल्ला प्रहरी कार्यालय सप्तरी | ५०० | ५०९२ | ५५९२ |
| | १६ | प्रहरि तालिम केन्द्र सप्तरी | ० | ५०० | ५०० |
| | १७ | जिल्ला कारागार कार्यालय सिरहा | २००० | ४०६ | २४०६ |
| | १८ | जिल्ला प्रशासन कार्यालय सिरहा | ० | ९८० | ९८० |

| | | | | | |
|---|---|---|---|---|---|
| | १९ | जिल्ला प्रहरी कार्यालय सिरहा | ३००० | १४७ | ३१४७ |
| | २० | जिल्ला ट्राफिक प्रहरि कार्यालय सिरहा | ० | ५०० | ५०० |
| | २१ | जिल्ला कारागार कार्यालय महोत्तरी | १९९४ | ३८२७ | ५८२१ |
| | २२ | सशस्त्र प्रहरी वल महोत्तरी | ६००० | ५०० | ६५०० |
| | २३ | जिल्ला प्रशासन कार्यालय महोत्तरी | ४४७ | ४९९ | ९४६ |
| | २४ | जिल्ला प्रहरि कार्यालय महोत्तरी | ५०० | ९८६६ | १०३६६ |
| | २५ | सशस्त्र प्रहरि वल नेपाल नं २ छिन्नमस्त वाहिनि महोत्तरी | ० | ३१०० | ३१०० |
| | २६ | जिल्ला प्रहरि कार्यालय सर्लाही | ५०० | ६८१३ | ७३१३ |
| | २७ | जिल्ला ट्राफिक प्रहरि कार्यालय सर्लाही | ० | ४९२ | ४९२ |
| | २८ | जिल्ला प्रशासन कार्यालय वारा | ० | ९८३ | ९८३ |
| | २९ | जिल्ला प्रहरी कार्यालय वारा | ५०० | ० | ५०० |
| | ३० | जिल्ला ट्राफिक प्रहरी कार्यालय वारा | ५०० | ५०० | १००० |
| | ३१ | जिल्ला कारागार कार्यालय पर्षा | ५०० | ५५६ | १०५६ |
| | ३२ | जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्षा | ० | ५०० | ५०० |
| | ३३ | जिल्ला प्रहरी कार्यालय पर्षा | ५०० | ६८१ | ११८१ |
| | ३४ | प्रदेश नं २ विपत गुलुम विरंज | २०० | ० | २०० |
| | | **जम्मा** | **२५६०८** | **१८१२६३** | **२०६८७१** |
| **उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय** | १ | वृहत्तर जनकपुरक्षेत्र विकास परिषद् | ११९५७२ | १००० | १२०५७२ |
| | | **जम्मा** | **११९५७२** | **१०००** | १२०५७२ |
| | | **कुल जम्मा** | **२६६९०५** | **१९०८२८** | **४५७७३३** |

अनुसूची - १३

(प्रतिवेदनको परिच्छेद - २ दफा ३.१ सँग सम्बन्धित)

## लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको वेरुजु स्थिति

## २०७६/७७

| क्रस. | मन्त्रालय/निकायको नाम | लेखाउत्तरदायी अधिकृतको नाम | अवधि | | लेखापरीक्षण रकम | आ.व.२०७६/७७ को कूल वेरुजु | ले.प अंकको तुलनामा वेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| १. | प्रदेश व्यवस्थापिका संसद सचिवालय | सचिव श्री रंजितकुमार यादव | २०७६/४/१ | २०७७/३/३१ | ४१०७८६ | ३१६८३ | ७.७१ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रमुख सचिव श्री दिपक सुवेदी | २०७६।०४।०१ | २०७६।०८।०३ | ९०७६७६ | १९२८५९ | २१.२४ |
| | | प्रमुख सचिव श्री राम कृष्ण सुवेदी | २०७६।०८।०४ | २०७७।०१।०३ | | | |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | सचिव श्री प्रेमकुमार श्रेष्ठ | २०७६।०४।०१ | २०७७।०३।३१ | १२१५०७ | २०८१ | १.७१ |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सचिव श्री कृष्णहरि पुष्कर | १५/०५/२०७६ | ३१/०३/२०७७ | ४४८२६६ | ७५१५५ | १६.७७ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सचिव श्री नवराज काफ्ले | ०१/०४/२०७६ | ०१/०६/२०७६ | २२१३५४३ | ९९५३५ | ४.५० |
| | | प्रदेश सचिव श्री पेम नारायण कंडेल | ०२/०६/२०७६ | ३१/०३/२०७७ | | | |
| ६. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सचिव डा. विजय चन्द्र झा | ०१/०४/२०७६ | २०/०५/२०७६ | १२५७७९७ | २२४७८५ | १७.८७ |
| | | प्रदेश सचिव डा. गोविन्द प्रसाद शर्मा | २२/०५/२०७६ | १५/०१/२०७७ | | | |
| | | प्रदेश सचिव | ३१/१/२०७७ | ३१/०३/२०७७ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | डा. विमल कुमार निर्मल | | | | | |
| ७. | भौतिक पुर्वाधार विकास मन्त्रालय | सचिव श्री पुस्करनाथ घिमिरे | २०७६।०४।०१ | २०७६।०८।१३ | १०९४६४६५ | १०१५३९३ | ९.२७ |
| | | सचिव श्री राजेन्द्रप्रसाद खनाल | २०७६।०८।३० | २०७७।०३।३१ | | | |
| ८. | सामाजिक विकास मन्त्रालय | सचिव श्री तेजराज पाण्डे | २०७६।०४।०१ | २०७६।०४।२९ | २३३९४०१ | ८०१३२ | ३.४३ |
| | | नि. सचिव श्री दिलिप कुमार ठाकुर | २०७६।०४।३० | २०७६।०५।२१ | | | |
| | | सचिव श्री भरतमणि सुवेदी | २०७६।०५।२२ | २०७६।१२।०७ | | | |
| | | सचिव श्री रामप्रसाद घिमिरे | २०७६।१२।१२ | २०७७।०३।२५ | | | |
| | | नि सचिव श्री दिलिप कुमार ठाकुर | २०७७।०३।२६ | २०७७।०३।३१ | | | |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | श्री ऋद्धिनाथ निरौला | २०७६।०४।०१ | २०७६/०७/२१ | ३४५२८ | ० | ० |
| | | श्री शान्ता लामा वाइवा | २०७६/०७/२२ | २०७६/०८/२६ | | | |
| | | श्री राजेन्द्रवहादुर बस्नेत | २०७६/०९/०८ | २०७७।०३।३१ | | | |

प्रदेश सरकार

प्रदेश लेखा नियन्त्रक कार्यालय

आ.व. २०७६/७ को प्रारम्भिक आर्थिक प्रतिवेदन

प्रदेश नं. २ [illegible]

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क.सं. | विवरण | रकम रु | क.सं. | विवरण | रकम रु |
| १ | [illegible] | [illegible] | १ | [illegible] | [illegible] |
| २ | [illegible] | | | [illegible] | [illegible] |
| | राजस्व तथा अनुदान | [illegible] | | [illegible] | [illegible] |
| | राजस्व | [illegible] | | [illegible] | [illegible] |
| | [illegible] | [illegible] | | [illegible] | [illegible] |
| | अनुदान | [illegible] | | [illegible] | [illegible] |
| | [illegible] | [illegible] | | [illegible] | [illegible] |
| ३ | वित्तीय व्यवस्था | [illegible] | २ | वित्तीय व्यवस्था | [illegible] |
| | [illegible] | [illegible] | | [illegible] | [illegible] |
| | [illegible] | [illegible] | क | [illegible] | [illegible] |
| | [illegible] | [illegible] | ख | [illegible] | [illegible] |
| | [illegible] | [illegible] | ग | [illegible] | [illegible] |
| | [illegible] | [illegible] | घ | [illegible] | [illegible] |
| | [illegible] | [illegible] | ङ | [illegible] | [illegible] |
| | [illegible] | [illegible] | च | [illegible] | [illegible] |
| | [illegible] | | छ | | [illegible] |
| | [illegible] | | ३० | [illegible] | [illegible] |
| | [illegible] | [illegible] | | [illegible] | [illegible] |

प्रदेश लेखा नियन्त्रक

## आर्थिक विवरण साथैका टिप्पणी तथा मान्यताहरु

क. खर्च तर्फः

१.खर्च रकमहरु प्रदेश नं.२ प्रदेश आर्थिक कार्यविधि ऐन २०७५ को दफा २१ बमोजिम प्रदेश सरकारले अपनाएको नगदमा आधारित लेखा प्रणालीका सिद्धान्त अनुरुप तयार गरिएका छन् ।

२. खर्चको रकमहरु बजेट शिर्षकको कम अनुसार तयार गरिएका छन् ।

३ खर्चका रकमहरुमा पेश्की गएकोरकम पनि समावेश छ ।

४. आय-व्ययको विवरणमा देखाइएको रकम बैंकबाट प्राप्त सरकारी कारोबार फाराम (बैंक स्टेटमेन्ट) संग भिडान गरिएको रकम हो । नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरिएको हुदाँ बैंक स्टेटमेन्ट अनुसार र राजश्वको नगद मौज्दातको रकम मात्र आर्थिक विवरणमा समावेश गरिएको छ ।

५.स्थानीय तह तथा अन्य सरकारी एवं गैर सरकारी नियकाहरुलाई गएको अनुदान रकमको निकासालाई नै खर्च कायम गरिएको छ ।

६. खर्चका रकमहरुको प्रदेश लेखा इकाई कार्यालयहरुबाट प्राप्त प्रमाणित आर्थिक विवरण तथा प्रदेश एकल कोष खाता (P-TSA) बाट प्राप्त तथ्याङ्का आधारमा तयार गरिएको छ । यो प्रतिवेदन तयार गर्ने अवधि सम्म सम्बन्धित मन्त्रालयबाट केन्द्रिय आर्थिक विवरण प्राप्त नभएकोले सो को भिडान गरिएको छैन ।

७. सरकारी कारोवार गर्ने बैंकका जिल्ला स्थित शाखाबाट संकलन गरी प्रदेश लेखा इकाई कार्यालयहरुले प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरेको बैंक विवरण संग भुक्तानी भएको रकम भिडान गरीएको छ । सम्वन्धित बैंकका केन्द्रिय र प्रादेशिक कार्यालयहरुबाट भुक्तानी भएको एकिकृत विवरण प्रप्त भएकोले सो संग भिडान गरिएको छ ।

८. संघीय संचितकोषबाट खर्च हुने गरी प्रदेश सरकार अर्न्तगतका कार्यालयबाट भएको खर्च यस आर्थिक विवरणमा समावेश गरिएको छैन ।

ख. आय तर्फः

१.प्रदेश नं.२ प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २१ बमोजिम प्रदेश सरकारले अपनाएको नगदमा आधारित लेखा प्रणाली अनुसार प्रदेश एकल कोष खाता प्रणाली, राजश्व व्यवस्थापन सुचना प्रणाली (RMIS), प्रदेश लेखा इकाई कार्यालयले पेश गरेको विवरण, नेपाल राष्ट्र बैंक र सरकारी कारोबार गर्ने बैंकबाट तथ्याङ्कको आधारमा आयको विवरण तयार गरिएको छ ।

२. राजश्वको लेखांकन गर्दा RMIS मा जम्मा देखिएका रकमलाई आधार मानी सञ्चितकोषमा आम्दानी जनाइएको छ । महालेखा नियन्त्रक कार्यालयले RMIS मा देखिएका सबै रकम प्रदेश सञ्चितकोषमा पठाइएको छैन । यसलाई पुष्टि गर्नेगरी बैंक हिसाव मिलान विवरण तयार गरी पेश गरिएको छ । यदि महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त हुने बाँकी देखिएको रकम परिवर्तन भएमा अन्तिम प्रतिवेदन तयार गर्दा आर्थिक विवरण संशोधन गरी पेश गरिनेछ ।

13

प्रदेश लेखा नियन्त्रक

३. कर राजश्व तर्फ एकिकृत आर्थिक संकेत तथा वर्गीकरण अनुसार राजश्व व्यवस्थापन सुचना प्रणालीमा अन्य गैर कर राजशेवहरु १४००० शिर्षकमा र बेरुजूलाई १५१०० मा देखाइएको छ ।

४. अनुदान तर्फ नेपाल सरकारको कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषा मार्फत सञ्चितकोषमा वित्त हस्तान्तरण गरेको समानीकरण, समपुरक, सशर्त र विशेष अनुदानलाई आम्दानी देखाइएको छ ।

ग. विभाज्य कोषः

१.एकिकृत आर्थिक संकेत तथा वर्गीकरण अनुसार राजश्व व्यवस्थापन सुचना प्रणालीमा ३३३४१ सवारी साधन कर शिर्षकमा जम्मा देखिएको रकमलाई आम्दानी देखाइएको छ । यस शिर्षकमा असुल भएको रकम मध्ये अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार ६० प्रतिशत प्रदेश सञ्चितकोषमा र ४० प्रतिशत प्रदेश नं.२ मा १३६ वट स्थानीय तहहरुमा बाडफाँड गरी पठाईएको छ । प्रदेश सञ्चितकोषमा ट्रान्सफर गरिएको रकमलाई मात्र प्रदेश सरकारको सञ्चितकोषको आर्थिक विवरणमा राजश्व आयकव रुपमा समावेश गरिएको छ ।

२. राजश्व व्यवस्थापन सुचना प्रणालीमा आम्दानी भएको तर प्रदेश सञ्चित कोष तथा स्थानीय सञ्चितकोषमा ट्रान्सफर गर्न बाँकि रहेको रकमलाइ विभाजेय कोषको आर्थिक विवरणमा मौज्दातको रुपमा देखाएको छ ।

३. राजश्व व्यवस्थापन सुचना प्रणालीमा ३३३४१ सवारी साधन कर शिर्षकमा आम्दानी देखिएका सबै प्रदेश विभाज्य कोषमा ट्रान्सफर भइसकेको छ । यसलाइ पुष्टि गर्ने गरी बैंक हिसाव मिलान विवरण तयार गरी पेश गरिएको छ ।

४. प्रदेश सरकार अर्न्तगतका कार्यालयहरुले संघीय विभाज्य कोष र संघीय सञ्चितकोषमा जम्मा हुने गरी असुल गरेको राजश्व यस आर्थिक विवरणमा समावेश गरीएको छ ।

प्रदेश लेखा नियन्त्रक